

श्री ५ महाराजा धिराज

# प्रगति

नेपाली मासिक साहित्य-संकलन

अंक : १

सम्पादकः नारायणप्रसाद बाँसकोटा

# प्रगति

सम्पादक—

नारायण बाँसकोटा

[ १ ] नेपाली प्रगतिशील साहित्य संकलन [ अङ्क १

## सूची


| | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १ | भरियाले भारी उचाल्यो | लक्ष्मीप्रसाद देवकोटा | १ |
| २ | पहाड़ी झरना | माधवप्रसाद घिमीरे | ५ |
| ३ | मतवाला | ओकिउयामा गिन | ७ |
| ४ | नयाँ गीत | श्यामदास | १० |
| ५ | आमासँग | श्री धर्मराज थापा | १२ |
| ६ | प्रगति | लेखनाथ | १४ |
| ७ | नयाँ इतिहासको प्रारम्भ | भिक्षु | २३ |
| ८ | अम्बा | बदरीनाथ भट्टराई | ३५ |
| ९ | काथर | शंकरप्रसाद | ४१ |
| १० | कला चिन्ने को ? | केशवराज पिंड़ाली | ४६ |
| ११ | चिठ्ठी | तारिणीप्रसाद कोइराला | ४९ |
| १२ | उद्यम | पूर्णबहादुर एम० ए० | ७५ |
| १३ | नारी-स्वातन्त्र्य | रत्नध्वज जोशी | ८४ |
| १४ | टुप्पी मासिंदैछ | श्री वीरेन्द्र | ९१ |
| १५ | भतेर | बालकृष्ण सम | ९८ |
| १६ | उमरखैयामका केही रुबाई | श्रीनारायणप्रसाद बाँसकोटा | १२० |
| १७ | इलियटको काव्यगत अव्यक्तिवाद | नगेन्द्र | १२६ |
| १८ | आँशु | शिद्धिचरण | १३८ |
| १९ | सम्पादकीय | | १४४ |
| २० | प्रजातंत्रोत्तर नेपाली साहित्यमा शिथिलता | श्रीईश्वर बराल | १४८ |

आधुनिक कलापूर्ण सुन्दर

तथा

सस्तो छपाईको लागी

एकपल्ट

# नरेन्द्र यन्त्रालय

## ६५ दूधविनायक, बनारस-१

को

परीक्षा अवश्य गर्नुहोला ।

यहाँ हरप्रकारको

छपाईको

काम

मनोनुकूल

र

समयमा

हुन्छ ।

# प्रगति

सम्पादक—
नारायण बाँसकोटा

[वर्ष] १ ] नेपाली प्रगतिशील साहित्य संकलन [ अङ्क १

## भरियाले भारी उच्यालो !

( श्री लक्ष्मीप्रसाद देवकोटा )

भरियाले भारी उचाल्यो………

एक-खड्-खड् ढुङ्गे पथमा—
चोसेमोसे, दुश्मन, शानी,
बिलकुल अनामंत्रक र ठाड़ो
कंटकाऽऽवृत शीत कुर्वानी;
अजङ, राकस, तानाशाही,
चिर-समुच्छ्रित, गगनचुंबी
तुषारताजी शिखर जाने—
तर्साहटले राज्य गर्ने

कुइरो डम्मी–यस्तो शिखरतिर ठाड़ो जाने ढुङ्गे पथमा
पहाड़को त्यो निम्न स्तरमा
भोक, प्यास औ आशाको भरमा········
गरी प्रतिज्ञा आरोहणको
नाम्लो निधारमा चट्ट डाल्यो—

भरियाले भारी उचाल्यो !

३ अरूहरूका पाप–बोझ
चाहनाका ढेर भारी
पथ छ यस्तो क्लेशकारी
दाम्लो विचारको बलियो बटारी
दी ललाटमा डाम भारी
आधिनङ्गा, आधि भोको, नित्य प्यासा
गरी प्रतिज्ञा चढ़न खासा
म हराएँ सुरसुर उक्ली;
चढ़ें–गिरेको चेत नपाई,
लाखौं जेल मेल और घुमाई—
बिची हाँपी,
डरले काँपी········
मेरो शिखर आएन कहिल्यै
कुइराले छाड़ेन आँखा
केही चीजले उच्चताको

तरफ चढ़दा नित कहाली
भञ्ज्याङ्ले अझ दूरै बसाल्यो
भरियाले भारी उचाल्यो

हामी बोझा थपिरहेछौं
संसारमा अरूहरूमा·········
आफ्नै वजनको भार थप्छौं
गरी प्रतिज्ञा बोक्न अरूमा
भारीतारी यस मरुमा
खोक्ने कबूलले जगतलाई
उल्टो गाल्यो·········
भरियाले भारी उचाल्यो !

नङ्गापनको साधु छाती
खुला छ यसको उकालामाथि
वेदनाको खोज्छ ज्याला
केवल इन्द्रिय राख्न आला,
सेवा यसको वेद खालि
पढ्छ के यो पुराण जाली !
खस्रो चीजको स्वर्ग यसको
विजय इच्छा प्रकृत रसको
पुग्छ भंज्याङ् संगीनको जव

मुक्ता-सुन्दर भाल-गौरव
शिखर चिडिया बोल्छ दिलको
एक पलको मधुर मुल्को·········
हेर ! फूर्ति ! क्या निकाल्यो
भरियाले भारी उचाल्यो !

संभावना मृत मानव यसका,
उपर अंधा क्रूर रसका
अरू विदेशी नेपाली नामा
बाञ्छन् पशुसंग झैं शुकामा·········
यसको यो अनिवार्य सेवा
पाउँछ पहेंलो कुराउने मेवा
यो तीन मोहोरको प्रकृति-विजयी
यो भटमासको भीम भीषण
यसको आँखामा छ सारा
मानवताको कविता-धारा
यो देवतालाई पशु भन्छन् सारा ।
क्या दिव्यता को ढंग निकाल्यो·········
भरियाले भारी उचाल्यो !

# पहाड़ी झरना

श्री माधवप्रसाद घिमीरे,

हामी पर्वतका कुमार हिममा खेली सुतेका थियौं
आयो बादल गर्जिएर सहसा ग्रीष्मान्तमा ब्यूँ झियौं,
देखी विश्व विशाल उच्च चुचुराबाटै उठी कुर्लियौं,
हाम्फालीकन उर्लिंदै लहरमा, मैदान मा ओर्लियौं ॥

( १ )

हामीलाई समातिराख्न घरमा सक्तैन कोही पनि,
यात्रा जोखिमको लियौं जुन लियौं रोकिन्न कैल्ये पनि,
खाई ठक्कर ठेस विघ्नहरूका चट्टानमा भिड्दछौं,
हामी चूर्ण विचूर्ण भैकन पनी हाँसेर नै हिंड्दछौं ॥

( २ )

गर्छौं कुल्बुल कुञ्जभित्र छविका छायाँ नचाईकन
हाम्फाल्छौं भिरबाट इन्द्र धनुको माला लगाईकन,
हामी जाँगरका जुहार हँसिला उल्लासका लुर्कन,
हाम्रै खल्बलमा गुँजेर जिउँदा छन् खेत, पाखा, बन ॥

( ३ )

देखी शोषण भीष्म ग्रीष्म ऋतुको हामी रिसायौं जब,
फैलाएर जटा महाघनघटा मचाउँछौं ताण्डव,
छङ् छङ् छङ् छहरा बजाई पहरा पाहाड़ थर्काउँछौं,
लत्याई कमजोर सृष्टि पहिरा हालेर हुत्याउँछौं ॥

( ४ )

पाकी धान जसै किनार दुइटै हुन्छन् पहेंलैपुर,
मानी चाड़ रमाउँछन् जब सयेपत्री फुलेका घर,
हाँस्छिन् निर्मल चाँदनी दश दिशा चैतन्य चोबीकन,
हामी स्वर्ग नचाउँछौं लहरमा तानेर तारागण ॥

( ५ )

हामीलाई झुराउलिन् हिम चुली, हेर्दा हुनन् टाकुरा,
हेर्दैनौं पछि फर्किएर कहिल्यै, विश्रामको के कुरा !
छाँया ज्योति नचाउने लहरका छन् प्रेरणा सुन्दर
सच्चा जीवन हो नअड्नु बँहदै जान्छौं महासागर ॥

( ६ )

हामी सागरमा पुगेर पनि ता फर्का यहीं आउँछौं,
वर्ला बादलबाट शैल बनमा मैदानमा गाउँछौं,
यो आलिङ्गन प्रेमको लहरमा छुट्‌तैन कैल्यै पनि,
हाम्रो जीवनको प्रवाह भवमा टुट्‌तैन कैल्यै पनि ॥

---

# मतवाला

—श्री ओकिठथामा ग्विन—

आज म भएँ मतवाला
मद्य मांस अनि नारी
मेरो वासनामा बटारी-बटारी
आवृत्त गऱ्यो जीवनको छाना ।
यो मेरो जीवनको "आदि"
राखेछु भरी
अनादिकालदेखि
शून्य भएको
सुरापात्रमा जति
अनि मेरो नारीको नग्न छातीमाथि
सुरास्नात यो शिर राखी
मासुको टुक्रा टोकी
रहेछु उगाई
सुरा-गन्धमय सुस्केरा जति ।
मेरो नारी—
विश्व प्रकृति
यो मासु—
मेरो हियो
अनि यो सुरा—
मेरो वक्षबाट
निस्सरित
अनन्त प्रेरणा;

तर म—
एक सामान्य, तुच्छ, अलिकति
यो माटोको धरणीमाथि
जाग्यो जति हरियो हँसी
उसकै एक विगत प्रभा
मानव मेध-यज्ञमा
अपरिपूर्णताले भरा
मात्र एक नगण्य आहुति,
जो हँसी गएछ मिसि
आकाशको त्यो मरण नीलिमा माथि
हँसीकै त्यो अलि कति हँसी
आज रहेछ बन्दी
मेरो यो मृत—
—वक्ष
—माथि
पाएर एक जीवन्त समाधि ।
त्यही आज मेरो प्रेयसीको
अधर माथि
उठेछ बजी—
हा : ! हा : ! हा : ! हा : !
हा : ! हा : ! हा : ! हा : !
यो जीवनको करुण प्रवाह
नीरवताले लहरी खाँदी गयो बही
नाउ मेरो त्यसैमाथि
बोकीकन शून्य पण्यराशि
गएछ भासी ।

आ: मेरो विधुरा नारी !
  अब दिएँ हाली
  पिऊ यो रक्त-सुरा—
      निचोरी-निचोरी राखेछु भरा
  जीवनको पात्र मेरो,
    आफ्नू वक्षबाट
  टुक्रा-टुक्रा यो
    मेरो यो हियोको मासुसित
      आजको रातीको लागि शेष बार
        ग्रहण गर ;
आऊ अब हामी दुइ जना
  नाचौं एक नग्न नृत्त
      भईकन घोर मतवाला ।
आऊ अब दिन भरीं
  यो माटोको धरणी
      हाँसी एक हाँसो—धिक्कार भरा
      हा: ! हा: ! हा: ! हा: !
अनि तब
  धरणीको माटोमा
  जीवन मरण
    दुइ कुममाथि
      म दिनेछु राखी
        मेरो दुइ आँखाबाट
          विगलित आँसुको
            दुइवटा थोपा ।

# नयाँ गीत !

—श्यामदास,

भो पुरानो गीत नगाऊ !

( १ )

थोत्रो रुन्चे कला अलाप्दै,
हुती-हीन भै सड़ी बिलाप्दै
रूढीवाद अँगालो हाली
अन्धकारले आँखा टाली

भरी निराशावाद नल्याऊ,
भो पुरानो गीत नगाऊ ।

( २ )

जीवनलाई जड़ झैं ठानी
झुट्टा सारा दुनिया ज्ञानी
अकर्मण्यता अपनाएर
होश तजी हिम्मत हारेर

बक-वेदान्ती बनी नआऊ,
भो पुरानो गीत नगाऊ

( ३ )

भाग्यवादको झूठो जाल,
भ्रममा रुमली भै बेहाल,
लिई पलायनवाद गुमेर,
जीवन व्यर्थ गरी फ्याँकेर,

कायरताको मत न फिंजाऊ
भो पुरानो गीत नगाऊ।

( ४ )

यस्तो स्वर गुंजाऊ गायक—
जड़ता, पन्छी, हुन सब लायक,
नयाँ प्रेरणा दिएर युगको,
नयाँ चेतना दिएर जगको,

नयाँ दिई सन्देश जगाऊ,
भो, पुरानो गीत नगाऊ !

# आमासँग

( श्री धर्मराज थापा )

म भात खान्न ए आमा, उम्काइद्यौ घरका जहान

नेपालका सीधा-साधा उस्तै छन भने
पहाड़का गोरेटा ती उस्तै छन भने
हक लाग्ने बोली बोल्दा धक लाग्छ भने
अन्यायमा न्याय पर पर हुन्छ भने
म भात खान्न ए आमा, उम्काइद्यौ घरका जहान

ऋण लाग्यो तिर्छु भनी नेपालका छोरा
विदेशिए कति कति हुँदै कर्महारा
जोश झिके होश नपाइ ध्यान दिए भने
आजसम्म फर्का यतै आएनन् ती भने
म भात खान्न ए आमा, उम्काइद्यौ घरका जहान

दशनंम्री खियाएर जल्ले गऱ्यो काम
उही सुत्छ पाटीभित्र भोकै हरे राम !
हुन्छ धनी अर्कै उसको पसीनाको मूलमा
बसिखाने किरा लाग्छ हृदयको फूलमा
म भात खान्न ए आमा, उम्काइद्यौ घरका जहान

भिखारीले भीख माग्यो पाएन के भीख ?
झिंगा भन्काइकन सुत्यो सड़कको बीच
सुनें मैले चिच्याहट आधीरात पनि
भोकै मऱ्यो भीखमङ्गा पल्टी रुख मनि
म भात खान्न ए आमा, उम्काइद्यौ घरका जहान

नचाहिंदो होहल्लामा जानलाग्यो भने
आपसमा हानालुछी गर्न थाल्यो भने
साहित्यको चिल्लो पात वैली झर्‍यो भने
राजनीति दूरगन्धी बाढ़ी चल्यो भने
म भात खान्न ए आमा, उम्काइयौ घरका जहान

विदेशीको सामु हाम्रो गिर्छ शिर भने
हिमालका चुचुरा नै निहुरन्छन् भने
स्वदेशको मानवता बेच्नुपर्‍यो भने
मातृभूमि विदेशीको हात पर्‍यो भने
म भात खान्न ए आमा, उम्काइयौ घरका जहान

जिन्दगीको भर छैन आए पनि काल
एक बाजी जुर्मुराई उठ्छ नयपाल
शासक र शोषकले होश राख्नुपर्‍यो
स्वदेशको निम्ती ज्यानको आश मार्नुपर्‍यो
म भात खान्न ए आमा, उम्काइयौ घरका जहान

जुन दिन अशिक्षाको बाँध फूटाऔंला
त्यही दिन पृथिवीको भार बिसाऔंला
जुन दिन सौन्दर्यको खोला बहाऔंला
त्यही दिन घर-घरै दीप जगाऔंला
म भात खाउँला हे आमा, उम्काउँला देशैका जहान

# प्रगति

लेखक—लेखनाथ

( १ )

प्रगति-प्रेमी हृदय छ मेरो
हेरिरहेंछु सबको प्रगति ॥

देव र दानव दुइ दललाई
विकट विरोधी मल्ल बनाई
जुगजुग चर्को कुस्ति लड़ाई
विधिले भारी गऱ्यो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २ )

जलचर, थलचर, नभचर सारा
जीवजन्तुको जीवन--धारा
पिउँदै मानिस धर्म--पुकारा
गर्दछ, उल्टो कस्तो प्रगति !! ॥ प्रगति-प्रेमी० ॥

( ३ )

सब समताको लिन्छन् नाम,
तर असमानै सबको काम ।
भवमा होला त्यो कुन ठाम ?
जसमा समता गरोस् प्रगति ॥ प्रगति-प्रेमी० ॥

( ४ )

तिम्रो हात्ती, त्यसको बोको
उस्को मोटर मेरो डोको
अदला - बदली गर्ने धोको
छँदाछँदै के होला प्रगति ? ॥ प्रगति-प्रेमी० ॥

( ५ )

तिम्रो दुकुटी मेरा लागी
मैले माग्दा कत्ति नजागी
जब खोलौला साँचो मागी
अनि पो होला सच्चा प्रगति ॥ प्रगति-प्रेमी० ॥

( ६ )

तिम्रो भाँडो, मेरो पानी,
चामल तिम्रै हाले नानी !
सब सजियाँ भो भन्ने बानी
नछुटी होला कसरी प्रगति ? ॥ प्रगति-प्रेमी ॥

( ७ )

हाम्रो जीवन उड्दो चङ्गा
चुँडिना-साथै बालक नङ्गा ॥
धागो लुट्छन्, गर्छन् दङ्गा
मुसुमुसु हाँस्तछ तिनको प्रगति ॥ प्रगति-प्रेमी० ॥

( ८ )

केवल पसिना झार्छन् लाटा
त्यो तर मार्छन् मसिना बाठा ॥
यो सब नबुझे लाग्दछ घाटा,
चारै जुगको यै हो प्रगति ॥ प्रगति-प्रेमी०॥

( ९ )

बाठो इँग्लिश जाति शिकारी
उसले भारत-गैंडा मारी
रगत पुऱ्यायो सागर पारी
उपियाँ फड्क्यो, गऱ्यो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १० )

कयै जान्दैनन् धोतीवाला
थोरै दिनमा उठ्छ दिवाला ॥
भन्नेहरुका मुख छन् काला,
भारत अब के गर्ला प्रगति !! ॥ प्रगति-प्रेमी० ॥

( ११ )

लड़के लेंगे हिन्दुस्तान
भन्दै गर्दै गर्व गुमान ॥
छुट्ट भयो त्यो पाकिस्तान
शरणार्थीको गऱ्यो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १२ )

ध्वंसक लीला बहुत कड़ा भो
भनी सुरक्षा-समिति खड़ा भो ॥
अब त्यै गुटबन्दी अखड़ा भो
छिटो-छिटो भो अकैं प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १३ )

बर्लिन हान्दा अमेरिकाको
रसिया सँगको मैत्री पाको ॥
फिर काँचो भो, बाल्यो राँको
कस्तो अन्धो स्वार्थी प्रगति ? ॥ प्रगति-प्रेमी ॥

( १४ )

केवल इंग्लिश अमेरिकाको
पाउ समाती छोड़ी डाँको ॥
रोदन गर्ने फ्रान्स चनाखो
हिन्द-चीनमा गरोस् प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १५ )

नागासाकी हिरोसिमामा
एटमबमको विकट धुवाँमा
लाखन मर्दा, अमेरिकामा
घर घर नाच्यो नङ्गा प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १६ )

सब चिनियाँको शासनकारी
पाँच बड़ामा एक विचारी
च्याङ्को अहिले सागर पारी
फारमोसामा पुग्यो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १७ )

वीर लडाकू जर्मन जाति
उस हिटलरको पुछर समाती,
उक्रन खोज्यो ज्यादा माथी
गिऱ्यो धरामा, गऱ्यो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १८ )

इलमी बिचरा सब जापानी
दुर्मति तोजो मन्त्री छानी ॥
डुबे विपदमा जानी-जानी
पुग्यो रसातल तिनको प्रगति ॥ प्रगति-प्रेमी० ॥

( १९ )

भन्छन् स्टालिन मोलोटोब
साम्यवादमा जगतै चोब ॥
मनमा यसको नरहोस् खोब
हुन्छ त्यसैले सबको प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २० )

निर्धा नार्वे, इटली, टर्की
थर थर काँपी वर्की-फर्की
अमेरिकाको हेर्छन् थर्की
मुखले भन्छन् गर्छौं प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २१ )

चीन भयो रे हमलावार
अमेरिकी बम मद्तगार ॥
राष्ट्रसंघको धन्य विचार
हाय ! कोरिया !! भोगिस् प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २२ )

सकल चीनमा क्रान्ति-तरङ्ग
भर्ने विजयी माउत्सेतुङ्ग ॥
टप्प मिले अब रसियासङ्ग
अब गर्ने हुन् कस्तो प्रगति ? ॥ प्रगति-प्रेमी० ॥

( २३ )

घाँटी कस्ने हुकुमी राज
शये वर्षको तोड़ी आज
नेपालीले फाले लाज
हेरूँ कस्तो गर्छन् प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २४ )

लड्दा भिड्दा संकट बाधा
हामि सबैले भोग्यौं ज्यादा
शासन केवल पायौं आधा
कातरपनले गऱ्यो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २५ )

राजालाई लाई किस्ता
शये वर्षतक अरुले पिस्ता ॥
पिसिने अन्धा दुनियाँ कस्ता ?
कस्तो दासत्वको प्रगति ? ॥ प्रगति-प्रेमी० ॥

( २६ )

दश दिन अघिका शोषक हामी
अब बनि-हाल्यौं पोषक नामी
अब फिर गर्छौं किन बदनामी ?
अवसरवादी यै हो प्रगति ॥ प्रगति-प्रेमी० ॥

( २७ )

दुनियाँ खान्छन् आधा पेट
हामी टेनिस, तास, बिलेट ॥
खेल्छौं, क्लबमा गर्छौं भेट
यति चाँडै भो कत्रो प्रगति !! ॥ प्रगति-प्रेमी० ॥

( २८ )

यै खाड़ल हो सब नेपाल
गर्नूपर्दछ यसकै ख्याल ।।
बाहिर बस्छन् नरकङ्काल
त्यसमा कसरी गर्ने प्रगति ! ।। प्रगति-प्रेमी० ।।

( २६ )

उड्यो हवामा धुवाँ खरानी
तल-तल दगुर्‍यो बहँदो पानी ।।
मुलुक भिरालो, चिप्लो बानी
टिक्दछ कसरी हाम्रो प्रगति ? ।। प्रगति-प्रेमी० ।।

( ३० )

भोका भरिया भारीबोका
भोकै बोकून् खर्पन डोका ।।
चतुर चमेरा पारून् पोका
वास्तव, यै हो चोखा प्रगति ।। प्रगति-प्रेमी० ।।

( ३१ )

अद्भुत यो खाडलका व्यक्ति
अद्भुत इनको प्रतिभा-शक्ति ।।
अद्भुत सिक्छन् नकली भक्ति
अद्भुत मसिनू कपटी प्रगति ।। प्रगति-प्रेमी० ।।

( ३२ )

सरदर जनता बीश हजार
वर्षैपिच्छे सीमा पार
जाँदा-जाँदा मुलुक उजार
भयो, कठै !! अब कसको प्रगति ? ।। प्रगति-प्रेमी० ।।

( ३३ )

अरुकै खातिर शस्त्र समायौं
अरुकै खातिर वीर कहायौं
अरुकै खातिर जन्म गुमायौं
कत्रो दुर्भाग्यको प्रगति !!! ।। प्रगति-प्रेमी० ।।

( ३४ )

प्रगति पियारो मान्ने खास
कलम छ मेरो अति दङ्दास ।।
यसको न गरीकन उपहास
हेर्दै जाऊ हँसिलो प्रगति ।। प्रगति-प्रेमी० ।।

# नयाँ इतिहासको प्रारम्भ

ले० "भिक्षु"

"वीर विश्वेश्वर जिन्दाबाद, नेपाल देश हो आज़ाद !"--सहस्रौं नर-कंठबाट निस्केको ध्वनिले पुलिसवालाको लट्ठी, बन्दूक, संगीनको आतंकलाई पनि नाघी, वायुमण्डललाई गुञ्जायमान गरिदियो।

एउटा साधारण सम्पन्न, जागीरेघरानाकी, षोड़शी, भावनाशील, नवयुवती प्रभा, बाबु, आमा, दाइ, भाइ कसैको अवरोध नमानी त्यस सामूहिक स्वरमा सम्पूर्ण कण्ठले आफ्नो स्वर मिलाइरहेकी थिई-"वीर विश्वेश्वर जिन्दाबाद, नेपाल देश हो आज़ाद !" फेरि टाउकोमा एउटा पुलिसवालाको सानो लट्ठीको प्रहार! टाउकोमा बगेको रक्त र रक्ताम्यताभित्र चेतना लुप्त हुने बेलाको अन्तिम सचेतन अवस्थामा पनि उसको कण्ठमा आएको थियो--"वीर विश्वेश्वर..."

यसको केही दिनपछि विश्वेश्वरप्रसाद कोइराला काठमाण्डूमा पक्रिए, अनेकौं घटनाहरू भए, जनान्दोलन शिथिल समाप्त जस्तो भयो। आन्दोलनसित अलिकति पनि सम्बन्ध राख्नेहरू पनि सर्कारिया-त्रास नपाई छुटेनन्। प्रभाका बाबु, दाई, भाइहरूले खाने, बस्ने, सुत्ने, उठ्ने बेलामा लगातार उसलाई घोच्दै गरे-'नेपाल स्वतन्त्र गराउने तैंले गर्दा हाम्रो जागीर खोस्सियो, इज्जत गयो, मालिकहरू रिसाए। तेरो स्वतन्त्र नेपाल कहाँ छ, तेरो विश्वेश्वर किन आउँदैन, तेरो जिन्दाबाद मूर्दा कसरी भयो ? इत्यादि। तर वीर विश्वेश्वरको प्रति सँगालिराखेको श्रद्धा, आदर प्रभाको मनमा कम्ति भएन। नेपाली कांग्रेसका प्रसिद्ध नेता विश्वेश्वरप्रसाद पक्रिएको र उनले थुनामा

पाइरहेको यातनाको समाचार सुनेर उसको आँखामा गहभरी आँसु हुन्थ्यो, र उसको मन परिवारमा निरन्तर पाउने व्यंग्य, बिरोध, प्रतारणालाई बिर्सेर अझ श्रद्धाको भावना नै सँगाल्न लम्कन्थ्यो। कोइराला-परिवारसित उसले कुन्नि कसरी आफ्नो कुनै टाढ़ाको नाता सम्बन्ध जोरी विश्वेश्वरलाई आफ्नो दाइको नातामा राखेकी थिई, र दाइको यस ख्यातिमा उसको अलिकति पनि सम्बन्ध छ भन्ने कुराले उसको मनमा एउटा अलक्षित गर्व थियो। उसको दाइ विश्वेश्वर महान् हुन्, उनी देउता हुन्, उनले नेपाल देशलाई मुक्ति दिलाउने पवित्र कार्य उठाएका छन्, उनी यस चेष्टामा जेलमा थुनिएका छन्; यी जस्तै कुरा प्रभाको मनमा आदरको उपकरण भैरहेर अपार श्रद्धा सँगालिदिएका थिए—"दाइ विश्वेश्वर देवता हुन्, विद्वान् हुन्; महान् हुन उनीले हाम्रो निम्ति कष्ट सहिरहे छन्। मेरो दाइ विश्वेश्वर।" वयस्क भएदेखि प्रभाले विश्वेश्वरलाई कहिल्यै देखेकी पनि थिइन, र उसले जोरेको त्यो पारिवारिक नाता पनि कुनै निकट महत्त्वको थिएन; तर अत्यल्प नाताको पनि एउटा अज्ञात गर्व उसको मनले नसमाती मानेन—"विश्वेश्वर मेरो दाइ पनि त हुन्!"

नेपाल स्वतन्त्र नभए पनि केही दिनपछि प्रभाको बिहा नेपाल तराईको एउटा मध्यवित्त श्रेणीका परिवारमा भयो। समयानुसार उसले एउटा छोरो पनि पाई। अत्यन्त आकांक्षापूर्वक उसले आफ्नो-सानोको नाउँ 'स्वतन्त्रकुमार' राखी। उसको विश्वासले ठाउँ छोड़ेको थिएन—"नेपाल स्वतन्त्र हुनेछ, उसको दाई विश्वेश्वरले नेपाललाई स्वतन्त्र नगराई छोड़्न्यै कहाँछन् र?"

× × × × × ×

सन् १९५० को जाडोको एक रातमा प्रभा र उसको लोग्नेलाई कोठाको बैट्रीसेट रेडियोले बतायो—'नेपाली कांग्रेस के सशस्त्र

सैनिकों ने वीरगंज शहर पर कब्जा कर लिया, वहाँके गवर्नर पकड़ लिए गए, कांग्रेसी गवर्नरने शासन सँभाल लिया है, इत्यादि।" सुन्दा सुन्दै प्रभा उफ्रन गई।' मनोद्वेग आफ्नो चरम सिमामा पुग्यो। एउटा अनौठा किसिम को उद्विग्नताले हृदयस्तललाई हल्लाउन लाग्यो।—

—मैलेता अघि देखिनै भनिराखेको थिएँ "विश्वेश्वर दाइ त्यसै बसिरहे का होओइनन्, उनी नेपाल स्वतन्त्र नगराई छोड्ने छैनन्। जे भए पनि यति दुःख उठाएको ता खेर गएन!"

तर, उत्तरमा उसले लोग्नेको एउटा अर्थहीन दृष्टि मात्र पाई। प्रस्तूत विषयमा मन माफिकको कुरा हुने, गर्ने कुनै आशा देखिएन। प्रभाको मन आत्तिन थाल्यो। कुन्नि कस्तो तीव्र उल्लास र उग्रताको पीरले भित्र-भित्रै छटपट भयो, मनमा आँधी-हुरी जस्तो उठ्न लाग्यो। एक छिनपछि उसले पुनः भनी–'आज भोलिमा नै यहां पनि उनको पल्टन पुगिदिए त कस्तो हुने थियो, होइन?'

यस पालि एउटा तिरस्कारव्यञ्जक दृष्टि निःक्षेप गर्दै उसको लोग्नेले भने—"हुने कुरा तिमीले भन्ठाने जत्तिकै मिठो होइन। कुन्नि के के न हुने होला? यसको उग्र जवाफी हमला को पनि अब आशा गरिराख है त!"

दिक्क मानेर प्रभाले भनी—'जसले आफ्नो ज्यानको परवाह गरेन, उसलाई जाबो प्रतिरोधको डरले छुन सक्ला र? यो हाम्रो देश, हाम्रो वतन! हाम्रै दाजु भाइ खान नपाएर बिरानो मुलुक देशमा गोली खान गैरहेका छन्। यै पीर, यै व्यथाले मात्र विश्वेश्वर दाइलाई छोएर अब उहाँलाई कुनै आशंका, कष्टले नछुने गराइदियो। उनी देश को मुक्तिदूत हुन्, देउता हुन्।'

तर यस व्याख्यानले पनि प्रभाको पतिको आशंकित चिन्तालाई हटाउन सकेन। दुवैमा केही बेरसम्म वादविवाद चल्यो, अनि पतिलाई आफ्नो बाबु, दाइ, भाईहरूकै झैं भन्ठानी एउटा अलक्षित उपेक्षा लिई उ सुत्न गई। ओच्छयानमा पल्टेर पनि धेरै बेरसम्म उसको मनमा—'वीर विश्वेश्वर जिन्दाबाद' को मौन अभ्यस्त 'नारा' घुमिरहेको थियो।—

'कतिको उदार, पराईको पीरले रोइरहेको दाइ विश्वेश्वरको हृदय! उनले चाहेको भए आज यही राणाहरूले नै उनलाई सुनको मोटरमा घुमाउँथे, हीरा मोती जड़िएका पलङ्मा सुताउँथे। तर यस मूर्ख देशले उनलाई सुहाउँदो सम्मान दिनको त के, चिन्न पनि सक्दैन। नेपाल आजाद भैरहेछ, यहाँ जबाफी हमलाको डरले आउनलागेको स्वतन्त्रताको स्वागत पनि गर्न तैयार छैनन्। न होउन्; वीर विश्वेश्वरलाई यसको परवाहै कहाँ छ र?'

एक दिन रेडियोले फेरि भन्यो—"वीरगंजमे कांग्रेसी सर्कार कायम होगई। श्री विश्वेश्वरप्रसाद कोइराला, कांग्रेसी सेनापति श्री सुवर्णशमशेर राणाके साथ बीरगंज आए। जनता ने उनका स्वागत किया, सेनाने सलामी दी। उन्होंने श्री तेजबहादुरको उहांका गवरनर नियुक्त करदिया है······इत्यादि।" समाचार चलिरहेको थियो, प्रभाका आँखा श्रद्धाका आँसु झार्न लागेका थिए, मनमा घुमिरहेको थियो—"नेपाललाई मुक्त गराउने······मेरो दाइ वीर विश्वेश्वर······ ·········जिन्दाबाद·········जिन्दाबाद·········।" उसको आफ्नो रौं-रौंपर्यन्त गौरवान्वित देखिन लाग्यो। प्रभाको रगतमा अत्यन्त महिमान्वित वीर विश्वेश्वरको रगतको अंश थिएन र?

अनि फेरि भैरहवामा पनि कांग्रेसको लड़ाई चल्यो। गोला चले, गोली चले; म्याशीन गन, ब्रेन गन, स्टेन गन कुन्नि के कुन गन सबै चले। रेडियोले पनि समाचार दिदैं गयो—" आज·····मरे,

आज·········भैरहवाके बड़े हाकिमने प्रबल प्रतिरोध किया,······ आज जेल पर कब्जा करने में·········आदमी काम आये,······ कांग्रेसी फौजियों ने सब जेलबन्दियोंको मुक्त कर दिया,·········आज परासी खज़ाने पर कांग्रेसका कब्जा हो गया,·········आज······ इत्यादि ।"

प्रभाको घर भएका गाउँका गाउँलेहरू टाउकैमा भैरहेको लड़ाईंले गर्दा तर्सिरहेका थिए। जताततै भयाक्रान्त, भावहीन, सुकेका अनुहार, निश्चल आँखा मात्र : अनाश्वस्त, उद्विग्न ! संधैं प्रफुल्लित आफ्नो गाउँले आमोद-प्रमोद र दैनिक परिश्रममा व्यस्त रहने गाउँलेहरूको त्यो गाउँ श्मशानभूमि झैं उदास, निर्जीव वातावरणले लाटो जस्तो भएको थियो । साँझमा भैंसी चराउने चरवाहा (गोठाले) को 'बिरहा' (एउटा लोक गीत) अब थिएन, जाड़ोको धुनिको वरिपरि मण्डलाकार बसेका गाउँलेहरूका कथा-कहानी, खेतीबारीको चर्चा जम्मै बन्द ! साँझ पर्नुभन्दा अगाडि नै सबै आफ्ना-आफ्ना छाप्रोमा पस्न जान्थे । गाउँले युवक पनि मुश्किलसाथ राती खलामा सुतन जाने साहस गर्दथे ।

वातावरणको मौन व्याकुलतामा प्रभा आत्तिन जान्थी । दुःखमय, चिन्तामय गाउँको अन्तःनिभृत मूक क्लेश उसको अन्तष्करणलाई निमोठ्थ्यो; र उ कहिले गाउँका कोही-कोही भला आदमीहरूलाई, र कहिले गाउँका वयसप्राप्त आइमाईहरूलाई आफ्नो पासमा बसाली आश्वासन दिनथाल्दथी--"हामी छउन्जेल तिमीहरूलाई के हुने हो र ? कांग्रेसको पल्टनले त राणाहरूको र तिनका सर्कारिया पल्टनहरू-सित मात्र लड्छ । हामीलाई सुबिस्ता होओस्, हाम्रो अवस्था सुध्रोस्, भनेरै त कांग्रेसले लड़ाईं चलाएको छ ! फेरि विश्वेश्वर, कांग्रेस-का सब भन्दा ठूलो दर्जाका नेता अफसर, मेरो दाइ हुन् । हामीलाई केही पनि हुंदैन, आरामसाथ निष्फिक्री भएर बस्नुपर्छ, काम गर्नु

पर्छ, हामीलाई के ?" गाउँलेहरू कुरा सुन्दथे,-"छ, होला" जस्तो भावनाको आफ्नो मुखाकृति बनाउँथे, तर निश्चिन्तता भनेको कुरा उनको अनुहारमा देखाहा पर्दैनथ्यो; ध्यान गएर पनि तिनका साधा सोभा मन आश्वस्त हुन सक्दैनथ्यो।

अनि, यै क्रममा एक दिन रेडियोले 'सीजफायर' ( लडाईं बन्दी ) को घोषणा गऱ्यो। फेरि मन्त्रिमण्डल बनेको सूचना र नेपालमा प्रथम प्रजातन्त्र राज्यको स्थापना भएको खबर पनि सुनियो। तर यहाँ भने न त लड़ाई बन्द भयो, न स्वतन्त्रताको कसैले स्वागतै गऱ्यो। त्यस इलाकामा स्वतन्त्रताको नाउँमा अभसम्म "रगत" मात्र चलिरहेको थियो, रातो खेलबहाड़ ! गाउँका गाउँ भस्मसात् भैरहेका थिए, जतातते गाउँहरू लुटिन लागेका थिए, खेत खलामा भएकी गाउँकी अन्नपूर्णादेवी को प्रथमोपचार नरबलिको रक्तार्चनले निर्विरोध प्रवाहित थियो—'उग्र बन्दना, उग्र अर्चना !' नेपालको आजादी, नेपालको स्वतन्त्रताले रगतको खोला तरेर गाउँ गाउँ, घर घर आफ्नो छिन्न. बिछिन्न टाउकोको अनुहार देखाइरहेको थियो। राणा-गुलामी छुटेको महान् सन्देशलाई आमा बाबुबाट सँधैका निम्ति छुटेका टुहुराहरू, पतिबाट छुटेका विधवाहरू, निर्दोष भावहीन अनुहारहरू आफ्नो रातो आँसुले सुनाइरहेका थिए !

प्रभाको पतिले भने—'हेऱ्यौ आजादी ! अब त नेपालको स्वतन्त्रतामा कुनै शंका त छैन ?………'

अनि, त्यो घोर घृणाव्यञ्जक पति को मुद्रालाई सहन नसकेर प्रभाले भनी—'विश्वेश्वर दाइलाई यो जम्मै भएको थाहै कहाँ होला र ? यो चाँड़ै नै सिद्धिने छ, यो त उनको भन्नाइ थिएन, उनी-कांग्रेस —यस्तो जन संहारलाई ……त…… !'

फेरि, एक दिन त्यस गाउँमा २।१ जना जमीदार प्रभा कहाँ पनि, कांग्रेसका दुइजना सिपाहीले पुर्जा ल्याए—"क्याम्पको आवश्यकतानुसार

१७ बोरा चामल १० हजार रुपियाँ जम्मै गाउँवालाले तुरन्त ल्याइपुऱ्याओ, नत्र सख्तीसाथ फौजी कारवाई हुने छ।" ठाडो पुर्जा, एकदम पूर्ण स्वतन्त्रता को शुद्ध आदेश !

लोग्नेले पुर्जा दिंदा प्रभा आफै बाहिर आई सिपाहीहरूसँग सोधी—"कल्ले मागेको यो चामल, १० हजार रुपियाँ ? किन चाहियो ? हामीसित बड़ो चामल लिने रे ! परासी मालको रुपियाँ कहाँ गयो, तहवील कहाँ छ ? विश्वेश्वर दाइले भने को त काहाँ……! त्यसै ता के पच्छा र ? तिनु परे थाहा पो होला……!"

"धेरै न करा, कस्ती नक्कचरी ! था छैन र धर्मबहादुर र देव-प्रसाद को अड़ार !"-एउटा सिपाहीले फर्कदै भन्यो। अर्को चाहिं उपेक्षा मिश्रित अलि अलि क्रोधले हेर्न मात्र लाग्यो।

खलबल भएर गाउंका गाउँले हरू पनि आइपुगे-जवान, बुढ़ापाका, आइमाईहरु समेत ! प्रभा र सिपाहीहरूको कुरा-कहानीले उनी हरूले अलि बल पाए। एक मुख भएर भन्न लागे—'हाम्रो गाउँबाट केही पनि पाउँदैनौ, ए……हाम्रो उद्धार गर्न आएका कस्तो पो त…! हामीलाई सुबिस्ता गराउन आए को त काहाँ……'रुपियाँ देऊ, चामल देऊ, यो क्या नत्र मारिनेछौ, लुटिने छौ' मात्र भएको हो साहेब ?"

दुवै सिपाहीले जम्मा भएका गाउँलेहरुको दल देखे, परस्पर शान गरे, र—'त्यसो हो भने हामी फर्कि जाने छौं, दिंदैनौ भने के लाग्छ……?' भनी गए। गाउँले हरूमा उत्साह बढ़्यो, प्रभाले पनि बल पाई। तर……, गाउँ का बुढापाकाहरूको मनमा झन् आशंका र धुकचुक चल्न लाग्यो। एउटा मौन, मूक भयपूर्ण आशंका गाउँका मूक उद्विग्नतामा फिंजियो।

भोलिपल्ट बिहान हुन लागेकै बेलामा गाउँमा भागाभाग पऱ्यो। हातहतियार लिएका २० जना पल्टनियाँहरूले गाउँ घेरी मोर्चा बनाएका थिए। कोही भाग्न सकेन। केटाकेटीहरूलाई समाती आइमाई

हरूले आफ्नो छाप्रोको ढोका थुनी बसे। गाउँका २।४ जना साहसी आफूलाई कुरा गर्ने सिपालु सम्ठान्नेकाहरू प्रभाको ढोका अगाड़ि आई थुप्रिए। पल्टनियाँहरू मध्ये एउटा बलियो भीषणाकृति सैनिकले आदेशपूर्वक बेपरवाहीसाथ सोध्यो—"क्याम्प को खर्चा, रासन किन गएन ? कल्ले रोक्याको ?"
"हामले रोक्या हैन, तर दिने काँ बाट ? गएको सालमा बाली नै उब्जा भएन, यसपालि यस्तो आपत ! हामी काँ खान पुग्न्यै अन्न छैन भने कसरी दिनु ?"—एक जना बोल्ने गाउँलेले भन्यो।

"लौ, शूट !" संकेत-ध्वनिका साथै बन्दूक—मौत—को आवाज हावामा फिंजियो। बन्दूकको आवाज—जसलाई नजीकै भएको बुद्ध-को जन्मभूमि लुम्बिनी काननले पनि न अँगाली सुख पाएन। भूमिसात् भएको बिचरा गाउँले यस जगत्बाटै पूर्ण स्वतन्त्र भयो। फेरि त्यस देशसेवकको घाँटीबाट—कुटेको बाँसोको थाल झैं—एउटा विकट दानवी हाँसोले हावामा खलबल मच्यो, हःहःहः·····!" प्रभाको लोग्नेसमेत थुप्रिएका सबै सैनिकहरूको घेरामा थिए।

"—चामल, हामीलाई रुपियाँ, रुपियाँ·····!!" आदेशात्मक अर्द्धवाक्य सुनियो। भयत्रस्त अर्द्धमृत अनुहारसाथ प्रभाको लोग्नेले, कदाचित् आफ्नो सामर्थ्य, शक्तिअनुसार दिने स्वीकृतिको कुरा गर्न भनी मुख उघारे कै थियो—"शूट" भन्ने आवाजसाथ उ थला पऱ्यो।

—यै थला-भूमि-मा एशियाको ज्योति विश्वव्यापी प्रेमको हिंसाशून्य भगवत् तत्त्व लिएर अवतीर्ण भएका थिए, जसको पुण्य परिक्रमा गर्न महान् अशोक प्रियदर्शी आएका थिए; र आएर यै तीर्थमा आफ्नो दुइ थोपा आँसुको अर्घ्य पनि चढ़ाएका थिए।—

त्यसपछि भागाभागको हलचल र 'चट्याक' 'चट्याक'को, हावालाई चिर्ने लगातारको राइफलको आवाज !

फेरि लुटपाट—प्रभाको घर, अरूहरूको घर, अलिकति ठूला देखिएका छाप्रोहरूको पनि ! गाउँका अल्लारे ठिटीहरूका कुमारित्व, बुहारीहरूको लज्जा, छाप्रोमा घुसारेका, सन्दूसमा राखेका नोट, माटाका "डेहरी" हरूमा राखिएका अन्न, सबै थोक ! आसपासका गाउँहरूको चोर, बदमाश र अराजकताको हावा पाएर भारततिरबाट आएका डाँकू गुण्डाहरू; साथै, ठाउँ ठाउँका इयालखानबाट फुक्का भइरहेका भयानक अपराधीहरूको उत्सव हुनलाग्यो। यी त्यस समूहमा "जनता" कहलाउँथे र यिनीहरूले गरेको सबै थोक-'क्रान्ति'। जम्मै लुटको माल सम्पत्ति 'क्रान्ति को खर्च को' रूपमा त्यस समूहका व्यक्तिहरूको आफ्नो दैनिक आमदनी भएर क्रान्तिकालको यो "आमलूट" र साथै "कत्लेआम" थियो। अंग्रेज र अंग्रेजी शासन तथा शासकहरूमाथि मात्र भएको सन् १९४२ को भारतीय सशस्त्र जन क्रान्तिको वायुमण्डलमा व्याप्त हावाले छिमेकीलाई सहानुभूति दिन भनी आएको शासनको होइनकी 'जन संहार'को यो कृत्य देख्ता लाजले खुम्ची अर्कैतिर सर्न गयो। फेरि नेपाल देशको स्वतन्त्रताको एकान्त उपयोग, पूर्ण उपभोग दुवै गाउँमा खलबल, हलचल र दुर्दान्त उत्साहसाथ नाच्न थाले। दुइ घण्टामा यो उत्सव समाप्त भयो। त्यस पछि सम्पूर्ण निस्तब्ध शान्ति त्यस गाउँमा स्थापित भयो। गाउँ पनि स्वतन्त्र भैसकेको थियो, अब त्यहाँ गुलामी थिएन, परतन्त्रताको उकुस-मुकुस थिएन; र यसरी नेपालको नयाँ इतिहासको प्रारम्भ भयो !

दिनभरिको उदास, मूक, भयातुर वातावरणको 'स्वाँ स्वाँ-' पछि साँझ हुन आँट्यो। अब गाउँलेहरूको मनमा, ती मारिएकाहरूको अन्तिम संस्कार गर्नुपर्छ कि, भन्ने केही स्फुरण जस्तो भएर घटनास्थलमा बिस्तार बिस्तारै ४।६ जना आए। केही मूक खलबल भयो, केही निःशब्द रुदन, छातीबाट उफ्रनै आँटेका मुटुहरूको तड्पन, कुनै प्रतिरोध मान्न नसकिएका 'हिक हिक' र बीच बीचमा उच्च स्वरको

रुदनसाथ स्वतन्त्रताको यो 'लाश-जात्रा' पनि गाउँबाट बाहिरियो; श्मशान पुग्यो, समाप्त भयो।

प्रभा !!—उसले कुनै बखत आफ्नो टाउकोमा पुलिसबालाको लट्ठी रोपेकी थिई, आज त्यही टाउकोमा स्वतन्त्रताको दायित्व—वैधव्य—पनि बोकी। उसको दाइ वीर विश्वेश्वर होमर्मिनिष्टर हुन्; निश्चयतः नेपाल स्वतन्त्र भैसकेको थियो, देशमा सुख शान्ति आउने अघोर आशा थियो—धन, लक्ष्मी, कला, कौशल, प्रगति, उन्नति, अन्न, वस्त्र सबै थोकले परिपूर्ण हुनआँटेको नेपाल देशको आजादी !!

प्रभाको लोग्ने मऱ्यो, अपमृत्यु; तर गर्नु के ? 'पुर्पुरोको दोष !' असहाय नारीको अन्तिम अवलम्ब !! असह्य पीड़ा र जीवनव्यापी अश्रुलाई छातीभित्र च्यापेर नेपालकी नारीले सन्तोष गरी—'पुर्पुरोको दोष, भाग्यमै यस्तै थियो !' तर प्रभा, नारी, र नारीभित्रको मानवीय आगोको भतभत पोलाइ पनि कहाँ जान्थ्यो र ? उसले आफूलाई सन्तोष दिने अर्को अवलम्ब समातन लागी—"यी पापीहरू सजायँ नपाई कहाँ छुट्ने हुन् र ? कहिल्यै त शान्ति होला ! एक पल्ट विश्वेश्वरदाइलाई भेट्नै पर्छ, नभए नेपालै गएर पनि भेंटी यो जम्मै बयान गर्नु पर्छ। हरे, यी डाँकूहरूले त स्वतन्त्रताको नाउँ नै बदनाम गरेछन्, यी स्वतन्त्रताका सिपाही कसरी होलान् ; यी बदमाशहरूले हामी जस्तै गोली नखाई कहाँ छुट्ने हुन् र ? दाइसित एक पल्ट भेट्न पाए······ उनीत देउता हुन्, देउता !······मलाई चिन्छन् र ? नचिन्हे बताए पछित······!"

एकछिन त्यस प्रान्तभरिमा फेरि खलबल उम्ल्यो—"भारतीय सेनाहरू, मोटर, ट्रक, म्याशीनगन, हतियार सबै नेपाल सरहदमा उत्रे; धर्मबहादुर देवप्रसाद को ग्याङ्ग (दल) सित लड़ाई भयो, धेरै साथी, सिपाही साथ तिनीहरू पक्रिए।" मुखजमानी खबर यही थियो।

त्यही दिन रातमा रेडियोले पनि यस्तै, तर केही विशेष, समाचार प्रसारित गऱ्यो । अफ सम्म एउटा अनिश्चित अवस्थामा सुख दुखले वीत राग जस्तो भैरहेकी प्रभाको मनमा अलिकति, केही कुन्नि कस्तो प्रसन्नता जस्तोले चियायो । अर्को दिन गाउँवालाहरू सित उ भनिरहेकी थिइ--" म त भनिरहेकै थिएँ, यी डाँकुहरूले सजाय नपाई कहाँ छुट्ने हुन् र ? हरे, यिनले के-के गरेनन् ! अब थापाउलान् ; हामीहरूजस्तै यी सबैको दुर्गति न भई रहला र ? मुगलानमा जम्मा पारेका लूटको धन, सम्पत्ति पनि, हेर, नतिरी कहाँ सुख पाउँछन् ? इत्यादि ।" उसको मनमा--"चाड़ै नै नेपाल जानुपर्छ" भन्ने चिन्ताले झन् उद्विग्न हुन थाल्यो । यत्तिका दिनपछि अब फेरि उसको अन्तरमा त्यही पुरानो नारा--"वीर विश्वेश्वर जिन्दाबाद" ले मूक सेरोफेरो लगाउन थाल्यो--" विश्वेश्वर दाइसित नभेटी त भएन, उनी, नेपालको मुक्ति दूत ! देउता……!……"

केही दिन पछि भैरहवा बाट आएका एक जनाले पुनः प्रभालाई समाचार सुनाए--धर्म बहादुरका दलका केही मानिस त थुनामै छन्, तर मंत्रीज्युका आदेशले केही भने छुटेका छन् उनका सबै साथी "मालताल" समेत आफ्ना-आफ्ना घरमा गए। केही अब नेपाल जान्छन् कि ! त्यहां देशको परिबन्द र भावी व्यवस्थाको लागी उनी हरूसित सरसल्लाह मिलाउनु छ भन्ने हल्लाछ ।"

"……कस को आज्ञा लेरे ?………" एउटा अर्द्ध चेतन आवेशमा प्रभाले भनी ।

--"कुन्नि के हो अब त उनीहरूले छुट्टिपाएर गै पनि सके ।" एउटा लामो साँस फेर्दै कुरा गर्नेले भन्यो ।

कुन्नि कुन अलक्षित अन्तर्चेतनाले हो उक्तिखेरै-कुरा सुन्दानसुन्दै -उसको ( प्रभा को ) आँखा एक पटक आफ्नो चुरा नभएको रित्तो हातमा गयो र एक पटक उसको दृष्टि शृङ्गाररहित आङमा लाएको

सेतो सादा लुगामा दगुऱ्यो। संसार भरिको अचम्म-आघात एकत्र जस्तो हुन गएर उसको खुट्टा मुनिबाट भुइँनै खस्कन लागे झैं भयो। र कुनै विराट् सर्वनाश-प्राप्त, कुनै महाभयंकर विश्वासघात-प्राप्त जस्तो भई तत्क्षणै रक्तहीन, सेतो अनुहारकी हुन गएकी प्रभाको मुखबाट ज्ञान, विवेक रहित, हतबुद्ध जस्तोको ध्वनि यति मात्र निस्क्यो "......हँ ???......"*

---

* तात्कालिक भए पनि यो एउटा ऐतिहासिक वातावरणको प्रतिनिधित्व गर्ने कथा मात्र हो। प्रभा प्रति जति सुकै सहानुभूति उम्ले पनि उसलाई कुनै सेवा दिन भनी पाठकहरूले उसको खोजी गर्नु पर्दैन।

फेरि, यस कथाले मेरो वैयक्तिक विचार वा Obligation मा अटकल पनि लगाउनु हुँदैन। परिस्थिति वा नीति भन्दा ऐतिहासिक वास्तविक सत्यको, "कला," बर्ता साथी हो। म यो पनि सत्यता पूर्वक स्वीकार गर्दछु कि लड़ाईको बखत छातीमा अनुभूतिको धक्का लाग्नेबित्तिकै र बुद्धिमा यो कथा पुराए कै बखत लेखी प्रकाशित नगराउने बदमाशी, केवल मेरो देश भक्तिको स्वार्थ नै थियो।

—लेखक

# अंबा

—श्री बदरीनाथ भट्टराई—

यतातिर बहेको आन्तरिक धाराले उहाँ टिक्न दिएको थिएन, तैपनि भीष्मको भीषण गर्जनाको पिंजड़ाले मलाई होइन, मेरो शरीर-लाई रोकिरहेको थियो । खोरमा परेकी सिंहिनीले झैं पुरुष सिंह हजूरकै नाउँ मैले जपि रहेकी थिएँ। छिया छिया भए को मनमा मलहमपट्टी लगाइदिन पाल्नुहोस् भनी खबर पठाउने कोशिश पनि गरेकी हुँ, तर के गरूँ ? परतन्त्रताको रापमा पिल्सिरहेकी थिएँ । यत्तिकैमा सरासर आएर सत्यवतीले भनिन्, "लौ, मेरो छोरालाई, स्वयंबर गर्न हिंड़ । आजदेखि तिमीहरू तिनौटीनै मेरी बुहारी हुने भयौ ।"

मेरो त एकदम कन्सिरिका रौं ताते, अनि साफसाफ भनिदिएँ । 'के स्वयंबर भनेको पनि यस्तै हुन्छ ? के मैले आफैं वरण गर्न आँटेकी छू र ? खै, राजमण्डलीका बीचमा मलाई इच्छामुताबिक वरण गर्न दिएको ? परेबालाई वाजले जस्तै एक्कासि झंटेर ल्याई तिनौटीलाई एउटै हाँगामा झुण्डिएर बस भन्नु स्वयंवर हो र ? यो त खास राक्षसी प्रणाली हो । अब यसमा यी दुइ बहिनीहरू जे गर्छन् गरुन्, तर मत तपाईंकी बुहारी बन्न चाहन्न । तपाईं पनि आइमाई नै हुनु हो । यसै गरी हामीलाई जस्तै तीन चारौटीका साथमा महाराज शन्तनुका हातमा सुम्पेको भए तपाईंलाई कति अपठ्यारो लाग्दो हो । अझ बाबु—आमाका करकापमा तपाईं बूढ़ाका हातमा पर्नुभयो । उसै हुँदा यो वैधव्य को आँधीमा चक्कर खानुभइरहेछ । आफैं संझनुहोस्' । त्यति सुन्नासाथ रातो मुख लाएर उनी फर्किइन् । यति भनेर शल्यको मुखतिर हेरी अंबा मुसुक्क हाँसिन् ।

शल्यका आँखा भने टल्ल परिरहेका थिए। उनमा न रागको लेश देखिएको थियो नत द्वेषको। किनहो कुन्नी, शल्यमा स्तब्धता बढ्दै गएको थियो। तर त्यो कुराको ख्यालै नराखी आफ्नै भावावेशमा उन्मुक्त भएर अंबाले फेरि आफ्नो भाषण शुरू गरिन्, "त्यसपछि राजसभामा गएर भीष्मका सामुन्ने मैले भने, 'आइमाई हुँदैमा आफ्नो जीवन भरको सँगी छान्न पनि हामीले नपाउनु किन ? हो, यहाँले सारा राजालाई जितेर हामीलाई ल्याउनुभो, तैपनि तिमीहरू राजीछौ कि छैनौ भनेर हामीलाई एक वचन त सोध्नै पर्ने, आर्यनारीलाई यसरी भेड़ा-बाख्राझैं जता मनलाग्छ उतै धपाउन खोज्नु कतिसम्मको बुद्धिमानी हो! त्यो कुरा आफैं विचार गर्नुहोस्। फेरि हरेर ल्याउने बीर तपाईंलाईनै बरण गर्ने भए अर्कैकुरा। यदि स्वयंबरको सत्य अर्थ छिपाउन चाहनु हुन्न र मलाई विदा दिनुहुन्छ भने यताबाट सरासर गएर महाराज शल्यलाईनै बरण गर्दछु। यसमा तपाईंको जो दया। यति मेरो कुरा सुनेपछि एकछिन घोरिएर भीष्मले मलाई यहाँ हजूर कहाँ जाने आज्ञा दिए।"

'अँ' सिवाय शल्यले केही बोलेनन्। एकछिन सम्म उनले कारुणारती अंबाको मुख हेरिरहे। अब यिनी के भन्ने हुन् भनी अंबाको मन तुलबुलिरहेको थियो। कहिले उनी बूढ़ी औंलाले भइँ कोर्दथिन्, कहिले भने अनिमेष दृष्टिले शल्यको मुख हेर्दथिन्। अन्त्यमा शल्यको गहिराइमा माथिमाथि उत्रिएकी अंबाले भनिन्, 'यहाँलाई यो स्तब्धताले किन अंगालेको हो, केही बुझिन्।'

राजकुमारीले हातमा परेको लड्डु गुमाएको देख्दा मलाई दुःख लाग्यो। भीष्मको बाहुबलले चहकिएको हस्तिनापुरको त्यत्रो बड़ा महारानीको पद त्याग्नु भारी मूर्खता हो। हुनत यत्रो त्यागीलाई धन्यबाद दिनुपर्ने हो, तर म दिन्न, किनभने त्यसले यहाँलाई संकष्ट मात्र दिन्छ कि जस्तो लाग्छ। बरु तुरुन्तै फर्किहाल्नोस्;

बहिनीहरूको बिहे हुन नपाउँदै पुग्नुभयो भने भनसुन गरे लाग्ला। भीष्मले पनि आइमाई भनेर एक पटक माफी देलान्। उनी मजस्तै निठुर अवश्य छैनन्। जानुहोस्।

अंबा—अब म कहीं जान्न। मनको सुनौला मन्दिरमा मैले यहाँको पूजा गर्न थालेको कति भइसक्यो। त्यो सबै यहाँलाई जाहेरै छ। त्यही भजन सफल भई प्रत्यक्ष दर्शन पाएको बखतमा छोड़ेर जाने त्यस्ती हरिलठ्ठक म छैन। वास्तवमा अब अलग्ग रहेर टिक्ने शक्ति मसा छँदै छैन, फेरि यस्तो परीक्षामा रङ्गमङ्गिन म चाहन्न।

शल्य—परस्त्रीको परीक्षा गर्न मलाई के चासो? तहतहको पर्दाले छोप्नु पाप हो भन्ने संझी मैले त हृदय खोलेर देखाइदिइसकें।

अंबा—हृदयदेव, म परस्त्री होइन, बरु पुजारी हुँ। उसैले प्रेमाश्रुले पाउ धोई यो जीवनमय पुष्प चढ़ाउन पाऊँ। मेरो मनको धोको यत्ति हो। यहाँ सँग अलख जगाउने कुनै व्यक्ति पनि आजसम्म विमुख फर्केको छैन भन्ने मलाई पूरा थाहा छ।

शल्य—पूजा त्यसको गर्नुपर्छ जसबाट आफ्नो इष्टसिद्धि हुन्छ। म जस्तो हरुवाको पछि लागेर केही फाइदा छैन। जानुहोस्, विजयी भीष्मकै सेवा गर्नुहोस्।

अंबा—उहाँ जाने भए किन छोड़ेर आउँथें। त्यतैबाट मेरो हृदय थाहा भइहाल्यो। उस बखतमा पनि म रुँदै-रुँदै गएकी थिएँ। फेरि यहाँ जस्ता व्यक्तिले शरण मरण गर्नु होला जस्तो मलाई लागेको थिएन। त्यो पनि अनाथ अबलामाथि। के यही हो त पुरुषको धर्म?

शल्य—मैले तपाईँलाई कुनै तकलीफ दिइन। पाहुनाको रूपमा सकेसम्म सत्कार गरें फेरि जसले बहादुरीद्वारा तपाईँलाई जिन्यो, घरमा लगेर राख्यो, उही बहादुरकहाँ जानोस् भन्दा शरणको मरण कसरी हुने? अर्कोले गरेको शिकारमा कुनै सिंहले आँखा

लाउँदैन भन्ने कुरा प्रकृतिबाट सिद्ध छ। क्षत्रियको धर्म शिरीष भन्दा हजार गुना मुलायम र फलाम भन्दा करोड़गुना कड़ा हुन्छ भन्ने तपाईंजस्ता राजकुमारिलाई थाहा हुनुपर्ने हो।

अंबा—त्यही थाहा भएर नै मैले यसो गरेकी हुँ, प्रकृतिले आफसेआफ फुलाएको प्रेम भन्ने सुगन्धि सुनौला फूललाई चटक्क चुँड़ालेर नकलीको वशमा पर्नु क्षत्रियको धर्म होइन। वास्तवमा सकली प्रेम अजरामर छ, उसलाई जति छिमल्न खोज्यो उति बढ़ेर आउँछ। आकाश, पाताल जहाँ पनि उ पुग्न सक्छ। आजसम्म उसलाई कसैले रोक्न सकेको छैन। जतिसुकै ढिलो होस् तापनि प्रेमलाई नअँगाली उ अड़िदैन उसैले उड़ाएर मलाई यहाँ ल्याइ पुऱ्यायो, नत्र कसको के तागत ?

शल्य· यदि त्यसो हो भने भीष्मले हर्न लाग्दैमा किन मुखमा ठेड़ी जाकेर बसेको ? उस बखतमा भने भीष्म पति पाएँ भनेर दङ्ग्दास हुने, भीष्माश्रित विचित्रबीर्यसँग बिहे हुन लाग्दा भने यता आउने। आइमाईहरू धुर्त्याईंका खानी, रूपका दासी, विलासका पुतली, चाञ्चल्यका मूल, झगड़ाका बीउ हुँदा रहेछन् भन्ने कुरा मैले थाहा पाइसकें। भैगो, अब एक पला पनि यहाँ बस्नुपर्दैन, नत्र मेरो क्रोधाग्निले पोल्ला।

अंबा—म पनि यस्ताका अगाड़ि बस्न चाहन्न, तर पित्तललाई सुन संझने मेरो बुद्धिलाई पनि धिक्कार छ। पुरुषहरू अहंकारका पोका, क्रूरताका रास, चेतनाका मरुभूमि, स्वार्थका कमारा हुँदा रहेछन् भन्ने मलाई पनि अनुभव भयो। भैगो यसरी मर्मभेदी वन्चरोले मेरो हृदय छियाछिया पारेको फल कुनै दिन चाख्नु पर्ने छ। विदा।

× × × ×

गौंथलीहरूको खल्याङ्खल्याङ सुनेर पश्चिमपट्टि पाखा लाग्न लागेका सूर्यलाई औंल्याउँदै राजर्षि होत्रवाहनले भने, 'नानी अंबा, हेर, यही तिम्रो हठ देखेर वाक्क भएका सूर्य क्षितिज पार हुन लागिसके तिमिलाई संभाउँदा संभाउँदा मेरो पनि गालाको पाटा दुखिसक्यो। स्नान सन्ध्याको समयसमेत बित्न आँट्यो। तिम्रै निंम्ति मैले परशुरामलाई समेत गुहारें। तर के गर्नु, वीर भीष्मसंग उहाँ समेत हार खानु भयो। तिमीले नै गर्दा एक्काईस पटक विजयको माला लगाउने उहाँलाई हरूवा भन्ने टाटो लाग्यो, यो के कम बेइज्जतीको कुरा हो र ? तिमी त आफ्नो दुःख मात्र ठूलो देख्दी रहिछौ। उद्योग सफल नभएपछि प्रारब्धको अपेक्षा हामीले गर्नैं पर्छ भने यस्तो दुराग्रह किन ? वास्तवमा जान्छु भन्ने तिमीलाई भीष्मले बिदा दिए। अब यसमा उनको दोष के ? अनि उनको ज्यान माथि दाँत गाड्को किन ? मेरो भनाइ ठीक हैन त, अकृतव्रणजी ?

अकृतव्रण—बिलकुल ठीक हो। वास्तवमा म पनि त्यही कुरा दोह्र्याउँछु, दुःसाध्य देखियुन्जेल पनि हामीले अनुमति दिएकै हौं। उपाय पनि वताइदिएकै हो। अबता असाध्य भइसक्यो, फेरि यस्तो पवित्र यमुनाको तीरमा बसेर अभिचार गर्ने, त्यो पनि निर्दोष आबाल ब्रह्मचारीमाथि। यस्तो दुस्साहसलाई पनि कसैले तपस्या भन्छ ? कहां त्यो शान्तिरस, कहाँ त्यो दुराग्रह। अमृतमा विष मिसाएजस्तै न भो फेरि यति ठूलो अनुष्ठान त्यस्तो क्षुद्रकुराको निंति !

जसलाई रोग लागेको हुन्छ, उसलाईनै वेदनाको अनुभव हुन्छ। अरुलाई के पत्तो ? यदि तपाईंहरूलाई यस्तो चोट लागेको भए यसो भन्नु हुने थिएन। वास्तवमा घातलाई शमन गर्ने प्रतिघात नै हो। हृदयमा बाण लागेको कुनै व्यक्ति पनि शान्ति लिन सक्तैन। बाण छोड्ने व्याधाको हृदय छियाछिया पार्ने उद्योग नगरेर त मुर्दामात्र

बस्दछ । मेरो मञ्जुरी नै नलिई हरेर लैजाने भीष्मको दोष छैन भनेर कसरी म मानूं ।

भो, अब हामी यो मरुभूमिमा सदुपदेशका बीउछरेर यो सन्ध्या समय खेर न फालौं भनेर होत्रवाहनहरू गएपछि अंबाले यमुनाको भेल बढ्ने गरी आँखाबाट खोलो बगाइन र दाउरा ल्याएर चिता तयार गरिन्, अनि प्रलयाग्निको आवाहन गरी हात जोरेर भनिन्………

'अग्निदेव, सती र सीता जस्ती म छैन । मलाई त तुरुन्तै खरानी बन्ने उत्कट इच्छा छ । मेरो हृदयको सारा सन्ताप नासो लिइराख र पछि त्यसैले भीष्म र शल्यलाई पोल । अझ अनुग्रह गर्छौ भने अर्को जन्ममा पनि भीष्मको मुटु छियाछिया पार्ने शक्ति मलाई देऊ । अन्तिम प्रार्थना के हो भने, अब म आइमाई भएर न जन्मूं । यदि पुरुष बनायौ भने मत कुनै आइमाई माथि अत्याचार गर्ने छैन । हे हुतभुक्! तिमीले अनन्त प्राणीलाई चपाइसक्यौ, तर म जस्तो पिरो त कोही पनि छैन होला । तर जे भए पनि अब मलाई शान्ति देऊ ।'

# 'काथर'

( शंकर प्रसाद )

"चार पैसाको सुपारी देऊ।"

"हवस्, लानुस्।"

"पोको पारेर देऊन।"

काठमाड़ौं आएको धेरै दिन भएको थिएन। घुमेर घर फर्कने बेलामा सुपारी किन्ने विचारले त्यस पसलमा उभिएँ। उसले पोको पारेर दियो। घर गएर सुपारी झिक्न लाग्दा देशी कागजमा बड़ो सुन्दर अक्षरमा केही लेखेको देखेर मैले पढ़ें — मनमा एक किसिमको विद्रोह जलि रहेछ, देशको हरेक कुनामा घर घर जलि रहेछन् म चाँहीं……" दुगुरदै गएर पसलेलाई भने "खै, त्यो कापी लेऊ।"

मेरो उत्सुकतामा उसलाई आश्चर्य भयो तर मेरो गम्भीर बोलीले शायद उसलाई असर पनि पर्‍यो। कापी हाथमा लिएर मैले सोधें— "यसैबाट तिमीले त्यो कागज च्यातेको होइन ? म यो कापी किन्छु: लाऊ।" भनेर मैले एउटा मोहोर उसको अघाड़ि फाली दिएँ।

त्यसमा कसैको नाम रहेनछ। शायद कुनै नवयुवकका डायरीका केही पाना रहेछन्। बीचमा त्यसै शुरु……

"त्यत्रो मानिसले आज आफ्नो धन दौलत सब छाड़ेर हिंड्यो। किन ? आफ्नो स्वतन्त्रताको लागि। उसलाई के कमी थियो र ? केही कमी थिएन र शायद त्यसैले उसलाई पैसाले टोक्यो !……म भोखोछु, गरीब छु। मैले आज केही, बोल्न खोजें भने पनि त्यो बेकार हुन्छ। किनकि मेरो मुखमा सुनका दाँत छैनन्। तर……मलाई एउटा कुरामा साह्रै आश्चर्य लागी रहेछ। सबै उसलाई बिदा गर्न गएका थिए त्यत्रो

चउरमा टाउकै-टाउको" पैसा भएकाले धन दौलत छाड़े भने त्यो किन ठुलो कुरा गनिन्छ ? हाँमी सँगत भन् कैले पनि हुँदै-हुँदैन, तैपनि हामी ठुला किन गनिदैनम् ?······ उसको जय मनाउँथे सब। उसकै नारा थियो सबको मुखमा। नारा ! "इन्कलाब जिन्दाबाद !" त्यो शब्दमा कुन ज्यादु छ कि मेरो मुटु चिसिएर जान्छ। कता-कता के सिरिङ्ग गर्छ।······ पुलिसले रामलाई समात्यो। मेरो साथीको मुख घाम या उत्तेजना केले हो तर रातो थियो। मेरो मुखमा हेरेर उसले मलाई सोध्यो-- "तेरो शरीरमा के रगत छैन ?" म हाँसी दिएँ, एक खोक्रो मुस्कान।···रगत बन्ने अन्न खै भरी पेट परेको र समय-समयमा ? साँच्चै नै ममा रगत छैन।······"

"····लड़ाईं छिड्यो रे। लड़ाईं ? कैयौं मानिस मर्दा हुन्। गोलीको स्वाद पाएर। मूर्खहरू। जीवन मर्नैको निम्ति जस्तो ठान्दछन्। यहाँ हामीहरूलाई बाँचन कति गाहारो छ। तिनीहरूलाई भने मर्न सजिलो रे। अचम्म।···कान्छीलाई जरो आएको छ—औषधी छैन खुवाउन। पैसा छैन किन्न। हामी पनि भोकै छौं। आमा भोकै, सानो भाई भोको। र भोक मेट्ने कुनै साधन छैन। जीवन अड़ाउन खाने कुरा छैन, र तिनीहरू खान पाएर पनि मर्न तम्सी रहेछन। किन ?" × × ×

······"पैसा सापट माग्न भनेर हिंड़ें। तर को दिन्थ्यो ? मानिस-मानिस बिच विश्वास छैन। विश्वास पनि बिकि रहेछ यही सब सोचे र हिंड़ी रहेथें। पछाड़ि एउटा मोटर आएछ। सुनिन। करायो ड्राइभर-- "ए। बहिरो भइस्।" बहिरो ? आँखा उठाएर हेरें। पाउडर, क्रीम र हीरा, मोतीले मुख र जिउ छोपेका पुतलीहरूमा आँखा पऱ्यो। ढुङ्गामा यत्तिको प्रेम छ कसैको। हामी चाहिं अन्नलाई प्रेम गर्न पाउँदैनम्। सिनेमातिर गएर मोटर अड़्यो। हामी भोखै छम्। घरमा कान्छी बिरामी छ, सानो भाइ रोइ राखेको होला। आमा राम्रो आँखा देख्नु-हुन्न। यो सब नसुनेर, नदेखेर फिलीम हेर्न जाने बहिरा कि म बहिरो

यो संझिदा जिउमा करोड़ौं सियो रोपिन्छ । मानौ कोही भन्छ—"चेत, अझ चेत ! " राम ठिकै भन्थ्यो-मेरो शरीरमा रगत छैन । चेतने शक्ति पनि छैन के चेतने , के कराउने ? " घर फर्केर आउँदा भाइले मेरो मुखतिर खुब आसले हेर्‍यो । शायद केही ल्यायो होला भनेर होला । तर ··· तलप आउँदैन अझ २-३ गते नभै र शायद मांगून सकिने पसल कुनै बाँकी छैन । ····"छैन" भन्न मुख बाउन खोजेथें , तर त्यो शक्ति भएन कि भाइ सँग आंखा जुधाउँ । कत्रो कमजोरी !!" × × × ×

''आज पनि जुलुस निस्क्यो । अस्तीन—अस्तीनजस्तो मलाई आज किन डर लागेन । म पनि नारा लगाउँदै पछि-पछि लागें । तर, अरुको जस्तो स्वर मेरो किन ठुलो छैन । लाजले होइन, तर यस्तो लाग्छ कि कसैले मेरो घाँटीको प्वाल म्यानो पारिदियो । म चिच्याउन चाहन्थें, अवाज आउँदैन थियो । असन पुग्दा-नपुग्दा मैले सम्झें-हाकिमको घर त्यहीं छ, उसले देख्यो भनें ? मेरो जागीर हिंड्छ । जागीर हिंड्यो भने ? अरू अघाड़ि सोच्नु भन्दा पैले म छेड़ो पट्टि लागिसकेको थिएँ । बेसै भएछ । रानीपोखरीमा पुलिसले आश्रुगैस र लाठी चार्ज गरेछ । धेरै जना घाइते भएछन् । ती घाइते मध्ये म पनि परेको भए ? आमा पीरै-पीरले मर्नुहुन्थ्यो होला । बहिनीको के गति हुने थियो ? अनि भाइ ? उफ मबाट देशको के सेवा हुन सक्छः ? अरु छंदै छन्नि । म एउटाले केही गरिंन भने के होला र ? अरु त्यतिका गर्ने छैनन् र ? म आफ्नो आमालाई छाड़न सक्दिन । मेरो जहानलाई भोक-भोकै मर्न म दिन्न । " × × ×

"·····न्हुछेमान भन्ने मरेछ पुलिसको लाठीचार्जले रे । आज उसको जुलुस निस्केको थियो । हजारौं मानिस त्यस बीरका पछि लागेका थिए । झ्याल-झ्यालबाट लावा र फूल बर्सेको थियो । मानिसहरु कसरी उसका पछि टोपी फुकालेर लाम्केका ।······हूँ ···। उसको जुलुसले मेरो आँखमा आँशू ल्यायो । मलाई रुन मन लाग्यो । उ मेरो कोही होइन । जीवनमा मैले पैले

उसलाई देखेको पनि थिइन होला। तर पनि उसको मृत्युमा मेरा आँखा छतल्किए। मर्नु पो यसरी, आज घरमा मरेको भए को हुन्छे को मान? उसको लाशपछिपछि जाँदा जाँदा मेरो शरीर भतभती पोलून थाल्यो। उसको घर संझे। उसका पनि त जहान होलान्। उसको पनि भाइ होला, उसकी छोरी-बहिनी पनि होलान्। तिनीहरु सबै रोइरहेका होलान्। म पनि त रूँदै छु। म उसको को हूं? तै पनि मेरो आखामा आंशु किन? अहिले यो लेख्दा-लेख्दै मलाई मानौं न्हुछेमान भनिरहेछ- " आइज। देशको निम्ति गोली खानु जाती होइन र?" × × ×

"..... निद्रा किन लाग्दैन? आज-भोलि मलाई यो के भो? आँखा चिम्ली निदाउन खोज्छु कि कोही मेरो कानमा भन्छ- "कायर !! अझ चूप छस्?" मनको यो भाव लाई पन्छाउन खोज्छु, न्हुछेमानको जुलुस मेरो आँखामा पर्न आउँछ। अनि म सोच्छु-"म मरें भने पनि यसरी नै बोकेर लैजानेछन् त मलाई पनि? तर, मरें भने होइन, मारिएँ भनें। शायद त्यसै गरी मेरो जयनाद नेपालका गल्लीबाट उठनेछ। मानिसहरू त्यसरी नै टोपी फुकालेर मेरो पछि लम्कनेछन् !! सबैका आँखामा आंशू !!! सबैको मुखमा मेरै नाममा। तर ...मेरी आमा? भाइ,कान्छी? यिनीहरुको के गति हुनेछ? ... म के गरूँ? अझ मैले केही........"

यहाँनिर कागज च्यातिएको रहेछ। अनि अर्कोमा बिचमा त्यसै शुरु। " ........ थियो। तर अब त्यो छैन। मनभित्र एउटा बलियो परखाल मैले बनाइ सकें। म एउटा नजन्मेको भए पनि त आमाहरुको शायद काम रुक्ने थिएन होला। आह! अनि आमाले किन नसोच्नु कि म जन्मिदै जन्मिन। जहाँ बोल्ने, खाने, हेर्ने, बुझ्ने शक्ति छैन, त्यस देशको एउटा प्राणी रे म। म के मात्रै बाँचेको छु र? अब...यसरी मरेर के बांचनु,बरू एक छिन भएपनि बांचेर मर्छु। २४ वर्षको यत्रो जीवनमा हाथ र मुख जोर्नु बाहेक मैले गर्न मात्रै के सकें र! .... हूँ !... हाम्रो तलब बढ्ने रे। केटाकेटीलाई पापा दिएर मुख बुजो लाउने जस्तै।

लाखौं आज मरिरहेछन्; लाखौं आज जान्दैनन् उनिहरू किन गरीब छन्। ( केहि दिन अघाडि म पनि त जान्दिन थिएँ नि: ) उनीहरुलाई थाह छैन कि देशको छरिएको पैसा कसरी बटुलिएर एकाठाउँमा सड़ि रहेछ। पत्थर, र सुनमा अल्भिरहेछ। पाउडर क्रिमको धूलोर हिलोमा उड़ि रहेछ। ··· मेरा सबै साथी आज जेलमा कुहिइरहेछन् र मचाहिं सेतो व्याज लाएर सड़कमा हिंड़ने। कसैले मेरो मुखमा गौड़ गरेर हेर्‍यो भने मेरो सिर निहुरिन्छ-उ के सोच्दो हो ? एउटा मुर्दा सिंगारिएर हिंड़िरहेछ भन्दो हो !! साँच्ची हो राम ठिकै भन्थ्यो-मेरो शरीरमा रगत छैन।...तर अब म देखाउनेछु कि शहीद हरूको रगत खेर गएको छैन। त्यो त सोह-रिंदै मेरो जिउमा थोपरिएको छ। मेरा बीर दाजु-भाइहरूको तातो रगत किन खेर जान्थ्यो ? म अरूलाई देखाउने कि म मरेको छैन, म बाँचेकै छु। मेरो मनमा एककिसीमको बिद्रोह जलि रहेछ। ममा के कमी छ र म मात्रै पछि रहि रहूं ? आज जताततै आगो सल्केको छ। देशका हरेक कुना मा घर-घर सल्कि रहेछन्, म चाहिं ? म पनि अब आफ्नो बल्ने रगतको होम दिन्छु, यो अग्नीलाई यो आगो ननिभ्दै ······" × × × ×

भोलिपल्ट मैले पसलेलाई सोधें-" हिजोको कापी कसकाहाँ बाट तिमीले ल्यायौ ?"

" कृष्णाचाको आमाले उसको किताब-कापीहरू बेचेको थियो। त्यैहो। बिचरा गरीब छन। एउटा कमाउने छोरो पनि मर्‍यो।

"मर्‍यो कि ······ " म अकमकाएँ।

" तपाईंलाई थाहा रहेनछ। उही जेलनिर गोली लागेर मर्ने क्रे !"

"ए। उसको जुलुस निस्क्यो त ?"

"काहाँ को जुलुस ? घेरैले थहानै पाएनन्। कर्फ्यू थियोनि।"

# कला चिन्ने को ?

( केशवराज पिंडाली )

राणाशाहीको पतनपछिको स्वतन्त्र मातृभूमि हेर्ने प्रवल इच्छाले कुन प्रवासीलाई कुतकुत्याएन होला । म पनि त्यसदिन लागें आफ्नो तड़ितुमड़ीका साथ उडिसाको पल्लो छेउबाट नेपालतिर । रक्सैल सम्म को रेलयात्रा त्यति अखरेन जति एन० जि० आर० को ३॥ घण्टाको यात्राले शरीर लेस्नु भयो । त्यो किचाघान ध्यानचाङ् ध्यानचाङ् चाल बलिहारी छ त्यो दिमागको जसले भिमफेदिसम्म "पिचरोड" पुग्ने पैसाले १२ कोश लामो रेल खोली यशको भागी बन्यो ।

अमलेखगंजमा रेल अडिन पाएको थिएन कसे मानिस हरूले छाड़तोस । ठोकें मैले पनि मोटरतिरको कुलेलम । मेरो "दाइ", 'दाइ' को लेग्रोले पग्लिई श्रीमान् ड्राइवर साहेबले यस अकिञ्चनलाई पनि एक सिट प्रदान गर्नु भयो । अनि त ३०।४० गुण्टा ३०।४० बाकस करीब चालीस मुसाफिर, हिंडनुको पहिले नै मोटर चरमराउन थाल्यो ।स्वतंत्राको सदुपयोग पनि खूब देखियो । माल-सामान जति थुपारे पनि हुने । मान्छेले त झन् प्राङ्गाबाहेक जहाँ बसे पनि पाइने । मनमाफिकको भाड़ा असुली । न कुनै पावन्दी न क्यै नियन्त्रण एकदम स्वतन्त्र । सोह्रै आना स्वतन्त्र । आखिर गाड़ी हिंड्यो । राम राम भज्दै भिमफेदि पुगियो ।

"बाबूजी" भैसकेको मान्छे पहाड़ चढ़ने हुती आफुमा थिएन । अतः २२ रूपियाँमा बलिकाठको कष्ट किन्न करै लाग्यो । ए बाबा ! थांकोट मोटर स्टैण्डमा बर्लन्छु त ढाड़ कुप्रिइ सकेको । दुवै हात कम्मरमा लगाई क्यै बेर लेफ्ट राइट गरें । डोले भरियालाइ विदा दी मोटर तिर जान्छु त सिट नदारद । के लाग्यो घर त पुग्नु नै थियो, जमाएँ पद्मासन मोटरको बिचमा तेर्स्याइएको एक जक्खु गुण्टा माथि ।

मोटर के घर्र चलेथ्यो खायो आफु बाजेले त्यहिं तिन वल्ड्याङ्। खुट्टा मास्तिर, ठाउको चाहिं त पुगेछ यौटी लाहुरिनी भाउजूको पादुकातिर ज्यू गर्न। बल्ल,तल्ल उठें। ठाउँ कतै थिएन। चढें फेरि त्यही गुण्टा माथि। कसें अनि भ्याउते आसन। चिउँडो बार बार गई गुण्टाको डोरीमा तछारिन थाल्यो। यो पनि भएन। एक छिनसम्म सोचेपछि बनाएँ त्यै गुण्टालाइ अब अरबी घोड़ा। दुवै गोड़ा खसालें गुण्टाको दायाँ-बायाँ। लगाम थियो गुण्टा कसेको डोरिको एक फुर्को। मोटर थचारिंदै पछारिंदै अगाड़ि बढदो थियो।

अलि तल आएपछि मोटरको गति बढ्यो। गुण्टा दोलायमान थियो। दारा किटदै म आफ्नो "पोजिशन"मा अडिग नै भै रहें। अनि त थाल्यो मेरो अङ्ग-अङ्गबाट नृत्य फुटन। त्यतिका वर्ष भारतमा बसें। कैय्यन कोशिश गर्दा पनि यो शरीरले नाच्नुको नाउँमा कम्मरसम्म बङ्ग्याउन जानेन। आज यो काँठमा यत्रो कलाको प्रदर्शन। कत्थक नृत्य, मनिपुरी, भारतनाट्यम् कुन नृत्य हो यो सम्म खुट्याइदिने यौटा कलाविद् यहाँ छैन। आज शरीरलाई भने न ताल न सुर न बाजा-गाजा, केहि चाहिएको छैन, केवल मोटरको ग्वाँ-ग्वाँ मै अंग-अंगबाट नाट्य फुटिरहेछ। आज बम्बै हुँदो हो आफु पनि एउटा निराला नृत्य निर्देशकको हैसियतले फिल्मी दुनियाँमा तहल्का मचाइदिन्थें। अफसोच बलम्बुको यो नृत्य त्यसै खेर जाने भयो।

यत्तिकैमा बसले यौटा कुलो नाघ्न "हाइ जम्प" गरे छ। सेकियो पुरपुरो गई बसको अग्राखे छानामा। ४४० भोल्टको झन्झनाहट तालुले अनुभव गऱ्यो। आँखाबाट तप-तप पीड़ाका दुइ बुँद झरे। सुमसुम्याउने हिम्मत आएन। हातले डोरी छाडूँ तीन बल्डयाङ्को फेरि पुनरावृत्ति। लाहुरिनी भाउजुका ती पादुका झन् अघिल्तिरै तेर्सिएका थिए। अत दुइ तीन घुट्का थूक निली शान्तिको अनुभव गरें।

अब मलाई पहिले त रिस उठ्यो मोटर देखि। गल्ड्याङ-गुल्डुङ्

सड़क भयो भन्दैमा मोटर गाड़ीले पनि हवाईमार्ग पकड्न खोज्ने। ऐले पल्टिएको भए। अनि सारै रिस उठ्यो सड़कदेखि। कैय्यन राणा प्रधान मन्त्री यसले देख्यो। श्री त्रिभुवन जस्ता अधिराज यसले देख्यो। जनताको सरकार पनि यसले देख्यो। एसिया, यूरोप, अमेरिकाका बड़े-बड़े कैय्यन व्यक्तिका आवत-जावत यल्ले देख्यो। सारांसमा सारा बाहिरका मुलुकसँग हाम्रो राजधानीलाई यसले जोड़िराखेको छ। अर्को कुरा प्रतिदिन यस सड़कलाई कति कति डनलप र फायरष्टोनका टायरले थिच्या-थिच्यै छ। तैपनि यो तीन कोशे सड़कले आफुलाई कस्तो बनाउन पर्ने जानेन। कसको के लाग्छ !

क्यै बेरपछि मेरो गुण्टाले ढुल्कीको चाल लियो। चिम्लिराखेको आँखा खोली हेरेको त त्रिपुरेश्वर पुगिएछ। इन्द्रचोक पुगि बसलाई छाड़िदिएँ। नृत्यबाट लखतरान भएको शरीरलाई फेरि यौटा टेक्सीमा लादी घरतिर हिड़ें। घर पुगी भाड़ा दिन मिटर हेर्छु त मिटर नै थिएन। भाड़ा सोद्धा दश रूपैयाँ भन्ने जवाफले मगज रंक्यो। मैले के यता-उताको कुरा गरेथें ड्राइवर साहेब थाले खरजको स्वर साध्न। म पनि कोमलबाट तीव्रमा पुगें। अनि त सुरू भयो हाम्रो हल्का-फुल्का संगीत। सिक्दै न सिकेको नृत्यको पनि त विना वाद्यको आधार मै त्यत्रो प्रदर्शन गरें। संगीतको त के कुरा भयो र सिकिराखेकै कला थियो। ड्राइवर साहेब पनि परेछन् घेरै रागका ज्ञाता। छेड्यौं अनि त हामीले शास्त्रीय संगीत नै। म थिएँ तानमा पोख्त, ड्राइवर परेछ तरानाको धुरन्धर। मेरो दीपक रागले त भन् आगो नै बल्यो। ड्राइवरले समम्मै पारी जमायो त्रितालाको एक भप्पा मेरो ढाडमा। विना तालको संगीतले त्यत्ति मजा पनि आइ-रहेको थिएन। राग छाड़ी हामी फेरि थाल्यौं शरीरबाटै तबलाको बोल हरू भिक्न। गणेशताल, झपताल, ब्रह्मताल एक-एक गरी बजायौं। म अब नगड़ा बजाउने सुरसारमा थिएँ। यत्तिकैमा घरका मान्छे आई ड्राइवरलाई विदा गरे। म पनि घरभित्र पसें।

# चिट्ठी

[ तारिणीप्रसाद कोइराला ]

अर्कै नयाँ डेरामा सर्दा मैले त्यहाँ दराजमा एक बिटो चिट्ठी फेला पारें। ती चिट्ठी जस्ताको तस्तै तल दिंदै छु :—

× × ×

विराटनगर
१२ जुलाई ४५

प्रिय शान्ति,

तीन महिनापछि आज बल्ल म चीठ्ठी लेख्न बसें। किन म यतिका दिन चुप्प लागें, यो थाहा पायौ भने तिमी मसंग अवश्यनै असन्तुष्ट हुनेछैनौ। तिमी मेरी यति प्यारी सखी हौ कि यस तीन महिनाभित्र भएका मधुर घटना सुनिसकेपछि तिमी भन्नेछौ,—"अथाह आनन्दमा चुर्लुम्म डुबेकी सखी! प्रेम गर, प्रेम गर;—प्रेमको पहिलो किरणले सारा शरीरलाई छोप, त्यो मुग्धकारी बेलाको एक पलपनि खेर नफाल।"

हो, शान्ति, म खेर फाल्दिन। अैले पनि मेरो भावनाको उद्वेग उम्लिएकै छ। मानसिक उत्तेजना मानो उत्ताउलिंदै छ;—अैले पनि मेरो अंग-अंग काँप्तैछ। बल्ल मैले मौका पाएकी छु तिमीलाई चीठ्ठी लेख्न; किनभने अैले 'उनी' बाहिर घुम्न गएका छन्। बल्ल मैले मेरो मधुर अनुभव पोख्ने मौका पाएँ!

तिमी सोधौली, यो 'उनी' को?—उनी हुन् मेरो दाजुका मित्र, किरण। एलॉयड बैंक, पटना शाखाका म्यानेजर;—हालै म्यानेजर भएका। त्यस बैंकको यहाँ पनि एउटा शाखा खुल्ने भएकोले उनी त्यसैको सिलसिलामा यहाँ आयेका हुन्। नेपाली हुनाले उनको यहाँ

ज्यादा प्रभाव पर्न सक्छ कि भनी हेड् ऑफिसबाट उनीनै खटिएका रे।—कुन्नि यहाँको व्यापारी क्षेत्रमा उनले कत्तिको प्रभाव पारे, त्यो त म भन्न सक्तिन; तर शान्ति, यहाँकी एउटी निर्दोष, भोला र सरल लड्कीमाथि भर्ने यति प्रभाव पारे कि उसको तन, मन र उसंग प्रेमको जति लुकेको पोको थियो, त्यो सबै नफर्काउने गरी बिना मूल्यमा उनले लिसके। अब म लुटिएकी छु शान्ति, लुटिसकेकी छु।—तर यसरी लुटिनमा पनि कस्तो आनन्द आउँदो रहेछ, मैले भैले थाहा पाएँ। लुटिएको थाहा पाउँदैछु, अनि मन् लुटिन चाहन्छु। मेरो केही बाँकी नरहोस, सबै उनैमा नेउछावर होस्।—म यति तृप्त छु कि अतृप्त रहन्छु; यति अघाएकी छु कि भोकी नै रहन्छु र यति जीवित छु कि निर्जीवनै रहन्छु।

पहिला दिन उनलाई मैले आश्चर्यसंग भेटें।

म आफ्नो बगैंचामा घुम्दै थिएँ। बेलुकाको सूर्य डुबिसकेको भए पनि उसले आफ्नो लाली बटुल्न पाएको थिएन। पश्चिम क्षितिज सुन्तले रंगमा डुबेको थियो। पश्चिमको पातलो बादलबाट रंगको प्रतिबिम्ब पृथ्विमा परेकोले, सारा पृथ्विमा परेकोले यस्तो उज्यालो टलक परेको थियो कि हरेक बस्तु अत्यन्त सुन्दर र उन्मत्त देखिन्थ्यो;—मानो मेरो बगैंचामा कसैले गुलाफी शराब पोखि दिएको छ। मसंग छिमेककी एउटी बालिका पनि डुल्दै थिइन्; उनको अनुहार त्यो प्रतिबिम्बले अत्यन्त तेजिलो, अत्यन्त शुभ्र र अत्यन्तनै सुकुमार देखिएको थियो। फुस्रो कपाल मानो सुनको तारजस्तै टल्कियो। मैले अनुमान गरें, ममा पनि त्यो लालिको असर अवश्यनै पर्‍यो होला। त्यो सौन्दर्य र जीवित वातावरण देखेर मेरो मनभित्र यस्तो हलुका कुतिकुति लाग्यो कि मैले ती छिमेककी बालिकाको दुबै पाखुरालाई चपक्क समातेर उनको ओठमा अँ, ओठमा, शान्ति,—म्वाँई खाएँ।

टाउको उठाएर हेरेको त एउटा अपरिचित व्यक्ति पो सड्कमा

उभिएको छ। त्यस मानिसको पछि गुण्टा बाकस लियेको दुई जना कुली। कहीं मेरो मित्रको भावनालाई त ती नवागन्तुकले थाहा पाएनन् भन्ने डरले म संकुचित भयेर झट्ट उठें। मलाई अनुभव भयो कि मेरो नशाको सारा रगत मुखमा आएको छ।

"नारायण बाबूको घर यही हो ? —म किरण हुँ;—वहाँको मित्र। उनले मलाई सोधे। अनि पो मलाई लाग्यो, शान्ति, कि उनले मेरो मनको भावनालाई बुझ्नेनछन्। के खेल्दै थियो मेरो अन्तरंगमा त्यो उनीके थाहा पाउन् ?—के बालिकालाई स्नेहले म्वाँई खानु पाप हो ?

मैले भनें, —"हो, यही हो वहाँको घर;—हिंड्नुस।" म अप्ठ्यारोमा परें कि पाहुनालाई अगाडि हिंड्न दिउँ कि म अगाडि हिंडूं। —बगैंचाको बाटो क ते साँगुरो छ, त्यो त तिमीले देखेकीनै छौ।

उनले मेरो अप्ठ्यारो बुझेछन्। भने,—"तपाईं नारायण बाबूकी बैनी हैन—ज्योत्स्ना ?—उनी तपाईंको बारेमा मसंग धेरै कुरा गर्द थे। वा त घरैमा हुनुहुन्छ ?"

मैले भनें,—"हुनुहुन्छ; तर अैले बाहिर बाजारतिर जानुभएको छ।

उनीनै अगाडि हिंडे। तर यस्तो असंकोच मानेर उनी मसंग कुरा गर्दै थिये, मानो उनको र मेरो धेरै पहिलेको परिचय हो।

उनी बड़ा फतुरे छन्। पहिलो भेटमानै उनो थाले कुरागर्न निस्फिक्री भएर,—'ओहः,—तपाईंको बिराटनगरको बाटो देखेर त म छक्क परें,—झन् त्यो बसको घुइँचो— काउली लादेजस्तो। पेटमा कमसे कम ५।६ तोला धूलो त अवश्यनै पस्यो होला !" अनि अचानक कुरा फेरेर सोधे,—"मेरो तार पाउनुभएन ?—अचेल तार पनि चिट्ठीकै चालले हिंड्छः,—केही ठेगान छैन।—तार आइ पुगेको भए त नारायण अवश्य स्टेशनमा आउँथ्यो।"

आफूले सोधेको कुराको उत्तरलाई पर्खिंदै नपर्खी उनी भन्दै गए,— "बगैंचा त खूब राम्ररी राखेको रहेछ; शायद नारायणको मेहनत होला !

उ पहिलेदेखिन्नै बगैंचाको शौकीन थियो; होष्टलमा पनि लड्न्त गरेर चारैतिर गमला राख्न लगाइछाड्यो।—नारायण त घरैमा होलान्, हैन ?—तर पहिले त म न्वाहुँछु, ज्योत्स्ना देवी !"

शान्ति, उनको मुखबाट मेरो नामको उच्चारण सुन्दा म पहिला पटक सिरिङ्ग भएँ। कस्तो सफा र स्पष्ट उच्चारण गरे,—ज्योत्स्ना ! पहिला पटक मेरो मुटु थर्कियो।—किन ?—मलाई थाहा छैन।

"केही खाउनु पनि पर्छ तपाईंले," भनेर उनले फर्किएर एक पटक मलाई हेरे।—हेर्छु भनेर हैन, त्यसै लहड्मा।—"कटिहारमा खाने समय पाइँन र कटिहारपछि खाने व्यवस्था थिएन।"—

हामी आँगनामा पुग्यौं। बरन्दामा माल-सामान राख्न लगाएँ। उनले कुलीलाई विदा गरे।

बाहिर नयाँ मानिसको आहट पाएर दाजुले माथि बरन्दाबाट हेर्नुभयो र आगन्तुकलाई देखेर 'किरण, किरण' भन्दै हतारिंदै तल झर्नुभयो।

धेरै बेर दुइजनाले उभिएरनै कुरा गरे, र अनि दाजुले मेरो परिचय गराउन लाग्दा किरणले भने,—"म परिचित भइ सकेको छु,—ज्योत्स्ना देवी हैन ?"

कुन्निकसरी हो, शान्ति, उनी यसरी मेरो नाम उच्चारण गर्द थे कि मेरो शरीरमा एक किसिमको रोमाञ्च हुन्थ्यो। जस्तो बेफिक्रीका साथ उनी मसंग कुरा गरिरहेका थिए, त्यो देखेर मलाई अत्यन्त प्रभाव पार्‍यो। नयाँ ठाउँमा भरखर आएका र म जस्तो अपरिचित लड्की सँग यसरी निस्संकोच कुरा गर्न सक्नु, के यो गुण हैन ?—तिमी भनौली,—'मन पराउने मानिसले जे गरे पनि गुणनै कहाउँछ।' होला त्यो पनि, शान्ति,—तर भैगो, यी गन्थन म गर्दिन।

न्वाही-ध्वाही गरेपछि उनलाई ख्वाउन मनै खटिएँ। अरूको निम्ति मलाई खटाएको भए शायद त्यति दिलचस्पी र आनन्दले म आगोमा

बस्न मन पराउन्न थें। तर त्यो उत्ताउलो र दुष्ट नवागन्तुकलाई खवाउनुपर्दा म बज्यैको भर पर्दिन। उ यति भोको थियो कि दाजु बार बार कराउँदै हुनुहुन्थ्यो,—"चाँडो गर, ज्योत्स्ना—झट्टै गर; नत्र तिम्रो बिछाउनाको सबै तन्ना खाइसक्नेभो।"

मैले हत्तपत्त खाना तैयार गरें र माथि लिएर गएँ। पर्खिउञ्जेलसम्म उनले एक टिन बिस्कुट खाइसकेका रहेछन्।

उनी खान लागे। म उनले खाएको तमाशा हेरिरहें। शान्ति, त्यस्ता रुचि भएका मानिस संसारमा थोरैनै हुन्छन्। मलाई डाह लाग्यो;—मेरो पनि त्यस्तै रूची हुँदो हो! थाल-कचौरामा एक कुरा रहेन। उनी दाजुसंग पनि कुरा गर्दै थिए र कहिलेकाहीं मतिर पनि हेर्दै थे। त्यस्तो निधक्क र पुरा तवरले मलाई बार दाजु छाड़ी अरू कुनै लोग्नेमानिसले हेर्न सकेको थिएन। उनको त्यस किसिमको हेराइ देखेर म संकोचले आँखा झुकाउँ थें। उनी हाम्रा पाहुना,—तर मानो हामी पो उनका पाहुनाजस्ता लाग्दथ्यौं त!

उनले तरकारीको खूब तारिफ गरे; र यतिसम्म भनें कि त्यस्तो स्वादिष्ट उनले आफ्नो जीवनमा कहिल्यै खाएका थिएनन् रे। देख्यौ उसको बदमाशी, शान्ति?—तर दाजुले भन्नुभयो,—"शायद भोकको स्वाद होला!"

"कुनै हदसम्म त्यो पनि होला, तर..." भनेर मुस्कुराउँदै उनले मतिर हेरे र वाक्यलाई अपुरानै छाडिदिए। उनको र मेरो नजर जुध्यो, यसरी जुध्यो मानो केही कुरा चकनाचूर भयो--के भयो म भन्न सक्तिन्न। तर योचाहिं हुँदो रहेछ जसको न आवाज सुनिन्छ, न दृश्य देखिन्छ!

मेरो मात्र हैन, त्यस बेला त्यो साहसी पुरुषको आँखा पनि धेरै बेर अडन सकेन। संकोचले उसले यति चाँडो आफ्नो आंखा दाजु तिरलग्यो कि मैले थाहा पाएँ कि उ किन पराजीत भयो। उसको मनमा

पनि त्यस बेलाको निम्ति त्यस्तै भावना उत्पन्न भयो होला जस्तो मेरो दिलमा थियो, उ पनि त्यत्तिनै आन्दोलित भयो होला जति म भएकी थिएँ;—त्यो एक क्षण उसको मुटुमा पनि सुईंचालो गयो होला ।

LOVE AT FIRST SIGHT भनेको यही रहेछ, शान्ति । कोही भन्दछ, देख्नासाथ उत्पन्न हुने प्रेम वासना हो । आपसमा जबसम्म हृदय-विनिमय हुँदैन, जबसम्म एउटा अर्कोलाई पूर्ण अध्ययन गरेर आफ्नो किसिमको पाउँदैन, जबसम्म धेरै दिनको सहवासबाट एउटाले अर्कोलाई चिन्दैन, तबसम्म सच्चा प्रेमको आविर्भाव हुनै सक्तैन । त्यस्तो हो भने यो मेरो के होत, शान्ति ?—सिर्फ वासनामात्रै ? यदि त्यसो हुँदो हो त यो तीन महिनासम्म जब कुनै बेलापनि हामी वासनाको लिप्सा पूर्ण गर्न सक्तथ्यौं भने किन हामी दुवैमा कहिल्यै त्यस्तो विचार उत्पन्न भएन ?—किन ?

कसैलाई मनपराउनुनै वासना हो भने त, अनि प्रेम के हो नि ? तिमी भनौली, मानिस धेरैलाई मन पराउँछन; तर त्यस मनपराइमा कति तीक्ष्णता, कति व्यग्रताछ, कति Intensity का साथ मनपराइएकोछ;—प्रश्न त त्यो पो छ ।—यदि यै हो भने, शान्ति, मलाई सन्तोष छ कि म किरणलाई उग्र रूपले प्रेम गर्दि रहेछु । Intensity को कुरा गर्ने हो भनें, त्यो चरम चुलीमा पुगि सकेकोछ । अब त्योभन्दा बढ्ता केही बाँकी छैन । जानदेऊ यी कुरा, म बहस गर्दिन । बहसगरेर म त्यस प्रेमको पवित्रता र माधुर्य नष्ट गर्न चाहन्न ।

यो तीन महिनामा मैले यही अनुभव गरें कि म उनीसंग विकिसकेकी छु, उनमा लीन भइसकेकी छु र अैले अनुभव गर्दैछु कि उनी नभई म बाँच्नै सक्तिन ।

अनि सुन, त्यसपछि के भयो ।—खाउञ्जेल उनले मलाई हेर्न सकेनन्, दाजुसंगनै कुरा गरिरहे । त्यसै बेला बा पनि आइपुग्नुभयो । दाजुले बासंग उनको परिचय गराउनुभयो । जति हेलमेलसंग

लापरवाहीका साथ मित्रताले उनी हामीसंग पेश आएका थिए, बासंग उतिनै भद्रता, नम्रता र डराएर पेश आए। म छक्क परें कि त्यस्तो चंचल, निर्भीक र बोलिरहनुपर्ने मानिस, बा आउनासाथ कति सौम्य, कति सुधो र कति गंभीर भएको छ। परिचय भएपछि उसले हत्तपत्त निश्चय गर्न सकेनन् कि बालाई नमस्कार गर्ने या गोड़ामा ढोग्ने, या केही नगर्ने। तर उसै क्षण उसले ढोग्ने निश्चय गऱ्यो र ढोग्नलाई झुकेको मात्र थियो कि बाले आश्चर्यचकित भएर दुबै हातले उसको टाउको उठाउँदै भन्नुभयो,—"भयो, भयो, नानी। के गऱ्या ?"

मैले उसलाई हेरेको त उसको अनुहार किन हो संकोचले बलेको छ। तर त्यो एक पल मात्रै; अनि उसले भन्यो,—"नारायण जस्तै म यहाँको छोरो हैन ?"

"किन हैनर, किन हैन ?" बाले भन्नुभयो।

"त्यसो भए नारायणले पाएको हक मैले पनिपाउनुपर्छ।" यति भनेर उ फेरि निहुरियो; बाले केही बोल्नुभएन।

दुइ–चार दिनसम्म उनि आफ्नो बैंकको काममानै लागिरहे। धेरैजसो बाहिरै रहन्थे र खाने बेलामा मात्र घर आउँथें। राती हामी सबैजना बाको कोठामा भेला हुन्थ्यौं, र कुराकानी हुन्थ्यो। उनी खूप गफ गर्थे। तर एउटा कुरा मैले के देखें भने, उनी मतिर बहुत कम हेर्दछन्; हेरे पनि किन हो मेरो आंखामा हेर्न सक्तैनन्। एक–दुइ पटक उनको र मेरो आँखा जुध्यो। उनले अड़ाई राख्न सकेनन्। एक क्षणको निम्ति उनको अनुहार लज्जाले दीप्त हुन्थ्यो र कुरा गर्दा-गर्दै उनी अलमलिन्थे।

दुइ—चार दिनसम्मत, शान्ति, कुनै विशेष घटना घटेन। म उनी-संग बोल्न नसके पनि उनले बोलेको सुनि रहन्थें, उनले गरेको काम हेरि रहन्थें।

यसरी हामी दुइ जनाको बिचमा अव्यक्त रूपको खिंचाव बढ्दै गए पनि व्यक्तरूपले त्योभन्दा बढ्ता अरू केहो हुन नसकेकोले मेरो मन घबड़ायो। म चाहन्थें कि अरू पनि केही होस्। के होस्, त्यो नथाहापाएर पनि चाहना थियो कि केही प्रगति होस्;—केही त होस्। कि अचानक—

एक दिन दिउँसो घरमा कोही थिएन। बा बजारतिर जानुभएको थियो र दाजुचाहिं कुनै कामविशेषले स्टेशन जानुभएको थियो। उनी पनि आफ्नो काममा बाहिरनै थिए। दिउँसो अन्दाजी दुइ बजेको थियो होला। म एकली दाजुको कोठामा बसेर भरखर आइपुगेको अखबार पल्टाउँदै उनैको बारेमा सोचिरहेकी थिएँ।

भरेंगको खुड्किलाबाट कोही चढ़ेको आवाज आयो। दाजु आउनुभयो होला भनेर केही वास्ता गरिन। किरण आउलान भन्ने मैले एक रत्ती सोचेकी थिईन।

"उह:, नारायण! टट्टू थाकेको जस्तो थाकेको छु; एक कप चिया खान्छु—" भन्दै उनी भित्र पसे र कोठामा मलाई देखेर अकमकाए।

"नारायण छैनन् ?"—उनले सोधे।

घरमा म एकली थिएँ। किरणलाई देखेर मलाई होश भयो कि यो घरमा किरण र म मात्रै छौं।

शान्ति!—म यस्तै कुनै दुर्घटना चान्हथें; तर जब हुन खोज्यो अनि म सक्पकाएँ। मैले बसेको ठाउँ बाट उठ्न खोज्दै भनें,—"दाजु स्टेशन जानुभएको छ।" अनि किन हो कुन्नि मेरो मुखबाट आफसे आफ निस्क्यो,—"बा पनि हुनु हुन्न।"

उनी यो भन्दै कि 'मेरो धेरै काम बांकीनै छ,' जान लागेका थिए कि मैले साहस बटुलेर भनें,—"चिया खाएर जानुस म अैले बनाएर ल्याउँछु।"—र मैले पुलुक उनलाई हेरें। उनी अझै ढोकामानै उभिएका थिए। हातमा एउटा फाइल थियो। घामबाट भरखर आएकोले

उनको अनुहार रातो भएको थियो र निधारमा पसिना टल्किन्थ्यो। उनको आँखा भयभीत भए पनि आँखामा मुस्कुराहट थियो।

चिया बनाउन म बाहिर जान लागेकी थिएँ तर उनी ढोकाबाट हटेनन्। ओः !!!—मेरी शान्ति, त्यस बेला मेरो के अवस्था भयो होला? म जे चाहन्थें त्यही भइरहेको थियो तर त्यसको मुकाबिला गर्न सक्ने मेरो हिम्मत किन नभएको ?

ढोकानिर पुगेर मैले उनलाई यसरी हेरें मानो म आँखाले भन्दैछु, —"मलाई बाहिर जान देऊ,—तिम्रो चिया बनाउँ छु। विन्ती, जान देऊ।"

तर त्यो ढिठ हटेन। उसले ठिङ्ग उभिएर मलाई मात्रै हेरि रह्यो।

'जान देऊन !"-भनेजस्तो गरी मैले हेरेको त उ मुस्कुराई पनि रहेको।

बल्ल उनी हटे। अनि उनले भने,—"तीन कपजति बनाए, है, ज्योत्स्ना ? दुइ कप नभई यो पटनैयाको चित्तनै बुझ्दैन, र एक कप तिमी लाई।—अवश्य।"

—र घबड़ाएको जस्तो गरि फेरि भने,—"अचानक म 'तिमी' मा उत्रियें छु, ज्योत्स्ना देवी,—तर नारायणको जति हक त मेरो पनि त होला नि !"

केही जवाफ नदिएर म तल झरें, तर मेरो हृदय डाँवाडोल हुँदै थियो।

एक छिनपछि म चिया लिएर माथि गएँ। उनी दाजुको बिछौनामा पल्टिएका थिए। मलाई देखेर उनी उठे र तल गलैंचामा बसे।

'अब के हुन्छ ?'—मेरो मनमा यही प्रश्न खेलि रहेको थियो। उत्तेजनाले मेरो मन भरिन लाग्यो। म घबड़ाएकी पनि थिएँ। तर त्यो घबड़ाहटमा डर थिएन, कंपन थियो, सिहरन थियो, आतुरता थियो।

उनले आफैं चिया बनाएर पहिलो कप मलाई दिए। मेरो मन कताकता उड़ेको थियो। म आफूमा थिइन। यसरी घबड़ाएर मैले चिया

लिएँ कि यसो गर्दा मेरो औंलाले उनको औंलालाई छोयो। यो स्पर्श मानो बिजुलीको करेण्टको स्पर्श थियो। सारा शरीर काँप्यो; केही क्षण को निम्ति मैले अन्धकार देखें। र त्यस बेहोशीमा मैले उनलाई हेरें उनी मुस्कुराई रहेका।

"कुनै ठूलो कुरो भएन ज्योत्स्ना।"—उनले मेरो मनको अवस्थालाई बुझेछन्।—म हतबुद्धि भएँ।

तर अचानक उनले एकदम खिन्न भएर भने,—"मेरो जीवनमा यस पालि एउटा ठूलो घटना भयो;—नजाने के परिणाम निस्किन्छ।" अनि फेरि एक छिन थामेर उही स्वरमा भने,—"मेरो काम चाँडै सकिएला जस्तो छ; मैले चाँडै पटना फर्किनुपर्ला!

उनको त्यो स्वरले मेरो हृदय रुन लाग्यो, शान्ति! एउटा भारी मुस्लो छातीबाट गलासम्म आएर रूक्यो।

त्यस दिन योभन्दा बढ्ता केही भएन। के एक दिनको निम्ति यत्तिनै पर्याप्त हैन?

भोलि पल्टदेखि उनी मसंग राम्ररीनै बोल्न लागे। जसरी पहिला दिन बगैंचामा मसँग पेश आएका थिए त्यसरीनै निर्भिक भएर मसँग कुरा गर्न लागे। हामी दुबैले आपसको कुरा बुझिसकेका थियौं। त्यस विषयमा व्यक्तरूपले कुरा नभए पनि हाम्रो मौन समझौता भइसकेको थियो, र हामी दिन-दिनै नझिकै हुँदै गयौं। हाम्रो संकोच हट्तै गयो। म पनि उनीसँग निसंकोच कुरा गर्न लागें।

एक दिन बेहान म तल झर्दै थिएँ र उनी न्वाहेर माथि आउँदै थिए; भरेङ्गमा एकजम्का भेट भयो। म सरक्क एकाछेउबाट जान लाग्या-थिएँ कि उनले 'अब चिया खाने हैन?' भनेर मेरो गालामा हलुकासँग प्याट्ट पिटे र माथि गए। म स्तब्ध भएर, अन्योलमा परेर र आनन्दमा बिभोर भएर ठिङ्ग उभिई रहें। कस्तो मिठो थियो त्यो स्पर्श!

चिया लिएर जब म दाजुको कोठामा गएँ, उनी थिएनन। दाजुले भन्नुभयो,—"आज किरणलाई थुप्रो पोथा टाइप गर्नु छ रे; उसको चिया यहीं बनाएर उसको कोठामा लगिदेऊ।"

एउटा हातमा चियाको प्याला र अर्कोमा खाने कुराको तस्तरी लिएर म किरणको कोठामा पुगें। उनी टाइप गरिरहेका थिए। टाइप-राइटर राखेको टेबुलमा कागत छरिएको थियो,—एउटा सानू ठाउँ पनि खाली थिएन।

हातमा लिएको तस्तरी र कप राख्नलाई कागत पन्छाएर ठाउँ बनाई देलान् भनी म उभिएँ। तर उनले चुपचाप मलाई हेरी मात्रै रहे। कागत पन्साउने नाम पनि लिएनन्।

मैले भनें,—"कहाँ राखूँ ?"

उनी मुग्ध भएर हेर्दै रहे।

"भन्नुस्न, कहाँ राखूँ ?"—मैले रिसाए झैं भनें,—"हात पनि थाकिसक्यो।"

अनि मुस्कुराउँदै उनले भनें,—"मेरो दाहिने हात त सीमीले गर्दा बेकम्मा भएको छ;—खास गरी औंलाहरू। र देब्रे हातले चाहिं आफ्नो साथीको सहानुभूतिमा हड़ताल गरिदिएको छ। भन, म कसरी कागत पन्साऊँ ?"

बुझ्यौ शान्ति, उनले के भनेको ?

मलाई अचानक कुनै शैतानी गर्न मन लाग्यो। अब म लाजमानने खालकी थिइन। अब त म कहिलेकाहीं उनलाई जिस्काउँथें। र कहिले, काहीं ठुस्किन्थें पनि। तर उनी संग एक्ली भएको बेलामा मात्रै !

मैले भने,—"भैगो, तपाईंलाई खानु छैन भने, म खाइदिन्छु।"

—अनि मैले सुप्रक्क गरेर एक घुट्को पिई पनि दिएँ।

यति के गरेकी थिएँ कि उनी हत्तपत्त कुर्सीबाट उठे र मेरो हातबाट चियाको प्याला खोस्तै भने,—"बस्, बस्;—मेरो भाग पनि राखि देऊ।" — र आश्चर्य, शान्ति, त्यो मेरो जुठो चिया म तिर हेरेर मुस्कुराउँदै खान लागे।

म स्तब्ध भएँ, स्तब्ध। तर साथ-साथ मेरो मन अज्ञात आनन्दले विभोर भयो, र तृप्त भएँ।

कपबाट आँखा उठाएर उनले मलाई यसरी हेरे, मुस्कुराए कि त्यस बेला मैले देखें उनी कति सुन्दर, कति भोला र कति स्वस्थ पुरुष रहेछन्।

"तिमी थाहियौ ?"—उनले भने,—"यो कपको चेरा कति भाग्यवानी रहेछ कि तिम्रो—" उनले यो वाक्यलाई अधुरै रहन दिए र अरूनै कुरा थाले,—"म त सेकेण्ड हैण्डमा परें, ज्योत्स्ना ! —म अभागी।"

—र शान्ति, मेरो दिन यसरीनै-यही हृदय स्पर्शी उत्तेजनामा बित्दै छ। मलाई लाग्छ कि म अब योभन्दा बढ़ता आनन्दमा परें भने बेहोश हुन्छु।

तर आज त्योभन्दा पनि बढ़ता भयो शान्ति, त्योभन्दा पनि बढ़ता। जसको झन्का अहिलेसम्म मेरो अंग-अंगमा व्याप्त छ। मेरो ओठमा अझै पनि त्यो गर्मी छँदैछ; त्यसको अनुभव गरेकीले म काँपेकीछु—ओः— शान्ति, मेरो हृदय बाहिर निस्किन खोज्छ—

आज भयो शान्ति, बिदा।

तिम्रो उन्मादिनी सखी
ज्योत्स्ना

( २ )

विराटनगर,
१९ दिसम्बर १९४५

प्यारी सखी शान्ति,

मैले पहिलेनै गलती गरेंछु, अब त्यसको प्रायश्चित्त मुटुलाई धुजा धुजा पारेर, आत्मालाई सकेसम्म व्यथा दिएर गर्दैछु। म अभागिनी रहिछु कि आज निराशाको बोझले थिचिएकी, आफैंले आफैंलाई लुटाएकी, डुबाएकी, हताश भएर तिमीलाई यो पत्र लेख्दैछु। रून खोज्छु, आँसू झारेर हलुंगो हुन खोज्छु तर मुटुबाट भक्कानो उठेर घाँटीसम्म आउँछ;—आँसू झर्दैन, रून सक्तिन्न। म छट्पटाएकी छु, रून नसकेर। मेरो निम्ति अब छट्पटाउनै लेखेको छ, छटपटाउँदै मर्नु लेखेको छ। मलाई मर्न देऊ। तर मर्न पनि सक्तिन, शान्ति, किन?

दाजु त तैयार हुनुहुन्छ, तर बा मान्नुहुन्न। वहाँ भन्नुहुन्छ,—के नेपालमा लड्का सिधिएर हिन्दुस्तान दुगुर्नुपर्‍यो। बा चाहनुहुन्छ कि म यस्तोठाउँमा परूँ जहाँ धन होस्, सम्पत्ति होस्, सासू-ससुरा हुन्, नन्द-देवर हुन्, इष्ट-मित्र हुन्, इज्जत होस्, विद्या होस्। कुनै परिवार भएको केटो मेरो निम्ति वहाँ चाहनुहुन्छ। किरण एकलो छ, उसका कोही छैनन्। किरण गरीब छ भनेर त बा पनि भन्नुहुन्न। एउटा प्रतिष्ठित बैंकको प्रान्तीय शाखाको म्यानेजरको तलब कति हुन्छ त्यो बालाई थाहा छ, तर खातेपिते भएर मात्रै वहाँलाई सन्तोष छैन। अरू माथि भनिएका शर्त्तहरू पनि पूरा हुनुपर्छन्;—र त्यो नभएकोले शान्ति, म लुटिएँ, मेरो जीवन बरबाद हुन लाग्यो। बाकी अगाड़ि मुख्य प्रश्न छ—आफ्नो मुलुकमा केटा सकिए?

मेरो निम्ति त सकिए शान्ति! प्रेमको प्रथम प्रकाश भएर किरण मेरो हृदयमा पसे। त्यही प्रकाश लिएर म मर्छु। मैले एक पटक आफ्नो सारा सर्बश्व उनलाई दिइसकें, अब फिर्ता लिन सक्तिन, लिन्न पनि।

अब अरूको भएर म बस्न सक्तिन। मेरो हृदय अरूलाई ग्रहण गर्न सक्तैन।—मैले दिइसकें, दिइसकें।

र अस्ति बैंकको प्रगति हेर्न उनी यहाँ आएको बेला मैले सबै कुरा उनलाई भनें;-मेरो प्रेम उनी माथि ओइरिदिएँ;-उनको अगाडि रोएँ—मेरो सारा आँसु पोखिदिएँ। उनले यो हेर्न सकेनन्। आँखा पुछ्तै 'मलाई जरूरी काम छ' भनी आफ्नो आँसु लुकाउँदै घरबाट बाहिर निस्के र बजारतिर नगएर सोझै नदीतिर लागे। म झन् रोएँ।

तारा देखिएपछि उनी घर फर्के। घर आइपुग्ना साथ उनले आफ्नो पुण्टा कसेर पटना जान तैयार भए। बा हुनुहुन्नथ्यो। दाजुले सबै कुरा थाहा पाउनुभयो, दिगदार हुनुभयो, उनलाई रोक्न खोज्नुभयो। तर मानेनन्; उनले भने,-"मेरो बैंकको काम सकियो। हेड् ऑफिसबाट पटना जानू भन्ने जरूरी तार आएको छ।" यो एकदम झुठा कुरा उनले भनेका थिए। दाजुले रोक्नलाई धेरै जोर गर्नु भयो, भन्नुभयो,-"अैले राती त कुनै ट्रेन छैन, बरू भोलि बेहान को गाड़ीबाट जानू" तर उनले मानेनन्। बेहान ट्रेन छुट्न सक्छ, बरू रातीनै स्टेशनमा पुग्यो भने भोलि बेहान होलैसंग गाड़ी समात्न सकिन्छ भनेर उनी हिंडे।

आज दाजुलाई उनको चिट्ठी आयो,-पहुँचको खबर। अरू केही लेखेको थिएन, शान्ति।—झन् मेरो विषयमा त एक शब्द पनि लेखेको थिएन। आखिर लेखुन्नै के?

अब बताऊ, शान्ति, म के गरूँ? भागूँ?-जाऊँ पटना?-तर त्यसो गर्ने ममा हिम्मत छैन। मजस्ती लाच्छीलाई यहीं भुट्भुटिएर सेलाउनुछ, सेलाउन देऊ, चुपचाप सेलाउँछु।

चिट्ठी बन्द गर्न लागें,—तर बन्द गर्न घबड़ाएकी छु। तिमीलाई आफ्नो दुःख लेखुञ्जेल मलाई शान्ति मिल्छ। त्यसपछि त फेरि उसिलो कल्पना, गहुँगो बोझा र खोक्रो मुटु! अभागिनी,

ज्योत्स्ना

( ३ )

विराट्‌नगर
२७ मार्च १९४६

मेरी शान्ति सखी,

दिन भारी लाग्छ । बिर्सिन सकेकी छैन । मेरो अवस्था देखेर बा हतारिँदै हुनुहुन्छ लडको खोज्न । अनि दाजु बालाई दवाब दिँदै हुनुहुन्छ कि किरणसंगनै मेरो बिहा होस्। यस संबन्धमा मैले दाजुलाई एक शब्द पनि भनेकी छैन तर मानो मेरो व्यथाले वहाँ पनि उत्तिकै व्यथित हुनुहुन्छ।

अस्ति मलाई हेर्न बाले एक जानालाई बोलाउनुभएको थियो । मलाई बाले सिंगारिएर आउने आज्ञा दिनुभो । तर ममा के उत्साह थियो र म सिंगारिने ? त्यो मलाई हेर्न आउने मानिसका उपर मलाई बिना कारण घृणा उत्पन्न भयो !–साधारण बेला म जस्ती रहन्थें, त्यस बेला अझ भत्ल्याङ्ग भुत्लुङ्ग भएर म त्यो नयाँ मानिसकहाँ पुगें !–त्यसको अनुहार देखेर दया भयो मलाई;—त्यसलाई घृणा गर्नु, त्यसमाथि क्रुद्ध हुनु के मेरो लड्कपन हैन ?—तर—

त्यसले नमनपरा ओस् भनेर म भरसक नराम्रो भएर गएकी थिएँ । तर उसले मलाई मनपरायो । म छाँगोबाट खसें !–अब के हुन्छ शान्ति ? मलाई लाग्यो कि गएर भन्दिउँ–"म बिकिसकेकी छु–किरणसंग बेचिएकी छु–जुठी छु !" तर त्यो साहस पनि ममा कहाँ थियो र ! म लाच्छी !

उ गएपछि बा र दाजुको कुरा पनि लुकेर सुनें ।

"बरू आफल्दिनुनि इनारमा,"–दाजु भन्दै हुनुहुन्थ्यो ।

बा झोक्किनुभो, दाजु पनि झोक्किनुभो !

दाजुले मलाई एकलोमा भन्नुभो,–"किन यस्ती ओइलाएकी, ज्योत्स्ना ?"

म रूनमात्रै सकिंन शान्ति ! झर्न लागेको आँसूलाई रोकेै म बाहिर निस्किएँ ।

किरणको चिट्ठी बराबर दाजुलाई आइरहन्छ। मेरो विषयमा केही लेखेको हुंदन। एक पल्ट दाजुले किरणको चिट्ठी मलाई पढ्न दिनु भयो, लेखेको थियो,—"तिम्रो दयाको बोझाले म दबेको छु; मेरो हार्दिक धन्यवाद छ। तर म चाहन्न कि मेरो कारण तिम्रो घरमा मनोमालिन्य बढ़ोस्। तिमीहरुको पारिवारिक जीवनमा, म प्रार्थना गर्दछु, मेरो कारणले नराम्रो नपरोस्।"—

उनको चिट्ठी माथिदेखि तलसम्म हताश भएर लेखिएको थियो। स्पष्ट थाहा हुन्थ्यो कि उनी निराश छन्, र निराशाले पोलिएका छन्।—म रुन्छु, रून देऊ!

अभागिनी,

ज्योत्स्ना

( ४ )

विराट्नगर

६ अप्रेल १९४६

प्यारी शान्ति,

कसरी चिठ्ठी शुरू गरूँ, बुझ्न सकेकी छैन। अचानक यत्रो आनन्द र उल्लासले भरिएकी म, के पहिले लेखूँ म सोच्न सक्तिन। यो दस दिन-भित्र यस्तो घटना भयो कि म अब भरपूर भएकी छु। जे चाहन्थें त्यो पाएँ। मेरो दाजुको प्रयत्नले मैले आफ्नो अमूल्य रत्न फेला पारें। अब म पहिलेकी उदास, हताश र निराश भएकी ज्योत्स्ना छैन। मेरो नसा-नसामा कम्पन छ, अंगप्रत्यंगमा सिहरन छ। म, शान्ति, अब तृप्त छु।

म आफ्नो तर्फबाट तिमीलाई निमन्त्रण दिंदैछु; अवश्य आए। समयमा तिमीलाई बाको तर्फबाट निमन्त्रणा पनि पुग्नेछ। आएर हेर; कहीं किरणले तिमीलाई पनि पागल नतुल्याउन्!

आज म उत्ताउलिएकी हुनाले धेरै लेख्तिन।

ज्योत्स्ना

( ५ )

पटना
१६ जुलाई १९४६

मेरी शान्ति !

घेरै ठाउँ पुगेर आज यहाँ आइपुग्यौं। तिम्रो हार्दिक शुभकामना र बधाईको निम्ति मेरो र किरणको तरफबाट प्रेमपूर्वकको धन्यवाद। यहाँमा तिम्रो निस्सन्देह दुना आनन्द भयो। किरणले तिमीलाई कस्तो भाव पारे, त्यो त न तिमीले त्यस बेला बतायौ, न चिठ्ठीमानै लेख्यौ। अनुहार हेरेर र दुइ शब्द बोल्दैमा म आफ्नो सम्मति दिन डराउँछ', नी जो लेखेकी छ्यौ, त्यो अत्यन्त उचित कुरा लेखेकी छ्यौ। तिम्रो विषयमा किरणलाई मैले सोद्धा पनि त्यस्तै जबाफ दिएका थिए। तिम्रो चिठ्ठी मैले उनलाई देखाएँ। उनले अनुरोध गरेका छन् कि एक पटक तिमी अवश्य यहाँ आउ। मैले उनी संग ठट्टा गर्दै भनें,—'फेरि त पन्छिउँलानि !'—कुन्नि शान्ति, तिमी आयौ भने साँचिनै म पन्छिने पो हुँ कि ?—तर एक पटक आऊ शान्ति ! —विन्ती, आऊ ! स्वर्गीय आनन्दले म घाँटीसम्म डुबेकी छु। आएर हेर, म कति सुखी छु, र कस्तो सन्तोषको शान्त प्रवाहमा बगेकी छु।

गत एक महीना त मेरो जीवनको सबैभन्दा सुखमय बेला थियो। हामी दुइ जना, मानो एक जोड़ा परेवा नीलो आकाशको स्वच्छ मार्गबाट कता-कता उड़ेर गए जस्तै चारै दिशा डुल्यौं। कुनै सुमधुर सपनामा भुलिएझैं हामी भुलिएका थियौं; र जसरी सपनामा पटपरिवर्त्तन हुँदै जान्छ र छिन-छिनमा नयाँ-नयाँ ठाउँमा। पुग्दछौं त्यसरीनै हामी डुली रह्यौं;- कहिले कहाँ, कहिले कहाँ। तर जहाँगयौं रमाइलो गर्दै गयौं, रमाइलो पाउने ठाउँ छान्दै गयौं। मन रमियो भने दुनियाँनै रमिएको देखिन्छ, शायद त्यही भएका होला। तर जेहोस्, मानिसको जीवनमा यत्रो थुप्रो आनन्द पनि अटाउन सक्तोरहेछ भन्ने म अैले थाहा पाउँदै छु।

म जे देखेर पहिले किरणसँग आकर्षित भएकी थिएँ कति थोरैमा

नै आकर्षित भएकी रहीछु । उनी त गुणका खानी पो रहेछन् ; अँले थाहा पाउँदै छु । जतिजति म उनको नजिकै पुग्छु उतिउति उनमा म नयाँ आकर्षण भेट्टाउँदै छु ।—जतिजति लेसिन्छु उतिउति सुबास पाउँछु । किरणलाई पाएर मैले सारा सर्वस्व पाएँ । यदि उनीसंग मेरो विहा नभएको भए;—ओः, त्यो कल्पना पनि गर्न सक्तिन ।

उनलाई देखेर म छक्क पर्छु, वाल्ल पर्छु कि कस्तो सुन्दर, कस्तो गुणी, कस्तो मिठो, कस्तो विशाल, कस्तो रसिलो, [कस्तो हँसिलो, कस्तो मनोमोहक, कस्तो प्रेमी, कस्तो पवित्र, कस्तो प्यारो;—मेरी प्यारी शान्ति, त्यो मानिसलाई कुनै विशेषणले सिंगारे पनि पुग्दैन । उनको वाणीबाट मानो हृदयस्पर्शी झन्कार निस्किन्छ; सपनाभन्दा कोमल, ओसभन्दा सुकुमार । मुस्कान मानो बिजुलीको आलोकले सिंगारिएको छ । आँखा पनि हाँस्छ; छक्क पर्छु शान्ति, आँखा पनि हाँस्तो रहेछ ।

जसरी मैले आफ्नू सबै उनका उपर नेउछावर गरेकी छु, उनले पनि मेरा उपर सबै गरेका छन् । हामीमा हानथाप परिरहेछ; ज्यादा से ज्यादा अर्पण गर्न को उछिन्ने ।

तिमी सोधौली,—'अब तिमीलाई केको चाहना छ ?' अब मलाई कुनै कुराको चाहना छैन शान्ति । सबै थोक पुग्यो । बरू यो चाहन्छु कि एक पटक तिमी मेरो घर हेर्न आऊ । कति आमोद, आल्हादपूर्ण छ मेरो घर । जरूर आऊ ।

हुनत यो घर हाम्रो आफ्नो हैन, भाडा गरेर बसेका छौं । म्यानेजरको निम्ति बैंकको आफ्नै घर नभएकोले भाड़ा दिने गरेको छ । घर राम्रो छ । म विराट्नगरकी लड़कीको निमित्त यो घर कुनै सानोतिनो दरबारै जस्तो छ ! अगाड़ि चट्ट परेको सानु बगैंचामा फूल फुलेका छन्, सफा एकलास ठाउँ छ । हरेक कोठा यस्ता सुन्दर फर्निचरले सिंगारिएका छन् कि मेरो निम्ति त यो एउटा नयाँ कुरा हो । हामी बिराट्नगरमा बहुतै मामुली किसिमले बस्तछौं । सोफाको सट्टा बेञ्च होला, स्प्रिङ्गदार

कुर्सीको सट्टा सखुवाका भद्दा कुर्सी होलान्, पालिस नलगाएका टेबुल होलान्। तर यहाँको कुरै भिन्दैछ, शान्ति ! हाम्रो विराटनगरका मानिस 'हा पैसा' भनेर पैसा थुपार्नमात्र जान्द छन्। पैसाको उपयोग गर्न भने जानेकै छैनन्। दुःख काट्नै छ भने फेरि पैसा कमाउनुनै किन ?

हामी दुइ जाना आरामसंग छौं। किरणको कुरा त छाड़िदेउ, उनी त मेरो मुटुनै भये। तर यहाँको व्यवहार, हिन्दुस्तानी इष्टमित्रहरूको सभ्य पाश्चात्य आचरण, यो सबै देखेर म मुग्ध भएकी छु। बिहा भएर हामी पटना आइपुग्नासाथ किरणका साथीहरू बधाई दिन ओइरिए, उपहारले मलाई छोपिदिए। उनीहरूले मेरो प्रति जुन आत्मीयताको भाव प्रदर्शित गरे त्यो देखेर मलाई लाग्यो कि बाले यो देख्नुभयो भने कति प्रसन्न हुनुहुनेथियो। शायद त्यस्ता आत्मीय मित्रहरू कमै हुन्छन्। कोही 'भाभी' भनेर, कोही 'दिदी' भनेर, कोही 'बहन' र बंगालीहरू चाहिं 'बौदी' भनेर मलाई सम्बोधन गर्दथे। म सकुचाएकी थिएँ किनभने म कहिल्यै त्यस्तोमा परेकी थिइन।—र हिजो यहाँ आइपुग्दा हामीलाई लिन जाने मानिसको स्टेशनमा भिड़ थियो। मेरो शान्ति, म कति घबड़ाएँ त्यो देखेर। यति लाजले गडें कि टाउको पनि उठाउन सकिन। तर त्यो संकोचमा पनि अथाह आनन्दको प्रवाह बगेको थियो, उम्रड़िंदै थियो। तृप्त भयेकी थिएँ, परिपूर्ण थिएँ।

आखिर अब मलाई केको चाहना छ र ? मैले यस्तो पति पाएकी छु कि उनमा सबै गुण छ। यस्तो प्रेम पाएकी छु कि डुबेकी छु। सम्पत्तिको कमी छैन, थुपारेको नभए पनि आइरहने। प्रशस्त आराम-दायक घर छ, सुसज्जित कोठा छन्। खानपिन पनि युरोपियन ढाँचाको हुन्छ। मोटर छ, पिकनिक छ, पार्टी छ—सबै छ, सबै छ।

तर बिन्ती शान्ति, यो हेर्न तिमी अवश्य आऊ। बरू चिट्ठी लेख, हामी आफैं आइपुग्छौं तिमीलाई लिन। शान्ति ! तिम्रो उन्मादिनी

ज्योत्स्ना रानी

( ६ )

पटना

१२ जुन १९४७

प्रिय शान्ति,

आज उखरमाउलो गर्मी छ र दिउँसोको एक बजेको छ। जे-जेमा सूर्यको ताप परेको छ, मानो सबै झर्किएर तुहेका छन्। कस्तो गर्मी शान्ति र कस्तो उजाड़ वातावरण। चारैतिर दिउँसोको चकमक नीरवताछ, चारैतिर नराम्रो उदासीनता। म तल किरणको ऑफिसमा, उनी बस्नेने कुर्सीमा बसेर, उनैको टेबुलको कलम-मसीले उनैको प्याडमा यो चिठ्ठी लेख्तैछु। उनको ऑफिस घरको तल्लो तलामा ड्र‌इङ्गरूमको बगलमा छ र ऑफिसको एउटा झ्याल वृक्षहरूको हरियो छाँयातिर खुलेको छ। अर्को झ्याल चाहिं सड़कतिर बन्द छ। मेरो एकदम सामुन्नेको ढोका खुलैछ र बाहिर देख्तछु कि सूर्यको तीक्ष्ण ताप बगैंचामा छापिएको ले साना-साना फुलका बोट ओइलाएर तुहेका छन्। बगैंचा-भन्दा अझ सोझै पर्ने ग्यारेजको टिनको ढोका ह्वाङ्ग खुलेको छ। बाहिर हवाको नाम-निशान छैन। ग्यारेजको यता-उति उभिएका वृक्ष विरक्त मानेर रोएझैं झोक्राएर मौन उभिएका छन्।—एउटा पात पनि हल्लिएको छैन। त्यसमा, नजाने कुन झ्याम्म परेको हाँगो भित्र लुकेर रहिरही एउटा काग कराउँदै छ, त्यसको आवाज उचाट लाग्दो छ। मेरो टाउको माथि दलिनमा फन्फनी घुमिरहेको पङ्खाबाट एकनासे मधुरो आवाज आउँदैछ;—भँवरा कराए जस्तै। कस्तो खिन्न लाग्दो दिन आजको शान्ति!—कस्तो उदास, पट्टाइ लाग्दो, नियाश्रो दिन आजको! आजको जस्तो दिन त कहिल्यै नहोस्। तर अचेल सँधै यस्तै हो शान्ति; यस्तै एकनासले दिन बित्तै छ। बेहानदेखि बेलुकासम्म एकनासको, उही नसजाको दिनचर्यामा बाँधिएकीले केही उत्तेजना छैन, केही रमाइलो छैन, कुनै रस छैन।

कुन बेला बैंकबाट किरण आउलान् भनेर पर्खिरहेकी छु। तर सबै काम यस्तो नियमित रूपले बाँधिएको छ कि उनी आए पनि उही हिजो आए जस्तै हो, उही अस्ति आए जस्तै हो, उही सँधै आए जस्तै हो। तिमी भन्ठानौली कि म किरणसँग अघाएकीले मैले यस्तो भनेको। हैन, हैन शान्ति!—अघाएकी छैन, बरू दिनदिनै भोक बढ्दो छ। तर किन हो भोक लागे पनि व्याकुल भएर झम्टिने क्षुधा छैन, यो भने साँचो कुरा हो। जे भए पनि, तिमी यो केही गरे नभन्ठाने कि म तृप्त भएर असनसमेत भएकी छु। उनी नहुँदा हुन् त कुन्नि कसरी म जीवनलाई बिताउँदो हुँ। अैले पनि त्यो कुरा संम्झिदा, घबड़ाहट नभए पनि कौतूहलता हुन्छ। तर यो एकलोपनाले भनें कहिलेकाहीं म अशान्त हुन्छु, विराट्नगरको स्मृति सजग भएर आउँछ, अनि म घबड़ाउँछु। त्यस बेला किरण मेरो घबराहटलाई आफ्नो उपस्थितिले, आफ्नो स्नेहले, आलिङ्गनले, मुस्कानले र आफ्नो सदा प्रसन्नरहने व्यक्तित्वले मलाई हलुँगो पारिदिन्छन्।

तर एउटा कुरा, शान्ति! अचेल किन हो मलाई कुनै कुरामा पनि त्यति तीक्ष्ण उत्साह र आवेग छैन। पहिला पटक किरणलाई मैले विराट्नगरमा देख्दा उनी जस्ता थिए। अैले त्यस्तै छन्;—उस्तै हँसिला, रसिला, फुर्तिला; उस्तै स्पष्टवक्ता, उस्तै भोला र सुन्दर। एकनासको हँसिलो, एकनासको फुर्तिलो;—एकनासको स्पष्टवक्ता, एकनासको भोला र एकनासको सुन्दर। यो सँधै एकै किसिमको सौन्दर्य देख्ता-देख्ता कहिलेकाहीं पट्याइ लागेर के मानिस व्याकुल पनि हुँदो रहेछ, शान्ति? शायद चन्द्रमा निरन्तर उगिरहने भएको भए त्यस्यको छटामा मानिस पागल हुन्नथिएहोलान्। कति हँसिलो, रसिलो र स्फूर्त्तिदायक हुन्छ चन्द्रमा! कति स्वच्छ, कति स्पष्ट, कति भोला र कति सुन्दर!—तर हमेशा नै पूर्णिमा नै हुँदो हो त त्यसको ज्योत्स्नालाई के हामी यतिनै तीव्रताले मन पराउँथ्यौं?—भन शान्ति?

—फेरि अर्को उचाट लाग्दो छ हाम्रो दिनचर्या । बेहान उठेदेखि राती नसुतुञ्जेल कुनै नवीन घटना घट्दैन । किरणका मित्रहरू कहिलेकाहीं आउने गर्छन्, हाहा-हिही गरेर घरै थर्काउँछन्, तर त्यो पनि एकनासको अरसिलो भैसकेको छ । कुन मित्र कसरी हाँस्छन्, कसरी बोल्छन्, कुन विषयको कुरा गर्छन्, त्यो सबै मलाई पहिले देखिन्नै थाहा भइसकेको हुन्छ । स्वास्नीमानिसहरू पनि आउँछन्;-मित्रका स्त्री, बेनीहरू । उनीहरूमा पनि म उही एकनासे ठट्टा पाउँछु, । सबैलाई आफ्नो सौन्दर्य, आफ्नो पोशाक, आफ्नो व्यक्तित्वकै परवाह छ, अरूका उपर कस्तो असर परेको छ, कस्तो प्रभाव दिन सकिएको छ, हमेशा त्यसको मात्र ध्याउन्ना रहन्छ । हाँस्छन्, तर मानो अभिनयको निम्ति हाँसेका हुन्, लगाउँछन्, तर मानो कसैलाई आकर्षण गर्न लगाएका हुन् । म पनि व्यस्त भएकी छु अचेल, शान्ति । बराबर पार्टी भइरहन्छ । कहिले कसकहाँ, कहिले कसकहाँ गइरहनुपर्छ । तर सबै ठाउँमा उही मित्रहरू जुटेका, उही ठट्टा भएको, उही खानेकुराहरू र स्त्रीहरूको समूह पनि उही पुरानो—सबै शृंगार र पोशाकमा भुलिएका । हाम्रो विराटनगरमा सादा पोशाक र छोट्करीको शृङ्गार भए पनि अर्कै कुनै जीवित विचारले सर्वदा प्रसन्न रहन्थ्यौं । तर यहाँका मानिसले त आफ्नो जीवनलाई एउटा लाइनमा छाडिदिएका छन् । कहिल्यै त्यो लाइनबाट यताउति हिंड्दैनन्, कहिल्यै नवीनतापट्टि ध्यान जाँदैन । सबैका पति एकएकओटा ऑफिसमा जागिरे छन् । किरण-जस्तै दस बजे ऑफिस जान्छन्, चार बजे घर फर्किन्छन्, मसंग एकै छिन कुरा गर्छन्, अनि टेनिस खेल्न क्लब जान्छन्, फेरि घर आउँछन्, कहिलेकाहीं एक-दुइ जना साथी पनि साथै आउलान्, चाय-पानी हुन्छ, कहिलेकाहीं शैर गर्न जान्छौं ड्राइभमा, कहिले सिनेमा पनि जाइन्छ, अनि घर आई खाना खाईवरी एक छिन कुराकानी गर्छौं; कुराको विषय पनि अब सीमित भइसकेकोछ-उही पुरानो कुरा दोहोरिन्छ । म तिमीसंग सोध्छु शान्ति, के यही हो जीवन? यसैमा टाँस्सिएर

यसैमा लीन, यसैलाई आफ्नो ध्येय बनाई आखिर कति दिन काट्न सकिन्छ ?–म त कहिलेकाहीं आत्तिन्छु, शान्ति ! घबड़ाएर विराट्नगर जाउँ जस्तो लाग्छ । तर किरणको माया लाग्छ, के गरूँ । –र किरणलाई चाहिं यही शौकीन झुण्डमा भुलिएको देखेर उनको प्रति दया उत्पन्न भएर आउँछ, लाग्दछ कि बरू यहाँको जागिर छोड़छाड़ गरेर विराट्नगरकै शाखामा गए हुने थियो । तर मेरो यो कुरालाई उनले यसरी हाँसेर उड़ाइदिए मानो मेरो कुरामा कुनै तथ्यनै छैन । उनको भनाइ छ कि यत्रो प्रान्तीय शाखाको म्यानेजर भएको मानिसले त्यो विराट्नगरजस्तो सानो शाखामा सर्नको निम्ति लेख्ता के भन्लान् ? फेरि यहाँको यो आराम, यहाँको यो सभ्य (?) समाज, यहाँको यो श्रेणीलाई छोड़ेर कदापि पनि विराट्नगरमा बस्न सकिन्न भन्ने उनी ठान्दछन् । उनी त मलाई खिल्लि उड़ाएर भन्दछन्, के त्यस्तो गाउँमा पनि बस्न सकिन्छ र ? शान्ति, हरेक व्यक्तिको आफ्नो-आफ्नो दृष्टिकोण हुन्छ, मेरो सुख-शान्ति को दृष्टिकोणनै उनको भन्दा भिन्नै छ । जसलाई उनी आनन्द भन्दछन्, त्यही मेरो निम्ति पट्याइ लाग्दो छ । हे भगवन् ! मेरो मनको कुरा उनलाई को सम्झाइदियोस् । म आफैं सबै कुरा भन्न सक्तिन । किनभने, कति कुरा यस्ता हुन्छन् जो शब्दद्वारा व्यक्त हुन सक्तैन, त्यसको निम्ति मेरै जस्तो हृदय चाहिन्छ ।

हामी स्त्रीजाती पुरुषका निजी सम्पत्ति हौं । उनीहरूको मनमुताबिक हामीले आफ्नो मन बनाउनुपर्दछ । युगयुगदेखि उनीहरूको अधीन बस्ता बस्ता हाम्रो आफ्नो निजी व्यक्तित्व छँदैछैन । म किरणको अत्य-धिक मनपरेकी छु तर के उनी मेरो कुरा राख्न तैयार छन् ? नत्र किन त मैले विराट्नगर जाऊँ भनी प्रस्ताव राख्ता उनी खिल्ली गरेर उड़ाइ दिन्छन् त ? अब ममा त्यति सामर्थ्य पनि छैन शान्ति, कि फेरि दोहो-ऱ्याएर त्यो प्रस्ताव राखूँ ! –मान्दैनन्, मलाई थाहा छ । सित्तैमा आफ्नो शब्दमात्रै किन खेर फालूँ ?

अस्ति पिकनिक जाने प्रोग्राम बन्यो । धेरै साथीहरू जाने भएका थिए, तर मलाई एकदमै जान मन थिएन । मेरो निम्ति पिकनिकजानु र घर बस्नु बराबर हो । जति उचाट मलाई घर लाग्दछ, उत्तिकै उचाट लाग्दछ पिकनिक, सिनेमा, शैर । मैले किरणलाई आफ्नो नजाने इच्छा व्यक्त गरें । उनी दिक्क माने । अनि मलाई जानैपर्‍यो । पिकनिकमा सबै जाना खुशी थिए, किरण पनि खुशीथिए, तर म झोक्राएकी थिएँ ।- किरणको निम्ति मैले प्रसन्न रहेको अभिनय गर्नुपर्‍यो । अरूको उत्साहमा मेरो निम्ति तुषारापात नहोस् ।

बस, यसरीनै मेरो दिन कट्तैछ, शान्ति !–र यदि कुनै MIRACLE भएन भने, मलाई डर छ कि पछि के हुने हो? म अलि चिड्चिड़ा पनि भएकी छु, कहिलेकाहीं निरर्थक नोकरचाकरसंग पनि झर्किन्छु; र पछि सोच्दछु, यो किन ? अनि नजाने हृदयको कुन टुक्राले भन्छ,–"तँ किरणको प्रति उत्पन्न भएको असन्तोषलाई नोकरचाकरका उपर व्यक्त गर्दै-छेस् । "–तर यो कुरा हैन शान्ति ! किरण बिचरा निर्दोष छन् । उनी मलाई उत्तिकै व्यग्रताले प्यार गर्दैछन्, यसमा कुनै सन्देह छैन ।— भगवान्‌ले गरून् म किरणलाई सुखी राख्न सकूँ ।

तिम्री माया गर्ने,
ज्योत्स्ना

( ७ )

प्रिय शान्ति,

जहाँ स्वाधीनता छैन, त्यहाँ प्रेम पनि छैन । म बाँधिएकीछु, छाँदि-एकी छु । मुक्ति चाहन्छु, शान्ति ! यो ठाउँबाट मुक्ति चाहन्छु, यो पट्याई लाग्दो जीवनबाट मुक्ति चाहन्छु, यो कोठाबाट मुक्तिचाहन्छु, पटना-बाट मुक्ति चाहन्छु, र शान्ति, आज तिमीलाई म नढाँटेर भन्दछु, म किरणबाट पनि मुक्ति चाहन्छु । उनको भोलापन देखेर मलाई दया

आउँछ, उनले आफूलाई ममाथि अर्पण गरेको देखेर म व्याकुल हुन्छु किन बिचरा लाटो भएर मेरो तलुआ चाट्तै छन्। जति-जति उनी मलाई माया गर्छन्, उति-उति म घबड़ाउँछु र उनले मेरो मनको कुरा थाहा पाउन नसकेको देखेर मलाई, कहिलेकाहीं उनको लाटोपनसंग घृणा भएर आउँछ। — कस्तो ढेपिएको, कस्तो अबुझ, कस्तो सुदो ?— छिः छिः, पुरुष भएर त्यस्तो सोझो हुनु कस्तो लाटोपन हो ! कस्तो ग्वाङ्ग्रोको म पत्नी ! किरण लाई म यति दया गर्न लागेकी छु कि दयाभित्र कताकता अश्रद्धा व्यक्त हुन्छ। —किन झुठो बोलूँ शान्ति ! — म परेशान छु किरणको व्यवहार देखेर। म नगई उनी घुम्न जाँदैनन्, मसंगै खान पाएनन् भने मन लगाएर खाँदैनन्, उनलाई सिनेमा जानुपर्‍यो भने मलाई पनि घिच्याएर लग्दछन्, मलाई बोल्न मन नलागे पनि मैले बोल्नै पर्दछ, हाँस्नै पर्छ, अँगालो हाल्नैपर्छ। — मैले आफूलाई छाड़िदिएको छु, आफ्नो शरीर-लाई उनको जिम्मामा सुम्पेकीछु, जे गरुन्।

तर म विरक्त छु, घबड़ाएकी छु, उदास छु। किरणको लाटो व्यवहार देखेर, एउटी नारीको हृदय बुझ्न नसकेको देखेर मलाई उनको प्रति अश्रद्धा उत्पन्न भएको छ। म बस्न सक्तिन शान्ति, यो नीरस वातावरणमा। —म विराट्नगरनै जान चाहन्छु। उहीं मेरो मनको भावना बुझ्न सक्ने मेरो दाजु हुनुहुन्छ, अब भाउज्यू पनि आउनुभएको छ,— गाउँकी सरल लड़की गाऊँमानै। बा हुनुहुन्छ रिसाउनु भए पनि वहाँको रिसमा जीवन छ। त्यहीं गाउँमा, गोधूलि वेलाको धुलोमा, फुसका झुपड़ीहरूबाट निस्केको धुआँमा, वर्षाको हिलोमा, हरियो झारपातमा, चौरमा;—त्यहीं म रमाइलो पाउँछु। गाउँका थरूनी लड़कीहरू कस्ता भोला, कस्ता स्वस्थ, कस्ता सुन्दर ! उनीहरू ज्यादा रसिक छन्, शान्ति ! उनीहरूले गरेको ठट्टा यो पटनाको सभ्य समाजको 'ह्युमर' धेरै उच्चकोटिको हुन्छ। म उहीं फर्किन चाहन्छु, जहाँ हावा, पानी र घाममा मानिस हुर्किन्छन्;-जहाँ यहाँको जस्तो 'कोट-प्यान्ट-टाई' लगाएर केटाकेटी 'लॉन' मा घुम्न

जाँदैनन् । जहाँ नाङ्गो-भुतुङ्गोनै लडिबुड़ी खेल्दछन्, प्रकृतिले बनाएको मैदानमा, धुलोमा, हिलोमा । आहा ! शान्ति !! तिहीं जान्छु—तिहीं जान्छु ;-नदीको प्रवाह, डुब्न लागेको सूर्यको सुन्तले रश्मि, हावामा जंगली फूलको मधुरो सुवास;-भँवराको गुञ्जन, माउरीको पुष्पचुम्बन, हृदयको शान्त स्पन्दन; अनि नीलो आकाशमा सुन्तले आभा;-प्रकृतिको मनोरम मुस्कान। मेरो मन त्यो दृश्य संझिएर छट्पटाउँछ, मुटुबाट उठेको भक्कानो गलासम्म आउँछ । त्यो प्रकृतिको सुकुमार काखामा बस्न पाए मलाई केही चाहिन्न, केही चाहिन्न ।-किरण पनि चाहिन्न, सुसज्जित कोठा चाहिन्न, पयान चाहिन्न, मोटर चाहिन्न, पिकनिक, सिनेमा, पार्टी, पुग्यो अब मलाई, केही चाहिन्न ।

म किरणलाई घृणा गर्छु शान्ति, आन्तरिक घृणा । उनी भेँड़ा हुन्, हृदय नभएका पत्थर हुन् ।

बहुलाएकी

ज्योत्स्ना

## उद्यम EMPLOYMENT

[ ले० पूर्ण बहादुर, एम० ए० ]

अत्याचारप्रति विरोध र जीवनको स्वतंत्रताको सुरक्षा र सुखको खोजीको निमित्त मानिसले सर्कार, गभर्मेण्ट र पार्टीहरू खड़ा गर्नुपरेको हो। तसर्थ जनताको सुरक्षा गर्नु प्रत्येक सर्कारको परम कर्तव्य हो। आर्थिक दृष्टिबाट पनि प्रत्येक मानिसले जीवननिर्वाह गर्ने साधन पाउनुपर्छ। यसको निमित्त अन्न, वस्त्र, र बासको अति जरूरत छ। सर्कारले यसको निमित्त पूरा जम्मेवारी लिनुपर्दछ। नत्र सरकारको मानेनै भएन।

गभर्मेण्टले आफ्नो देशभित्र आवादी कति छ, जीवनोपयोगी वस्तुहरू र उपयोगिताका साधनहरू ( Goods & services ) कति छन् सो पहिले राम्ररी थाहा पाउनुपर्छ। गभर्मेण्टले हरदम यो ध्येय लिनुपर्दछ कि राष्ट्रभित्र वस्तुको पैदायस बढ़ी से बढ़ी मात्रामा होस्, त्यो पैदायस समाजका जनतामा समान तौरबाट वितरण होस्। एक श्रेणीमा ज्यादा बढ़ता, अर्को श्रेणीमा धेरै कम भएमा असंतुष्टि औ कलह पैदा हुन्छ। वस्तुहरूको पैदायस बढ़ाउन, त्यसको प्रवाह सालसाली कायम राख्न र कम आयस्तावालाहरूका हैसियत बढ़ाउनलाई सर्वप्रथम जनतामा पूर्ण उद्यम (Full Employment) दिलाउनु आवश्यक छ।

उद्यम ( Employment ) केले पैदा गर्छ ? यो त प्रमाणित भएको छ कि मानिसमा खर्च गर्ने ( Spending = खरीद गर्ने ) ताकतले उद्यम पैदा गर्छ। एक मानिसको खर्च अर्को मानिसको आमदानी हुन जान्छ। यसले मालमत्ता ( वस्तुहरू )-को माँग बढ़ाउनेछ-त्यसबाट

मानिसमा उद्यम पैदा हुन्छ (Generates employment)। तमसुक र वाणिज्य शेयरहरू (Shares)–का सुक्रीबिक्रीले फगत एक हातबाट अर्को हातमा पैसा ओसार्छ तर उद्यमलाई प्रोत्साहन गर्दैन। मानिसले मालमत्ता खरीद गर्न खोज्दछ, जब मानिसले राम्रो आयस्ता (Income) पाउँछ। मानिसमा पूरा उद्यम भएको अवस्थामा मालताल-को माँग हुँदा भाउ बढ्न सक्छ। तर शान्तिको समयमा अनुभवबाट देखिएको छ कि जीवन-स्तरलाई चाहिएको भन्दा जनताको कुल खर्च धेरै कम हुन्छ। तसर्थ राष्ट्रभित्रको खर्च हुने सिलसिलेवार निम्न मुख्य चार फाँटमा विवरण गरिनेछ।

१. जनताले निजी हैसियतमा आफ्नो निजी जीवनावश्यक वस्तुहरूमा लाग्ने खर्च—जस्तो, अन्न, वस्त्र, आमोद इत्यादि। यी वस्तुहरू तुरन्तै अथवा थोरै समयको अवधिमानै उपभोग गरिन्छन्।

२. वाणिज्य तथा औद्योगिक संस्थाहरूले उत्पादन गर्ने सामानहरूमा लगाइने खर्च। जस्तो कल–कारखानामा कोरा सामानहरूमा लगाइने खर्च।

३. स्थानीय र केन्द्रीय गभर्मेण्टले आफ्नो शासन चलाउनानिमित्त, उपयोगिता (Services) पैदा गर्ने साधनहरूका निमित्त लगाइने खर्च।

४. विदेशबाट आफ्नो देशमा आउने पैठारी (Import) को मोल कट्टी गरी अर्कोदेशमा निकासी (Export) हुने मालमा बढ्ता आमदानी। (Excess of exports over imports).

I. व्यक्तिले आफ्नो निजी हैसियतमा गर्ने खर्च उसको आमदानीमा निर्भर गर्छ। सर्वसाधारणमा अरुहरु रकमबाट खर्चको मात्रा बढेर उद्यम (Employment) बढाएकोछ भने आयस्ता बढ्ने संभव छ।

हुनत जुनसुकै व्यक्तिले आफ्नो आयस्तालाई खर्च गरेर पठाउने अथवा बचाउने ( Saving ) उसकै हातमा छ। उसले माल खरीद्नमा खर्च गर्छ भने उसले अरूहरूलाई उद्यम बढ़ाउन लागेकोछ। उसले खर्च नगरीकन बचाए छ भने उसले उद्यममा बाधा दिएछ। दृष्टान्तको निमित्त—मानौं गभर्मेण्टले ( तेस्रो फाँटको ) एउटा पूल बनाउन लागेछ। त्यसमा दस हजार कामदार लगाएकोछ। प्रत्येक कामदारले रोजको पाँच रुपियाँ ज्याला पाउँछ भने रोजमा ५०, ०००) ती दस हजार ज्यामीले पाउँछन्। मानौं, प्रत्येकले पाँचमा एक ( $\frac{१}{५}$ ) बचाउँछ। ती दस हजार ज्यामीले १०, ०००) रु० बचाएर अरू ४०, ०००) रु० खान, लाउन, सिनेमा, चुरोट इत्यादिमा खर्च गर्छन्। गभर्मेण्टले टैक्सको रूपमा सीधा तौरबाट या परोक्ष रूपमा आफ्नो हिस्सा लिइहाल्छ। त्यो खर्च भएको ४०, ००० ) रु० अरू श्रेणीका मानिसहरूका आमदानी हुनजान्छ। यी दोस्रो श्रेणीका मानिसहरूले पनि खानैपर्छ, लाउनैपर्छ, चुरोट इत्यादि पनि खाइहाल्छन्। मानौं, उनीहरूले पनि पाँच खण्डको एक खण्ड बचाएर अरू जम्मै खर्च गर्छन्। त्यसो गर्नाले यस श्रेणीका मानिसहरूले पनि ८, ०००) रु० ($=\frac{१}{५}\times$४०, ००० ) बचाएर अरू ३२, ०००) रु० ($=\frac{४}{५}\times$४०, ०००) खर्च गर्छन्। यो ३२, ०००) रु० (=५०, ०००) रु० को ( $\frac{४}{५}$ )$^{२}$ खण्ड हो। यो खर्च पनि तेस्रो श्रेणीका मानिसहरूमा वितरण हुन्छ। उनीहरूले पनि ६, ४०० रु० ($=\frac{१}{५}\times$३२, ००० ) बचाएर २५, ६०० ) रु० [$=(\frac{४}{५})^{3}\times$५०,०००] खर्च गर्छन्। गभर्मेण्टको टैक्स हर श्रेणीमा लागेकै छ। एवंक्रम अरू हरू निम्न श्रेणीहरूमा पनि। ती विभिन्न श्रेणीहरूले बचाएका कुल जम्मा रु० ५०, ००० ) नै हुन आँउछ। कारण रु० (१०, ००० + ८,००० + ६,४०० + ⋯ = ५०,०००)। तर पूल बनाएर कामदार उनीहरूबाट निम्न श्रेणीका मानिस-हरूले कमाएर खर्च गरेको कुल जम्मा रु० २००, ००० ) हुन आउँछ।

कारण, (४०,०००+३२,०००+२५,६००+⋯=२००, ०००। ❀ त्यसमा गभर्मेण्टले ५०, ०००) रु० समेत गरेको थपेमा खर्चको कुल जम्मा २५०, ००० हुन आउनेछ। गभर्मेण्टले ५०, ००० ) खर्च गरिदिनाले दुनियामा २ लाख ५० हजारको काम बढ्यो अथवा उद्यम बढ्यो। त्यो २ लाख ५० हजारलाई उद्यम सृष्टि गर्ने खर्च ( employment generating expenditure ) भन्दछौं।

अब मानौं ती कामादारहरूले १ रु० ( $=\frac{१}{५}$ अंश ) बचाउने ठाउँमा त्यसको दोबर ( $\frac{२}{५}$ अंश ) बचाउन लागे औ ३ रु० ( $\frac{४}{५}$ अंशको सट्टा $\frac{३}{५}$ अंश ) मात्र खर्च गर्न लागे। अब खर्च कम हुन लाग्यो। पहिलो श्रेणीले २०,०० रु० ( $=\frac{२}{५}\times ५०,०००$ ) बचाएर ३०,००० ( $\frac{३}{५}\times ५०,०००$ ) खर्च गर्छ। मानौं, त्यो ३०,०००) रु० पाउने दोस्रो श्रेणीका मानिसहरूले

---

❀ $\frac{१}{५}\times ५०,००० = १०,०००$

$\frac{१}{५}\times ४०,००० = \frac{१}{५}\times\left(\frac{४}{५}\times ५०,०००\right)$

$= ८,०००$

$\frac{१}{५}\times ३२,००० = \frac{१}{५}\times\left(\frac{४}{५}\right)^२\times ५०,०००$

$= ६,४००$

… … …

… … …

जम्मा $= ५०,०००$

किनकि

$\frac{१}{५}\times ५०,०००\left[१+\frac{४}{५}+\left(\frac{४}{५}\right)^२+\ldots\right]$

$= \frac{१}{५}\times ५०,००० \times \frac{१}{१-\frac{४}{५}}$

$= \frac{१}{५}\times ५०,००० \times \frac{५}{१}$

$= ५०,०००$

$\frac{४}{५}\times ५०,००० = ४०,०००$

$\frac{४}{५}\left(\frac{४}{५}\times ५०,०००\right) = ३२,०००$

$\frac{४}{५}[\left(\frac{४}{५}\right)^२\times ५०,००० = २५,६००$

… … …

… … …

जम्मा २००,०००

$\frac{४}{५}\times ५०,००० \left[१+\frac{४}{५}+\left(\frac{४}{५}\right)^२+\cdots\right]$

$= \frac{४}{५}\times ५०,००० \times ५ = २००,०००$

त्यही खण्ड बचाउने र खर्च गर्ने गर्छन् । उनीहरूले १२,००० रु० (= $\frac{२}{५}$ × ३०,००० ) बचाएर बाँकी १८,०००) रु० (= $\frac{३}{५}$ × ३०,००० ) खर्च गर्छन् । एवं प्रकार तेस्रो, चौथो श्रेणीमा ती विभिन्न श्रेणीका बचतको स्तर चाँड़-चाँड़ै कम भएर पिरामिड (Pryamid) को आकार लिन्छ । तर त्यसको जम्मा ५०,०००) रु०नै हुन आउँछ ( २०,००० + १२,००० + ७,२०० + ···५०,०००) । खर्चको फाँटमा १ लाख २५ हजारमात्र हुन आउँछ । अर्थात् आमदानीको ५ खण्डको १ खण्ड बचाएर ४ खण्ड खर्च गरेको अवस्थामा सार्वजनिक जति कुल खर्च हुन्छ ( =२५०,००० ) त्यसको आधी प्रत्येक मानिसले २ खण्ड बचाएर ३ खण्ड खर्च गरेको अवस्थामा हुन जान्छ (=१२५, ०००) आमदानी मा दोबर अंश बचाउनाले राष्ट्रमा उद्यम पैदा गर्ने खर्च आधी हुन गयो ।❀

❀ $\frac{२}{५}$ × ५०,००० = २०,०००

$\frac{२}{५}$ × ३०,००० = $\frac{२}{५}$ × $\frac{३}{५}$ × ५०,०००

= १२,०००

$\frac{२}{५}$ × १८,००० = $\frac{२}{५}$ × $\left(\frac{३}{५}\right)^{२}$ × ५०,०००

= ७,२००

... ... ...

... ... ...

जम्मा ५०,०००

$\frac{२}{५}$ × ५०,००० [ १ + $\frac{३}{५}$ + $\left(\frac{३}{५}\right)^{२}$ + ··· )

= $\frac{२}{५}$ × ५०,००० × $\frac{१}{१-\frac{३}{५}}$

= ५०,०००

$\frac{३}{५}$ × ५०,००० = ३०,०००

$\frac{३}{५}$ × ३०,००० = $\left(\frac{३}{५}\right)^{२}$ × ५०,०००

= १८,०००

$\frac{३}{५}$ × १८,००० = $\left(\frac{३}{५}\right)^{३}$ × ५०,०००

= १०,८००

... ...

... ...

जम्मा ७५,०००

+ ५०,०००

१२५,०००

$\frac{३}{५}$ × ५०,००० [ १ + $\frac{३}{५}$ + $\left(\frac{३}{५}\right)^{२}$ × ··· ]

= $\frac{३}{५}$ × ५०,००० × $\frac{१}{१-\frac{३}{५}}$

= $\frac{३}{५}$ × ५०,००० × $\frac{५}{२}$

= ७५,०००

मानिसले विचार गर्दा निजी हैसियतमा धेरै बचाएको जस्तो लाग्छ। तर वास्तवमा अघिको दुवै फाँटको कुल बचत जम्मा त्यतिकै मात्र छ (= ५०,०००)। औ कम खर्च गर्दा कुल खर्च पनि कम (आधी) भयो। यसले गर्दा उद्यमलाई हानि गर्छ। कारण, जति बढ्ता एक व्यक्तिले खर्च नगरीकन बचाउँछ उति मात्रामा अर्को मानिसको आमदानी पनि घट्छ। यही रूप अरू फाँटमा पनि लागु हुन्छ।

शायद यही कारण हो कि नेपलका राणा शासकखलत्रहरूले आफ्ना देशका व्यापारीहरू मार्फत मालताल खरीद नगरीकन विदेशबाट आफैंले मँगाउँथे। एकत उनीहरूले त्यसरी झिकाउँदा भन्सार माफी लिन्थे तर अर्को कारण यो पनि थियो कि आफ्ना देशका व्यापारीहरूमार्फत मालताल खरीद गर्नाले ती व्यापारीहरूका आयस्ता बढ्थ्यो। त्यसबाट निम्न श्रेणीहरूमा पनि आयस्ताको प्रसार हुने हुनाले जनतामा उद्यम बढ्ने थियो, जुन राणालाई अभीष्ट थिएन।

नेपालमा अचेल अन्नको संकट भइरहेको धेरै वर्ष भयो। यस पालि-बाहेक अघिल्लो सालमा त जमीनले कम पैदा गरेको देखिंदैन, जमीनले साबिक पैदा गरिरहेकै थियो। तर यहाँका दर्बारमा बस्ने राणाहरूले दर्बारभित्र हजारौं मुरी धान-चामल इत्यादि गोदाममा थुपारिरहे। त्यो अन्न बरू गोदाममा कुहिइरहेको सुनिन्थ्यो तर बाहिर जनतामा निकालेर वितरण गरेको कुरा सुनिन बिरलै थियो। माथि देखाइएको हिसाबले थाहा हुन्छ कि जुनसुकै चीज नथुपारीकन बजारमा चालु गरिदिनाले जनतमा अन्नको संकट धेरै कम हुनेछ। यो अन्नसंकट वास्तवको कुराभन्दा पूंजीपतिहरूको एक षड्यंत्रमात्र प्रतीत हुन्छ।

आयस्ता ( Income ) जति बढ्छ उति बढ्ता मानिसले बचाउन सक्छ। कम आयस्ता हुनेले त बचाउन मुशकिलछ। हामीहरूले यति याद राखनुपर्दछ कि आफूले खाईलाईकन बढ्ता अनुपातमा बचाउने-

हरूका आयस्ता कम गरी कम आयस्तावालाहरूलाई आफ्ना जीवनावश्यक चीजहरू उपभोग गराउनको निमित्त उनीहरूको आयस्ता बढाइदिनु पर्दछ। त्यसो गर्नाले मात्र खर्च बढ्ेर जनेछ, बचाउ ( Saving ) कम हुनेछ। अनि यसले उद्यम पैदा गर्ने क्षेत्र फैलाइदिनेछ।

II. वाणिज्य औ औद्योगिक विषयका खर्चमा पूँजीपतिहरूले हरबखत नाफामा मात्र ध्यान दिन्छन्। उनीहरूको मनसायनै जति सक्यो उति बढ्ता नाफा खानु हो। तसर्थ उनीहरूको कुनै उद्योग उठाउन लागेमा उनीहरूले पहिले त्यसबाट हुने नाफाको औ त्यस क्षेत्रमा अरूबाट् आइपर्ने स्पर्धा ( competition ) विषय विचार गर्छन्। महंगीको समय छ भने ( loom ) औ एकहट्टि हुने ( monopoly ) मौका छ भने उनीहरूले उत्पादन गर्नलाई कल-कारखाना औ कोरा सामानमा लगानी गर्छन्। त्यसले गर्दा काम बढ्छ—उद्यम बढ्छ। गभर्मेण्टले पनि अरू विषयमार्फत ती उत्पादन भएका सामानहरू खरिद गर्नमा सुविस्ता दिलाउनुपर्दछ। यस्तो हुन सक्छ जब अरू श्रेणीका व्यक्तिहरूले राम्ररी आयस्ता हासिल गर्न सक्छ भने। अमेरिकामा मोटर कंपनीका मोटरहरू धेरै बिक्री हुन्छन्—कारण त्यहाँ जनसाधारणले ती मोटरहरू खरीद गर्नको निमित्र राम्रो आयस्ता र मौका पाएका छन्।

III. गभर्मेन्टले शासनमा औ जनसाधारणलाई उपयोग हुने साधनहरूमा गर्ने खर्चमा उद्यम धेरै निर्भर गर्छ, निजी व्यक्तिविशेष र गभर्मेन्टमा धेरै फरक छ। व्यक्तिविशेषले आफ्नो आयस्ता हेरीकन मात्र खर्च गर्न सक्छ। गभर्मेन्टले पनि आयस्ता निकालनुपर्छ औ खर्च गर्छ। तर गभर्मेन्टले आमदानीभन्दा बढ्ता खर्च गर्नुपरे (deficiet financing) ढुकुटीमा पैसा छैन भनिरहनुपर्दैन। गभर्मेण्टले क्रेडिट् नोट ( Credit Notes ) निकाले र वा बंकद्वारा पैसा निकाल्न सक्छ। गभर्मेण्टको ध्येय यही हुनुपर्दछ कि देशभित्र व्यक्तिहरू उद्यममा लागेका छन् कि छैनन्; काम नभई बेकारी बनिरहनु

हुन्न। गभर्मेण्टले त्यसरी पैसा निकालेर जनतामा चालु गरी फैलाइदिनाले मानिसमा मालमत्ता खरीद गर्ने ह्राउ बढ्छ-त्यसले गर्दा काम बढाउँछ—उद्योग बढाउँछ। जबसम्म आमजनतामा पूरा उद्यम (full employment) हुन्न तबसम्म भाउ बढ्ने संभावना कमै छ। यसको अर्को फायदा यो पनि छकि गभर्मेण्टले जति खर्च गर्छ उति त्यो पैसा घुमी-घुमीकन फेरि गभर्मेण्टमा आउँदछ-गभर्मेण्टको आमदानी बढ्छ। करको रूपमा वा अरू रकमको रूपमा गभर्मेण्टले आफ्नो खर्चको अंशमा फिर्ता नपाएको आमदानी चाँहिं जनताले वा कंपनीहरूले बचाएको भन्न सकिन्छ। जनतामा पूरा उद्यम भै सकेको छ भने गभर्मेण्टले अनेक उपायद्वारा त्यो पैसा खिचन सक्छ—जस्तो कि सेभिंग सर्टिफिकेट इत्यादि द्वारा।

तसर्थ गभर्मेण्टले वेतन बढाएर होस् वा अरू जनसाधारणलाई उपयोग हुने आयोजन उठाएर होस् (जस्तो पूल बनाउने, टनेल खोल्ने, सड़क बनाउने, बिजुलीको पावरहाउस खोल्ने इत्यादि), गभर्मेण्टले राम्ररी खर्च गरिदिनाले जनतामा उद्यम बढ्छ—काम बढ्छ—अनि श्रमरूपी जनशक्ति खेरा जानेछैन। आफ्ना उपयोगी खनिज वा जंगलका सामानहरूलाई एकातिर औ जनतालाई काम नदिई उनीहरूको हात स्थगित गरिदिनाले राष्ट्रकै हानि हुन जान्छ। ढुकुटीमा पैसा छैन, गभर्मेण्टले केही काम गर्न सक्दैन औ कोही काम गर्न चाहन्छन् भने विचार गरूँला भन्नु आधुनिक सभ्य गभर्मेण्टलाई सुहाउने नीति होइन। देशभित्र चाहिंदो सामानहरू ( ) भए र कामगर्ने मानिस भए पुग्छ, पैसाको जरूरत छैन्। पैसा भनेको एक साटोको माध्यम हो (medium of exchange)

IV. देशको पैठारीभन्दा निकासी बढ्ता भएमा उद्यम बढ्छ। विदेशबाट पैठारी गरिएको ४ रू० जाने कलमलाई कुनै मानिसले ५ रू० मा खरिद गर्छ भने त्यो ४ रू० त विदेशमा जाने हुनाले बाँकी रहेको १ रू०

(रू० ५-रू० ४) ले मात्र उद्यम पैदा गर्छ। तर खर्चको हिसाबमा त निजी तौरसँग पाँचै रू० खर्च हुन्छ। त्यही हिसाबले पैठारी कट्टी गरीकन निकासी बढ़ता भएमा त्यो बढ़ी भएको निकासीले मात्र उद्यम बढ़ाउँछ। त्यो पैठारी भएको माल-सामानको पैसाले विदेशीलाई मात्र उद्यम (काम) पैदा गर्छ—आफ्नो देशलाई गर्दैन।

अहिलेसम्म खर्चको दृष्टिकोणबाट मात्रै उद्यमको सिलसिलेवार भएको छ। यहाँ यो कुरा अव्यक्तरूपमा मानिएको छकि श्रम सजिलोसँग सर्न सक्छ। (labour is mobile)। अर्थात् एक उद्यमको माँग कम हुन गएमा अर्कोमा सर्न सक्छ, यदि अरू विषयमा उचित खर्च भएर त्यहाँ उद्यमको बढ़्ता माग भइदिए। यो कुरा पनि सत्य होइन। कल-कारखानामा लगाइने पूंजी घटाइदिनाले इंजीनियरी फाँटका काम-दारहरू बेकार हुनेछन्। अरू तिरको श्रेणीमा खर्च बढ़ाउने गराएर त्यो बेकारी हटाउने चेष्टामा पनि शायद त्यो खर्चले इंजीनियरी फाँटलाई छोएकै होवोइन—ती कामदारहरू बेकारीको बेकारीनै रहनेछन्। फेरि अरू कुनै टाढ़ाको ठाउँमा इंजीनियरी विषयका कामहरू खड़ागर्ने कोशिस गरे पनि पहिलो ठाउँका बेकारी कामदारहरूले नयाँ ठाउँमा सरेर काम गर्न हतपति रूचाउँदैनन्। तसर्थ जनतामा पूरा उद्यम ल्याउनलाई पूंजी र श्रम राष्ट्रभित्र सजिलो सँग ओहर-दोहर हुन सकनु आवश्यक छ।

# नारी–स्वातन्त्र्य ?

[ ले० रत्नध्वज जोशी ]

पुरुष र स्त्री दुबैको अधिकार समान हुनुपर्छ भन्ने आवाज तीखो हुन लागिरहेछ । यो बेस कुरा हो । नर र नारी दुबै मानव हुन् । मानवले मानवीय अधिकार पाउनैपर्छ । तर धूम्रपान गर्ने, जुवा खेल्ने, बहुविवाह गर्ने आदि चरित्रहीनतालाई पनि पुरुषको 'अधिकार' नाम दिन हुँदैन ।

अधिकार वास्तवमा शक्तिमा निर्भर गर्छ । शक्ति रूखको जरा हो, अधिकार हाँगाबिंगा मात्र । यसकारण स्त्रीजातिले पनि उचित शिक्षा-द्वारा मानसिक शक्ति, समाजोपयोगी व्यायाम द्वारा शरीरिक शक्ति र समुचित पेशाद्वारा आर्थिक शक्ति प्राप्त गर्नुपर्छ । केवल दयाको भरमा अधिकारको आशा गर्नु दुराशामात्र हो । स्त्री र पुरुषको, धनी र गरीबको, बलिया र निर्धाको, राजा र प्रजाको हजारौं वर्षको इतिहासले यही भन्छ ।

**विवाह**—व्यवथिस्त समाजिक जीवनयापनको निम्ति यो अत्यन्त आवश्यक प्रथा हो । स्त्रीबिना केवल पुरुष अथवा पुरुषबिना केवल स्त्रीको जीवन अपूर्ण जीवन हो । यसैले हाम्रो यहाँ स्त्रीलाई अर्धाङ्गिनी भन्ने चलन छ । तर बहुविवाह स्त्रीमाथि पुरुष जातिको अनुचित दबाबमात्र हो । यो खास गरेर पैसाको बलमा चल्दछ । वृद्धविवाहको हेतु पनि खास गरेर पैसानै हो । समुचित पेशाद्वारा स्त्री जातिले पनि अर्थिक स्वतन्त्रता हासिल गर्न सकेपछि यी कुप्रथाहरू स्वयमेव हट्ने छन् । अर्को कुरा, म सौता–सौतिनीको बुहार्तन भोग्दिन भन्ने उचित स्वाभिमान प्रत्येक माहिलाको हृदयमा उठेपछि पनि यो हट्न सक्दछ ।

**भ्रमरवृत्ति**—धेरै कालसम्म चलिसकेको स्त्रीपारतन्त्र्यले पनि होला पुरुषलाई भ्रमर र स्त्रीलाई फूल भन्ने आलंकारिक भाषा प्रायः सबैले बुझ्ने भइसकेको छ। स्त्रीस्वतन्त्रता मन पराउनेहरूले यो आलंकारिक भाषाको पनि विरोध गर्नु आवश्यक छ। किनभने यस्तो भाषाको प्रचारले स्त्री-पुरुषको मनोभावनै बिग्रन जान्छ र बिग्रिरहेको पनि छ। यस्ता अनेक स्त्रीहरू देखिन्छन् जो आफूले सौताको बुहार्तन मात्र भोग्न आफ्ना पति महाशय कुनै नर्त्तकीकहाँ, कुनै फिल्के पुतलीकहाँ कहिले-कहिले रात बिताएर आउँछन् भने "भ्रमर हुन् बिताउन्" भन्ने संतोषी भाव देखाउँछन्। यही आलंकारिक भाषाको भरमा आफूलाई फूलजस्तै पवित्र संझने अविवाहिता हरू पनि नहोलान् भन्नुपर्दैन जो जतिसुकै पुरुष भ्रमरहरूले रस लियेर गए तापनि लोकदृष्टिमा कलंकित नभएसम्म आफूलाई फूलजस्तै पवित्र ( अबिटुलो ) संझन्छन्।

साच्चै भनूँ भने गुप्ती तबरले त यस्तो अनुचित सम्बन्ध समाजमा चलिरहनाको पनि एउटा मुख्य कारण स्त्री जातीको आर्थिक पराधीनतानै हो। यस विषयमा एउटा मार्मिक कहानी शारदाको नारी-परिशिष्टांकमा "झुप्रोमा लुकेको फिलिंगो" नामले प्रकाशित पनि भइसकेको छ। अर्को कारण ब्रह्मचर्यपालनको अनुकूल शिक्षा दिन र वातावरण तयार गर्न नसके तापनि वासना प्रबल हुने उमेरसम्म पनि बिवाह गरिदिन नसक्नुहो। यसकारण बिवाहसंस्कारको निमित्त बेहोर्नुपर्ने भड्किलो खर्चलाई घटाएर यसको इज्जतचाँहि पूर्ववत्नै कायम राख्ने कोशिश पनि हुनुपर्छ। यति भएपछि मात्र यो गुप्ती र अनुचित सम्बन्ध संतोषजनकरूपले कम हुनेछ र समाज भ्रूण हत्याको पापबाट बच्नेछ।

**पाचुके**—आफूलाई प्रगतिशील बिचारका संझनेहरूमध्ये प्रायः सबै बिवाह-विच्छेद गर्ने अधिकार स्त्री-पुरुष दुवैले पाउनुपर्छ भन्छन्। यसको सख्त विरोध प्रायः कट्टर पन्थीहरु गर्छन्। अधिकार पाउनु र

नपाउनु यी दुवै थोकको सदुपयोग र दुरुपयोग समय-समयमा भएको छ। पाचुके गर्ने अधिकारको दुरुपयोग त्यस समयको रूसमा भएको थियो जब त्यहाँ यो अधिकार भर्खर भर्खर मात्र दुनियाँले पाएका थिए। "आजको रूस" नामक पुस्तक पढ्नेहरुलाई याद होला-त्यहाँ ५५% जोई-पोइले पाचुके अधिकारको प्रयोग गरेका थिए। छिटोमा छिटो बिवाह गरेको दुइ घण्टाभित्रैमा सम्म पनि बिवाहविच्छेद भएको थियो। हाम्रो नेपाल राज्य-भित्रै यस्ता अनेक जाति छन् जुन जाति (वर्ग ?)-मा जहिले मन लाग्यो उहिले भनेजस्तो पाचुके हुन्छ। तर सिक्षा र सभ्यताको दृष्टिबाट तिनीहरुको जीवनस्तर त्यति उच्च हुन सकेको छैन जति पाचुके नगर्ने जातिको भएको छ।

पाचुके नगर्नाले स्त्री पुरुषमा सहनशीलताको मात्रा बढ्छ, गृहकार्य सुचारु रुपले चलिरहन्छ; विषयसुखको कटुताको अनुभव उमेरको साथ-साथै बढ्दै जान्छ। तर अयोग्य नर-नारीको बिवाह हुन गएको छ भने प्रायः स्त्रीले र कहिले कहीं दुवैले अथवा पुरुषले मात्र पनि नारकीय जीवन बिताउनुपर्ने अवस्था आइपर्छ। र समाज अनेक मानसिक रोगका शिकार बन्छन्। यस् कारण यसको निष्कर्ष यति हुन आउँछ—पाचुके गर्ने अधिकार दुवै थरीले अवश्य पाउनुपर्छ, तर साथ-साथै पाचुके लिनु-दिनु लोकको दृष्टिमा अत्यन्त निन्दित कार्य पनि संझिनुपर्छ। किनभने बिवाह विच्छेद दुवैथरीको अदूरदर्शिता र असहिष्णुताको लक्षण हो। पशुसमाज एउटालाई छोडेर पक्षिसमाज ले पर्यन्त यस विषयमा थेर-थोर नियंत्रण मानेकै देखिन्छ। हुन पनि यसको दुरुपयोग जति बढ्यो उति बढ्ता भ्रूणहत्या र अनाथ बालक-बालिकाहरूको संख्या पनि बढ्न जान्छ।

**शिक्षा**—नेपालले मेशीन युगलाई सम्पूर्ण रूपले नअपनाएसम्म दशपारिबारको दशैवटा चुह्लीमा आगो बलुञ्जेल सम्म १५।२०वर्षको उमेर-तक समानशिक्षा र त्यसपछिलाई पढाइको बिषयमा आवश्यक भेद

हुनुपर्छ। घर समाल्नेलाई घरको शिक्षा र बजार समाल्नेलाई बजारको भएन भने पारिवारिक जीवन कंटकमय नभई छोड्दैन। समान अधिकार को नाममा 'अथ'-देखि 'इति'-सम्मको शिक्षा पनि समानै हुनुपर्छ भन्न सकिन्न। किनभने दुबैको शरीर समान छैन-गर्भ धारण पुरुषले गर्दैन। यही शरीरको भेदले कार्यभेद पनि गराउँछ र यसैले शिक्षामा पनि केही अंशमा समान र केही अंशमा भिन्नता पनि हुनु अनिवार्य छ। तर आजसम्म यसको राम्रो बन्दोबस्त कतै पनि भइसकेको सुनिएको छैन। यस कारण नेपालले पनि यसमा आफ्नै ढंगबाट कदम उठाउनु अवश्यक छ।

**पर्दा**—समुचित शिक्षा पाएर आफ्नो व्यक्तित्वको यथोचित सम्मान गर्न जानेपछि पर्दा प्रथाको जरूरत छैन। यो साँचो हो। तर हिजोआज पर्दा भने धुजा-धुजा हुन लागिरहेछ, यसको साथसाथै समुचित शिक्षा र व्यक्तित्वको सम्मान भने बढ्न सकेको छैन। यसको कुपरिणाम, हुनत धेरैलाई तीतो-पीरो लाग्नेछ। तथापि बास्तविक हुनाले लेख्नै बेस छ।

**सिनेमा**—हिजो आज सिनेमाको खूब प्रचार छ। यो प्रचारको ५०% श्रेय पर्दाप्रथानिरोधलाई छ। अभिनेत्रीहरूको सुन्दर रूप यौबन, वासनामय हावभाव, सुमधुर स्वर र त्यही सिनेमाको शोभा बढाउन आउने झिल्के पुतलीहरूसंगको बस-उठ, वार्तालाप सुमधुर स्वर र रुपरस पानका लोभले सिनेमा हेर्नेहरूको संख्या पचास बढ्छ। यो सम्बन्धलाई धेरैजसो युबक र केही अंशमा युबतीहरूले पनि 'पवित्र' बिशेषण दिन बेर छैन। किनभने प्रकृतिले दुबै थरीको हृदयमा वासनाको फलाम र चुम्बक राखिदिएको छ। यसैले भन्न सक्छन्-यसमा केही दोष छ भने त्यो नर-नारीको दोष होइन प्रकृतिको हो !!

**स्वागत र संगीत**—दुनियाँले रगत बगाएर भर्खरै मात्र पाएको स्वतंत्रताको साथ-साथै सभा र सम्मेलनहरु पनि बढ्न लागिरहेछ र

बढ्ने पनि छ। यस्ता सार्वजनिक सभाहरुमा कुमारीसमूहलाई स्वागत-संगीत गाउन दिएर सभाको शोभा बढाउनेहरु पनि कतै-कतै देखिए। अस्ति म कुनै सार्वजनिक सभामा गएको थिएँ। त्यहाँ वयसन्धिमा पुगेका चारजना कुमारीहरुले सभाको सुरुमा गीत उच्चारणमात्र के गरेका थिए कुमारीहरूको अनुहार पनि हेर्न चाहनेहरुले घुंइचो मचाएर शान्ति भङ्ग गरिहाले। तर युगौंको पर्दा च्यातेर भर्खर भर्खर मात्र निस्कन पाएका महिलावर्गलाई यसमा कुनै किसिमको अपमानको अनुभव भए-जस्तो लागेन। यदि बाबु र छोरी, आमा र छोरा, दिदी र भाइ आदि नाताकै दृष्टिले मात्र हेर्ने हो भनेत पर्दा हुनु-नहुनुको कुरै छैन। यदि एक थरीले अर्काथरीलाई 'पराई' भन्ने दृष्टिबाट पनि हेर्ने हो भने त्यसरी पुरुषहरुको जमघटको बीचमा केही कुमारीले मिलेर एक सुरमा कुनै मङ्गल गीत गाउनु, कुनै नेताको स्वागत गर्नु महिलावर्गको निम्ति सम्मानको लक्षण होइन। म सम्झन्छु, यो पनि उही पुरानो पारतन्त्र्यको युगानुरूप नयाँ पोशाक लगाएको मात्र हो।

**नोकरी**-आर्थिक स्वतन्त्रताको निम्ति महिलाजातिलाई पनि सरकारी र दुनियाँदारीको नोकरीमा स्थान मिल्नुपर्छ। यो उचित छ। तर भारतमा मैले जुन किसिमको अनुभव यसविषयमा गरेर आएँ, त्यो सम्झदा मेरो हृदयले भन्छ-के यसैको नामहो स्त्रीस्वातन्त्र्य ?

म भारत छँदा कुनै एक प्रसिद्ध व्यक्तिसँग बस्ने मौका मैले भेट्टाएँ। केही दिनको सहवासले मलाई लाग्यो ती व्यक्ति चरित्र बललाई कुनै महत्त्वको दृष्टिले हेर्दैनन्। तिनलाई केही कारिन्दाहरुको जरूरत थियो। तर त्यस ठाउँमा म्याट्रिकसम्म पढेकी हरिजन-परिवारकी एउटी युवती पनि बड़ो मुस्किलसाथ मात्र पाइयो। ती युवतीसितको एकान्तबास मन नपराउनेहरुमध्ये कसैले ती प्रसिद्ध व्यक्तिको अनुचरसित यो कुरा उठाए। युवकले हाँसेर भने-'यह कोई बड़ी बात नहीं है। देशमें आप जिस भी नेताके पास जाइए, उनके यहाँ एक टाइपिष्ट प्रायः युवती

ही होती है। क्योंकि इससे पुरुषोंको अपने कार्योंमें एक प्रकारकी स्फूर्ति मिलती है।

कोठामा बसेर काम गर्नमा स्फूर्ति प्राप्त हुनु त बेसै कुराहो। तर यो उपायको अविष्कारले महिलावर्गको सम्मान होइन, अपमानको विज्ञापन गर्दछ। पर्दाप्रथा हट्नु, नोकरी मिल्नुको माने अभिनेत्री र सहेली ( नटुवी ) हुनु, सभामा स्वागतसंगीत गाउनु र कुनै प्रभावशाली पुरुषको एकान्त कोठामा बसेर टाइपिष्ट हुनु हो भने अबलाई मनु महाराजको 'न भजे स्त्री स्वतन्त्रताम्' खतम भयो भन्नु शब्दाडम्बरमा भुल्नु र भुलाउनु मात्र हो। फरक यति मात्र छ मनु महाराजको भाषा रूखो थियो, अहिलेकाको भाषा पालिशदार छ चिप्लो छ ।

उपर्युक्त हरिजन परिवारको युवती पनि एक हप्तापछि एकाएक आउन छाड़ी। उसको एक हप्ताको कामको ज्याला उसको बाबु चाहिनेले लिएर गयो। काम नसकिएकाले फेरि अर्को कारिन्दाको खोजी भयो।

**व्यापार**—सिनेमामा रूपवतीहरूलाई नचाएर गाउन लगाएर सिनेमा कम्पनीले भुँड़ी ठूलो पार्छ। शिक्षित युवकहरूको संतुष्टिको निम्ति राइटिङ्ग प्याडमा कुनै न कुनै सुन्दरीको तस्वीर मुख-पृष्ठमा रहनु आयश्यक जस्तै भइसक्यो। 'लक्स' आदि साबुनको विज्ञापन गर्नु पर्‍यो भने पनि उही कुनै सुन्दरी 'निम्मी' 'देसाई' आदिको हाफ फोटोद्वारा ग्राहकद्वारा आँखा काला हरफतिर तान्ने कोशिश गरिएको हुन्छ। अब केही दिनपछि कुनै "कुशवहा कान्त" का जस्ता उपन्यास, कहानी, नाटक र कविताको पुस्तक हरूमा पनि लेखकले कल्पना गरेजस्तै भाउ लाएकी पोजमा बसेकी सुन्दरी युवतीहरूको अनेक फोटो नारीस्वातन्त्र्यको नाममा, पर्दाप्रथानिरोधको प्रमाणस्वरूप जडिन बेर छैन। जस्तो "माया" पत्रिकाले त अलि-अलि श्रीगणेश पनि गरिसकेको छ।

**सहयोग**—अब प्रश्न उठ्ला, उसो भए केत महिलावर्गले पुरूषलाई नाच, गान वा अरु कुनै किसिमबाट सहयोग दिनै हुंदैन ? हुन्छ, अवश्य हुन्छ, उचित सहयोग दिनु पनि पर्छ। तर नारीमा परस्परको सहयोगबिना त हाम्रो व्यवहार चल्नै सक्तैन। तर आधुनिक सुधार भनूँ या सभ्यताको नाममा चलिरहेको जुन-जुन कार्यहरूको चर्चा माथि गरिएको छ, ती कार्यहरू त्यस रूपमा चलिरहनाको मुख्य कारण नारी जातिको अज्ञान र अर्थिक पराधीनता मात्र हो। जुनसुकै सभ्यजातिको होस्, घरानियाँ परिवारका समझदार दाजु र बहिनी अथवा दिदी र भाइले पनि कुनै सार्वजनिक डबुलिमा एकसाथ नाचने र गाउने गर्दैनन्। तर यस किसिमको नाता नपर्ने रहेछ र दुबै नाच-गानमा निपुण छन्, अभ्यस्त छन् भने एकसाथ नाचगान गरेको देखिन्छ। यसको कारण स्पष्ट छ, कोट्याइरहने जरूरत छैन। कुनै सभ्य व्यापारीले पनि आफ्नै दिदी-बहिनीको सुन्दर फोटो राइटिङ्ग प्याड्को मुखपृष्ठमा अथवा साबुन, क्रीमको विज्ञापनमा छपाएर अफ्नो व्यापार बढाउन चाहँदैन। यसैले सहयोगको नाममा पनि माथि उल्लेख गरिएका कार्यहरूको समर्थन हुन सक्तैन।

**निष्कर्ष**—यदि साँचिनै समानाधिकार दिने र लिनेनै हो भने माथि लेखिएका र त्यस्तै किसिमबाट समय-समयमा सुधारको नाममा छद्मवेश लिएर आउने अरु बन्धनलाई पनि काट्ने हतियार नारी-वर्गको हातमा हुनुपर्छ। नभए पुरुषवर्गले दिन सक्नुपर्छ र नदिए लीन सक्नुपर्छ। किनभने 'अधिकार' प्रायः लिइन्छ दिइन्न। यति भएपछि मात्र स्वतन्त्रता वास्तविक स्वतन्त्रतामा गनिन सकिन्छ।

# हुप्पी मासिदैछ ।

[ ले० श्री वीरेन्द्र ]

[ प्रस्तुत लेखमा प्रगतिवादलाई प्रमुखित गराउँदै, सरल-ढंगमा एउटा सरल दर्शन अभिव्यक्त गर्ने प्रयास भएको छ । पाठक, पठिकाले यसलाई व्यक्तिगत आक्षेप, वा दल विशेषको द्वन्द न सम्झिदिए देखिन् म कृतार्थ रहने छु ।

—लेखक ]

एक दिन बिहानीपखको खुल्ला आकाश हेर्दै म कविता गर्न छट्पटाइरहेथें । कविहरुलाई पनि शायद भाव चुनाउमा छट्पटिनुपर्दो हो कि ! कि र साहेब सब्दा नौलो अनुभवको लहरहरूले उचालेको र पछारेको झैं अनुभूति हो ।

म इच्छा गर्थें कवि भएर एक चोटि एउटै कविता गर्न सक्ने भएँ भने पनि कविको अन्तर्द्वन्दको महत् अनुभवमा सुरेली खेल्ने थिएँ । रुख, पात, पहाड़, जंघार, खोला, नालाको मिठो अति मीठो कानेखुसी गरेर गाएको गीत सुन्न सक्ने थिएँ ।

कुसुमका केशरहरूबाट माधुर्यका तिखारिला विजुलीहरु खुस्किएका हेर्न सक्ने थिएँ । कुसुमैले सरल कविको आत्मालाई मोहनी लाउन खोजिरहेको आत्मविस्मृतिको कति-कति राम्रो मुहूर्तको अनुभोग गर्न सक्ने थिएँ ।

परनै खेत खन्नेहरु मलाई एकलाशै खरुकी डाँड़ानेर गम खाएको देखेर बौलाहा सम्झलान् भन्दै म उठ्न खोजिरहेथें । विद्युत्को शिखामैं

मिलिक 'त्यसो भए मैले ता आफ्नो चेत चुँड़ालेर बौलाहा बौलाहा पो बनिन खोजिरहेछु,' भन्ने सम्झें। म विचलिएँ। मेरो अन्तरपुटमा उखर मौलो लाग्यो। मलाई डर लाग्यो। भूत देखेर। होइन, बिहानको कुरा हो। तब के कवित्व शक्तिको बलमिचाइले। त्यसो किन हुन्थ्यो, मलाई मेरो बनावटले सिवाय अरु कसैले कवि भन्दैनन्।

म यतिञ्जेल असिन-पसिन भैसकें। त्यसो भए पागल हुन लागेको सम्झँदा मलाई हफ्हफ्ती बाफमा रुमलिनुपर्‍यो भन्ने लाग्यो। अरे। पागल हुन साँचै डरको कुरो। धुग्यानमा, जुठ्यानमा खोजिखाने हुनु म मन पराउनु। एकलै बाह्रसत्ताइस कुरा जोत्ने म बन्नु। कतिका लात र ढुंगा खाने त्यज्य मान्छे म बन्नु। सबै मलाई देखेर भागेकोमा म के स्वर्ग सृजना गर्न सक्ने हुनु!

धत्धत्, म ता बौलाएछु भन्दै एक क्षण एता-उता हेरेर टोहल्याउन थालें। सबै डरलाग्दा यस्ता भावहरुदेखि परोक्ष रहनलाई एक क्षण बर्सात्को गीत पनि चर्को स्वरले गाएँ। यसरी म सिरीष रुखको फेदनेर लेटिरहेथें। फिलिलिलि एउटा सुक्खा पात रुखको माथ्लो हाँगाबाट उड़ेर मेरो तालुमा बस्यो। म पनि ता भावुक थिएँ। मलाई यही सब दृश्यले बचाउँथ्यो। जीवित राखिदिन्थ्यो।

मैले हतपत तालुनेर हात राखिदिएँ। त्यो पात थिचियो अनि टुप्पिनेरै धुलियो। मेरो हात यतिञ्जेल मेरो वशमा थिएन। मेरो वशमा आउँदा-नआउँदा मैले टुप्पी टुप्पी टुप्पी सम्झेंछु। टुप्पी। खोइ त मेरो टुप्पी। मेरा हृदयमा बेहद् भावहरु खेल्न थाले। टुप्पी क्या हो त।

टुप्पी धार्मिक मन्तव्यमाको प्रकृतिले दान गरेको वैयक्तिक सम्पत्ति हो। कसैले धन, शक्ति, ऐतिह्य, ज्ञान, विज्ञान इत्यादि जीवनको आभूषणको प्रदर्शनमा ठूलो नाकमुनिको सद्धके जुँघामा ताव लाउछन् भने

धर्ममा आधारित विविध वैज्ञानिक कार्यसाधनहरुको प्रतिकारमाको उच्चा दिव्य पताका हो मुडुलो माथको झ्याँगे टुप्पी । निश्चयनै मानिस पुरुषार्थ झल्काउनलाई, योद्धाको हाँक लाउनलाई जुँघामा ताव दिंदा हाम्रो धर्म-निष्ठ मैना बाजे दोलाका टोपी खोलेर मसार्न साहस नबटुलोस् । तर विश्वदेखि लुकाएर भए पनि दोलाका गुम्फ ओढ़ाएर हृदयभित्र नै डुलिहिंड़्ने बाफिलो तावले गर्मिलो निश्चय होलान् । तब न टुप्पीमा मयल तेत्तिका ।

हुनता अघि-अघि पनि ता टुप्पी थियो । टुप्पीको अविर्भाव अर्थात् टुप्पी पाल्ने प्रथाको अविर्भावको निश्चित मिति टक्राउन नसकुँ तापनि भय र असुरक्षित स्थितिअगाड़ि मान्छेले देवतालाई आगोमा, हावामा, धरतीमा पालेपछि सांकेतिक युगको शासनकालनेर नै यसको सूत्रपात भएकोहो भन्नमा आनाकानि पर्दैन । पुराणशास्त्र (Mythology) एवं विधिशास्त्र (Ritual) का टेकुवा पाएर जटा फलेको-फुलेको थियो । गंगालाई स्वर्गदेखि ओह्राल्दा भगीरथ प्रयास शिवको जटाको प्राप्तिमा समाधिस्थ बन्नुपरेको मैले भूलेदेखि पनि धर्मग्रन्थले ता भुल्न सकोइन । दक्षका यज्ञमा घोर प्रलय माचाउने विचारले महादेवजीले आफ्नो हत्केलाभरिको लट्टा अर्थात् जटा पछारेको वीरभद्रको आह्वानमा देवादि लाई कोपभाजन हुनुपरेको कुरो देखि पाठक-पाठिका त अवश्यमेव अवगत होलान् । यसरीनै बाइबलमा समेत जटालाई शक्तिको निधि गराएको छ । महावीर्यवान् शक्तिशाली स्यामसनको तवाह गर्नलाई उसको जटानै समूल मुड्याउनुपरेको थियो । तर जे होस् जटाको वर्तमान रूप नियाले र गुनाँसो लाग्नु रामराज्यको स्थितिका प्रतिपादकहरुलाई स्वाभाविक नै बुझिन्छ ।

टुप्पी हुनेहरूको अवस्थिति 'सत्य ! एवं भक्तिको !' हाजिरीको सूचना हो । टुप्पीसित हाम्रो हृदयको विश्वास एवं रुढ़ी-रीतिको भित्ति

अघिनै व्यवस्थित छ । हामी टुप्पीलाई हेरेर खितिति हाँसे तापनि त्यो हँसाइको अर्कातिर तर्साइ पनि उपस्थित देखिन्छ ।

वृथा लम्बेदार झर्को लाग्ने वस्तु युगले नै नामंजुर गरिल्याएको हुनाले हामीलाई टुप्पी देखेर हाँस उठ्छ । हामीलाई युगले नै वैज्ञानिक अर्थात् छोटो, मिठो, सुरिलो, मिलिलो, रुचाउने गराएको छ । परिभाषा विज्ञानवेत्ताहरुको ठूलो देन हो । युगले सुविधा एवं अल्प समयानुकूल वस्तु र स्थिति निर्द्धारणार्थ पाएको परिभाषामा भएभरका बुद्धिगत नुस्काहरु समक्षमा आउँदा छन् । जे–जति पनि थोकलाई मान्छेले परिभाषाको साँचामा ढालेर कंचन, सुगम, सुलभ पारि-राखेको छ ।

यस्ता प्रवृत्तिमा अग्रगण्य वर्तमान विज्ञ युगमा नसुहाउने लट्टा अविच्छन्न शिरमानैं टाँसिएको लट्टासमेतको प्रतिस्पर्धानै आजको बैवेविक कालको अनुरागीन सौन्दर्य भैराखेको छ ।

टुप्पी राख्नुमा धार्मिक भित्ति कुनै केही रूपमा दिन सकिंदैन भन्ने मतावलम्बी हरू पनि टुप्पी पालिने संस्कारलाई समूल उम्काइ पठाउन देखि अतिरिक्त सानो आकारमा एवं बेढंग हिसाबमा ठाड़ो गाड़िएको भए पनि जगेरा हो भन्ने बयान दिन्छन् । हामीलाई पनि साना छँदा बाबु–आमाले कतै हजामले टुप्पी मासिदिएको भेट्टाए चिढ़िएर उल्टाई डाँटेको घड़ी अक्षरशः मनमा आउँछ । त्यांगे ढपका बनीनलाई यताउति विजनमा सुटुकै काटिदिएको ठुटो टुप्पी हेरेर, लौ तेरो ता जात गयो, बड़ो फसाद भो, भनेको बिर्सिएला भन्नुपरोइन । म चाहिंता साँचो भनौं भनें टुप्पीलाईनै दुनियाँ नबुझिने रूपमा नामकरण गर्छन्' जात' भन्ठान्थें ।

एक दिन रवाफसाथ लाएको फेल्ट हैटको एकातिरबाट फुत्त फुत्किएको टुप्पीको शिखा नियाँलेर भोटिनी खित्का छाड़ी–छाड़ी हाँस्दै

आफ्नो मर्यादा लुटेकोले घरकाहरुले यसका पक्षमा जत्तिकै ढिंढोरा पिटे पनि भान्छाघरमा पियांज काट्ने छुरीले देब्रे हातले उल्लाई पक्रेर दाँया हातले च्याट्ट काटेपछि पुनः कतै इज्जत उसै नलुटिएला भन्ने विश्वासमा धाक जमाएँ। हजामसित लाजैले तर करले टुप्पीलाई समेत अरुहरूझैं निमिस्यान्नै गरिदेलौ भन्ने खुसुक्क कान फुक्ने व्यवस्था गरें। यतिञ्जेल जात जाला नै भन्ने आश जीवित थियो। तर, अब त्यसको अवसानमा टुप्पीकै समाप्तिको साँघि जर्जरित छ।

सौजन्यको उत्कण्ठा यही टुप्पीकै पुरानो प्रतिष्ठाको विभेदमा निहीत रहेको छ। तर यस्ता संस्कारको माहात्म्यले बेला-बेलामा दगाबाजी गरेको हामीदेखि विच्छिन्न छैन।

टुप्पी देख्ता मात्र पनि अग्निशर्मा हुने सोची मुद्राका विवेकहरु अनेकौं गुज्रे। लट्टे माथ बुद्ध भगवान्का निर्देशमा देवानन्दादिका आदेशमा मुडुलिए। विचारले तत्पश्चात् पल्टा खायो। तिमी उँधो लागेर जदौरी नभन भन्ने तिर सबै लागे। 'धर्म-ग्रन्थ पूज्नलाई होइन अध्ययन गर्नलाई' भन्दै ललकारे। विवेकानन्दले कृष्णचरित्र विजातिहरु देखि आत्मसंयमद्वारा खोसे। ढुंगा, आगो, समुद्र इत्यादिले होम खाएनन्। सिन्दूर, तिलक, चन्दनादि ढुंगा, मूर्ति एवं चित्रमा परेन, पऱ्यो मान्छेको ललाटमा। मान्छे उचालिए, बिवेकको सत्ता अरू प्रकाशिलो भयो। मानिससँग-सँगै विश्व सारा एकक्षण लाई तर्स्यो।

यी टुप्पीवाल यति बेलै गम्भीर मुख मुद्रा गरेर मक्क पऱ्यो। धर्मको द्वारको चाबीको गुच्छा टुप्पीबालहरुमा नै रहेको थियो। उनीहरूनै प्रजालाई राजा गराउन सक्थे एवं राजा देवता। भगवान्को नामको बिक्रइमा यो खाल, यो सम्प्रदाय जीविकार्जन गर्दथे। अतएव, टुप्पीको विरोधी मार्गका अनुसरण नै प्रगतिपथमा डटेका आदम अनि धर्मको

बाइबल अनि बौद्ध ग्रन्थका निर्माण हुन्। रूढ़ि-मूलक हेतु वैषम्य आधार प्रतीकका विच्छिन्न बलिया विप्लवको बोली एवं सैन्यको तयारी हो। विप्लबी चेत कवि नजरुल इस्लामको नगराको प्रतिध्वनि अहिले-सम्मन् बंगाली समाजमा स्थगित भएको छैन। 'प्रमेथियस अनबाउण्ड' बाइरल शोभाएर अद्याबदि महामान्य कहिएकै हो।

टुप्पीलाई सुमसुमाएर पाल्ने गिदीहरु पुराणगत रूढ़ीसंस्कारका पूजक हुन्। टुप्पी नै अर्को रूपमा रूढीवादी गुटको पताका हो। टुप्पीको पछि प्राण समर्पणार्थ मैदानमा डटेका कट्टर पन्थीहरु अद्यावधि हजारका संख्यामा छँदैछन्। इनीहरुको निवृति नवीनतम प्रवृत्तिको परिचालन चिरायु-कामना एवं मानववाद हो। टुप्पीपताका भएका गुटका निमित्त प्रयास, उद्योग, श्रम निरर्थक हुन्। यस्ता यथार्थवत् मान्छेको मुटु खाने, रगत चुस्ने, हड्डी चपाउने, गिदी पिउने अनिष्ट पिशाच-प्रवृतिसिवाय अरू केही होइनन्। उनीहरूको मतानुयायी सस्थान परिभ्रमण गरिहिंडने आशावादी किन्तु निराश्रित परिव्राजक मात्र हुन्। जसलाई अघि लगाउने नागबेली बाटाहरूनै कर्म, पूर्वका फल स्वरूपको कुदाइ हो। जीवन निरर्थक हो आज जन्मनु भोली पक्क मरिजानु। आजलाई पूर्वकमाइले दोहऱ्याइरहेछ। भोलीलाई वृथा चिन्ता नगर। भोली उजेलो न ता अँधेरो गराउने भगवान् छन्। मुलुकमा पापै-पाप व्यास्ता भए। अब पृथ्वी संहारिनेछ। छोरा बाबुपछि, आमा छोरीपछि, छात्र गुरुपछि, लोग्ने स्वास्नीपछि जाइलाग्ने छन्। मासु मासुले पुरिनेछन्। हड्डी हड्डीले। पृथ्वी डाँवाडोल हुनेछ। मान्छे बिलाउने छ। धर्मको अधर्मसित तुमुल संघर्ष छेड़िनेछ। यही सब तरंगका दुन्दुभि ठोकेर टुप्पीवालाहरू आफू-लाई सुरक्षित भन्ठान्दै नाचने गर्दछन्-'भाग हाम्रो अघेलो छ। तिमीलाई डोऱ्याऊने शक्ति नै तिम्रो पहुँचको बाहिर छ। तिमी के कारण निरर्थक प्रयास गर्दछौ। कोमलांगिनी, तिम्रा निमित्त संसार नै चौका, किन उछिङ्खल मा पर्दछेऊ।' इत्यादि हुन् टुप्पीवाला हरूको नारा।

यतिञ्जेल डाँड़ामा घाम पुगेछ, बेलुकीको चिसो सिरेटोले एकहोरो हान्न लागेको चाल पाएर आफ्नो भावुक हृदयको थांग्ने पोथीलाई गुट्मुट्याउँदै उठें। मैना बाजे टुप्पी कन्याउँदै भतिर आउन लागेको देखा परे। म पनि गफिन्दै गाउँतिर लागें भोली-पर्सि वा त निकट भविष्यमा हावाजहाज, रेल, मोटर ट्रामको, प्रबन्ध मेरो गाउँमा पनि होला भनेर त्यो दिनको प्रतीक्षा गर्दै।

## पात्रहरू

| वर्ष | नाम | |
|---|---|---|
| ६८ | बूढी बज्यै | |
| ५३ | ज्येठा | बूढीका छोराबुहारीहरु |
| ५२ | माहिला | बूढीका छोराबुहारीहरु |
| ५० | माहिला | बूढीका छोराबुहारीहरु |
| ४४ | साहिंला | बूढीका छोराबुहारीहरु |
| ४२ | साहिंली | बूढीका छोराबुहारीहरु |
| ४२ | काहिंला | बूढीका छोराबुहारीहरु |
| ३५ | काहिंली | बूढीका छोराबुहारीहरु |
| ३६ | कान्छा | बूढीका छोराबुहारीहरु |
| ३४ | कान्छी | बूढीका छोराबुहारीहरु |
| २८ | गोपालसिंह बस्नेत | — ज्येठाका ज्येठा छोरा |
| २६ | कृष्णसिंह ” | — ज्येठाका कान्छा छोरा |
| २२ | हरिसिंह ” | — साहिंलाका छोरा |
| २१ | केहरसिंह ” | — कान्छाका ज्येठा छोरा |
| १७ | हरिकी दुलही | |

# भतेर

( एकाङ्की नाटक )

बालकृष्ण सम

दृश्यः कतै नेपालमा। छिपिएको बिहान। साहिंलाको घर। कागतका फूलहरूले सिंगारिएको ठूलो भान्छा। वरिपरि दुवैतिर छ-छ ओटा काटिएका चौकीहरू छन्, बीचमा त्यस्तै सोता छन्। सोताको सोझै परतिर ठूलो गुम्बज छ, त्यसभित्रपट्टि धूवाँले माथ्तिर गाढा कालो भएर तल्तिर क्रमैले कलापूर्ण फिका हुँदै आएको छ; मन्तिर रातो माटोले पोतिएका ठूल्ठूला चुह्लामा कसौडी खँडकुला र ताप्केहरू बसालिएका छन्, अग्निज्वाला प्रशस्तसित लप्किरहेका छन्। चौकीपिछे एक एक ओटा पिरा हालिएका छन्। टाढा नेपथ्यमा विवाह सम्बन्धी नेपाली बाजा बजिरहेका छन्।

तीन जना स्वास्नीमानिस पकाउनु-चलाउनु गरिरहेका छन्: साहिंली काहिंली र हरिकी दुलही।

वरतिरबाट बूढी बज्यै पानी अचाउँदै नङ्गाखुट्टा आउँछिन्, उनीको पछि-पछि धोती र भोटो लाएका काहिंला आउँछन्।

बूढीबज्यै—मलाई पनि त्यसो भन्ने मान्छे हरू त चण्डाल भएर जन्मछन् बाबै !

काहिंला—साँची हो, हामी पाँचै भाइलाई आमाले आजसम्म बराबर गर्नु भएको छ ! हामीबाट त अहिलेसम्म त्यस्तो छुचो कुरा निस्केको छैन, अरू घरका मान्छेले कुरा काट्छन् भने काटीरहून्, हाम्रो के जान्छ !

बूढीबज्यै—साहिंली, भात पाक्यो ?

साहिंली—पाक्यो, असोइसकें, अब त सब वस्तुभए पनि हुन्छ ।

बूढीबज्यै—हेर् काहिंला, मेरो लेखा पाँचै छोरा बराबर, पाँचै बुहारी बराबर, सब नातानतिनालाई मैले एउटा सिन्काको सूत पनि घटोबढ़ो गरेकी छैन । हो, म अहिले कान्छापट्टि बसेकी छु छन त, तर बसेर मात्रै के; उसकी छोरीको बिहामा मैले जति गहनापात दिएँथे अहिले यी साहिंलाकी बुहारीलाई पनि उत्ति दिएकी छु, छुट्याएकी छैन ।

काहिंला—हो, आमाले जो हो—

बूढीबज्यै—हरिकी दुलहीको बन्दी देखिस् त ?

काहिंला—हिजो लाएकी थिइन् , देखें ।

बूढीबज्यै—घुम्टोभित्र देखिस् होलास् ।—ए दुलही यता आऊ ! तोला त उत्ति हो, अलि पातलो परिदिएछ र यिनको अलि चेप्टो देखिएको—( दुलही सोतै-सोतावर आएपछि ) हेर्न, त्यही त हो नि । ज्येठाकी छोरीलाई मात्रै मैले कसरी सानू दिइछु त ! मानिसले भन्न पाएँ भनेर छुट्टिसाहो—जाऊ बा, रच्चै गर, आयौं अब सबै—साहिंलाले कति राम्रो बुहारी फेला पारेछ, हैन काहिंला ?

काहिंला—भन्नैपर्दैन, हिजो बिहामा सबले कुरा गरे,—हाम्रो खलगमा हरिले सबभन्दा राम्रो दुलही पायो भनेर ।

बूढीबज्यै—कस्ती सुकुमारी ! आँखा र ओठ त लाख-लाख रुपियाँका छन् ।—आ, बसें है म त, छुसीहरू कहिले आउने हुन् ! गफीहरू ! के-के पकाए हेरूँ पनि—

[ भान्छामा जान्छिन् ।
काहिंला पनि चौकीमा उक्लन
खोज्दछन् ।

गोपालको प्रवेश ।

गोपाल—काहिँला बा !

काहिँला—( फर्केर ) हँ, किन ? किन गोपाल, धोती नफेरेको ?

गोपाल—( वर गएर सुस्तरी ) म त भात खान्न नि !

काहिँला—किन ?

गोपाल—बिस्तारै बोल्नोस् , फेरि राड़ो मच्चिएला !

काहिँला—हैन के भो ?

गोपाल—केही पनि भएन, मलाई खान मन लागेन । मन लागेन भने त सुख पाइन्छ कि !

काहिँला—[ केही मझेलेर हेरिरहन्छन् ]

गोपाल—म त खान्न खान्न, तपाईं हरूलाई पनि हेरूँ अब कुन मुखले खान सक्नुहुँदो रहेछ ! ( अझ सुस्तरी ) थाहा छ दुलहीकी बज्यै खास कमारीकी छोरी रहिछ !

काहिँला—हा: ! कसबाट थाहा भो ?

गोपाल—अधिकारी पण्डितले मलाई सुटुक्क भनेको ।

काहिँला—सुटुक्क भए त बात लाएको हो कि क्या हो क्या हो; जो हो अधिकारी बाजे उभिन सक्ने रे ?

गोपाल—सहरलाई थाहा भएको कुरा रहेछ, कालुपाँड़ेहरू भए, सिद्धिहरू भए कोही पनि उनीहरूले छोएको खाँदा रहेनछन् । [ पिर्कापिछे राखिएका अंखरामा दुलही आएर ठूलो करूवाले पानी भर्दै जान्छिन् । ]

काहिँला—ए, ज्येठी भाउज्यू नआउनुभएको कारण त—

गोपाल—हैन, आमालाई त सन्चै नभएको हो ।

काहिँला—पहिले नै किन कसैले नभनेका रे त ? किन मुखमा दही जमाएर बसेका रे ?

गोपाल—साहिँला बाले कति हत्पताएर छिन्नुभो नि ? कसैसित सल्लाह गर्नुभो ? तपाईंसित सोध्नुभो ?

काहिँला—हामी जाबासित किन सोध्थे !

गोपाल—फेरि के त !–हरिलाई मान्छेको मुख हेरे भइहाल्यो, साहिँला बालाई धनको मुख हेरे पुगिहाल्यो !

काहिँला—ओ हो, उहाँ नै उस्तो !

[ बूढीबज्यै सब भन्दा माथिको चौकीमा बस्तछिन् । ]

गोपाल—उहाँ त उस्तो हुनुभो, भो; तपाईं पनि उस्तै हुने कि कसो ?

काहिँला—जेठ्दाइ के गर्नुहुन्छ हेरूँ ।

गोपाल—बालाई मै खुवाउंदिन, उसमाथि बा आफै खानुहुन्न । अहिले त त्यहाँ सबएकै ठाउँमा जम्मा भएका छन्, भन्नै पाइन र पो ।

काहिँला—त्यो त भएन गोपाल, के कुरा तिम्रो, जहाँ यस्तो कुरा चलेपछि सबैसित सोधपुछ गरी बुझी ख गर्नु पर्छ । उः दाइहरु पनि आउनु भयो ।

ज्येठा, माहिला, साहिँला, कान्छा, कृष्णसिंह, केहरसिंह अनि हरिसिंहको प्रवेश । सब धोती फेरेका भोटो लाएका हुन्छन् ।

ज्येठा—हाम्रा बाज्येज्यूलाई पनि पालुङ्गाको साग रे भनेपछि असाध्य मन पर्ने, मेरो कृष्णे त्यही गोता गएको । आमा, लौ आयौं हामी त— [ चौकी माथि उक्लन्छन् । ]

बूढीबज्यै—आओ, आओ—

माहिला—( उक्लंदै ) मलाई त पालुङ्गो त्यत्तिको—अं हं—

कान्छा—( कृष्णसिंहको पातामा हात राखेर ) हामी कान्छा कान्छा उस्तै भएछौं, ज्येठादाइको कान्छालाई जस्तै मलाई पनि पालुङ्गो साह्रै मन पर्छ।

ज्येठा—लौ, पहिले दुलहालाई राख्, केहर !

केहर—( हरिलाई समातेर ) बस्नोस् हरिदाइ !

काहिंला—हैन, ज्येठा दाइ एक चोटि यहाँ पाल्नुहुन्छ कि—

ज्येठा—किन ? आऊन काहिंला, यहीं कुरा गरौं।

काहिंला—हैन, गोपाल के भन्छन्, एक चोटि यहाँ पाल्नु हुनै पर्‍यो।

ज्येठा—( ओर्ल्हेर आउँदै ) अघाएको बाहुन र भोको क्षत्रीलाई नजिस्क्याउनू भन्छन्, यो गोपालेचाहिं भान्छा उक्लिसकेको बाबुलाई पनि तल खँगार्छ। ( वर आएर ) किन ?

अरु सब उक्लन्छन्। हाम्रो देब्रेपट्टिका चौकीमा परबाट लहरै बूढीबज्यै मन्तिर ज्येठालाई एक चौकी छोडेर केहरसिंह र हरि, अनि हाम्रो दाहिने पट्टिकोमा लहरै दुइ चौकी छोडेर माहिला, साहिंला, कृष्णसिंह र कान्छा बस्तछन्। हरि मन्तिर दुइ चौकी खाली हुन्छन्।

काहिंला—( ज्येठातिर ढल्केर ) गोपालले त फसाद पार्‍यो दाइ !

ज्येठा—के ?

काहिंला—( सुस्तरी गोपालसित ) भनन।

गोपाल—भन्नोस्न।

काहिंला—( अझ सुस्तरी ) दुलहीको बज्यै त त्यस्तै जातकी रे नि !

ज्येठा—हँ ? मारेन ?

काहिंला—त्यसै भन्छ—

ज्येठा—हो वा होइन वा—

काहिंला—हो रे ।

ज्येठा—[ घोत्लिन्छन् ]

काहिंला—अधिकारी पण्डितले भनेका रे ।

गोपाल—हो रे, मैले अगि कालुहरूसित पनि सोधें ।

ज्येठा—के भने त ?

गोपाल—उनीहरु पनि दुलहीका माइतीले छोएको खाँदारहेनछन् ।

ज्येठा—अधिकारीले समेत भनेको भनेपछि त बुझ्नै नपर्ने भित्तालागि-
सकेको कुरा रहेछ । अगिबाटै थाहा पाइएन, यस्तो बहुभतेरको
बेलामा—साहिंला यतै हेरिरहेका छन् , शंका पाइसके—अब
भन्नै पर्‍यो-( ठूलो स्वरले ) ए साहिंला, यता आऊ ।

साहिंला—किन दाइ ? भात ओह्रालिसके नि त !

ज्येठा—पर्खनु पर्‍यो एकछिन ।

साहिंला—पर्खन्छन् , कुरासम्म त यहीं बसेर गर्नु भए पनि होला ।

ज्येठा—हुन्छ त, हो, लौ— आऊ काहिंला !

ज्येठा बूढीबज्यैमन्तिर बस्तछन् ,

काहिंला हरिमन्तिर बस्तछन् ,

गोपाल उभिई नै रहन्छन् ।

काहिंला—( भान्छातिर फर्केर ) एकै छिन पर्खनुपर्‍या है !

ज्येठा—होइन साहिंला, यहाँ कुरा अपठ्यारो पर्‍यो, आमा पनि
सुन्नोस् । साहिंलाले आफ्नो छोराको विहा त गरिदिए,
बेस भो, दुलही पनि राम्रो छन् ; तर खाइ, उनका माइत
के हुन् , कस्ता हुन् , साहिंलाले के बुझे हामीलाई थाहा छैन,
हामीसित एक बचन सोधेनन्—

साहिंला—सोधेन त कसरी भन्नु भएको होला,—

ज्येठा —त्यो त सोध्यौ, विहा गरिदिन आँटें भन्यौ,—

साहिंला—यसकी छोरी पनि भनेकै हुँ—

ज्येठा—हो, भन्यौ, तर जसजसका चेलीबेटीहुन् ती कस्ता हुन् त्यो राम्ररी बुझेका छौ ?

साहिंला—पाँडे हुन् ।

ज्येठा—पाँडे मात्रै भनेर त हुँदैन, पाँडे पनि हेर्नाका छन् ।

कान्छा—त के भयो त ?

काहिंला—त्यसो होइन, अन पहिले जो हो दुलहीलाई नै सोधौंन । ( दुलहीसित ) यता हेर बा, नानीका बा आमाले छोएको कालुहरू खान्छन् कि खाँदैनन् हँ ?

दुलही—( अलिकर सोतामा उभिएर डराएको स्वरले ) बाले छोएको त सब खान्छन्—

काहिंला—आमाले छोएको नि ?

दुलही—आमाले छोएको चाहिं उनीहरू खाँदैनन् !

ज्येठा—उसो भए बा पनि त आमाले छोएको खाँदा होओइनन् ?

दुलही—खानुहुन्न । [ सब मुखामुख गर्छन् ।

कान्छा—अब केको खलबल त ! भात सेलाइसक्यो ।

माहिंला—हत्तपत्त गर्ने होइन, कुरा भनेको राम्रोसित बुझेर गर्नुपर्छ, आज एक दिन नखाएर के हुन्छ !

ज्येठा—क्या हो आमा, यस्तो ?

बूढीबज्यै—के गरेको साहिंला तैंले ? तँ जस्तो भएर पनि-

साहिंला—अब म के गरूँ ?—यिनकी आमालाई बिहा गरेरै ल्याएका हुन्, यिनका बाबुहरू बिहाइतेकै सन्तान हुन्, अब यिनका मामली सहसको पुख्यौली त आफूले बुझ्न नसकेको कुरा, बुझेको छैन ।

ज्येठा—के लाग्छ भनेको !—सबैतिर दृष्टि पुऱ्याउन त गाह्रो पो हुन्छ । अब यस्तै पऱ्यो तिमीलाई पनि, जानी जानी गरेको होइन— भने—

साहिंला—मैले यो हरिलाई न संझाएको होइन, मुख हेरेर मात्रै हुँदैन है, फेरि एउटाले एक थोक प्याज भनिदेला, दुइचार दिन ढिला भएर के भो, राम्रोसित बुझनुपर्छ, पख भन्दा, मानेन, यसैलाई बिहागर्छु भन्यो हत्पतायो, अहिले यस्तो नराम्रो पर्‍यो। शत्रु हाँस्ने कुरा भयो कि भएन !

बूढीबज्यै—त्यसो होइन बाबुहो, अब यसमा लच्पाङ्लुरुङ् गर्ने कुरै छैन: कसैले छोएको पनि खान्न स्वयंपाकी हुन्छु भनेर कसैले भन्यो भने पनि अरुले बोल्ने बाटो छैन, त्यो त आफआफ्नो इच्छा पो हुन्छ, कसैलाई कर छैन।

काहिंला—अब आमा के भन्नुहुन्छ, के गर्नुहुन्छ त ?

बूढीबज्यै—म त के, सत्तरी पुग्न लागेकालाई तिमीहरुले बोर्ने कामै छैन, अब कति बाँचिहालुँला र—

कान्छा—तपाईं त पन्छिनु भो, अब हामी ?—हामीले खाने कि भोकै बस्ने ?

बूढीबज्यै—तिमीहरु जे मन लाग्छ गर, जात फाल्छु नखाइ छोडदिन भने पनि कसैले हात समात्न आउनेछैन, होइन भने आफ्नो आफ्नो सानु खान आफ आफ्नै घर गए पनि भो। साहिंलाले डाकिहाल्यो भइहाल्यो—आइहाल्यौं।

साहिंला—तपाईं जे गर् भन्नुहुन्छ म त त्यही गर्छु। फेरि अर्कै भान्छा तयार गर भन्नुहुन्छ भने पनि चाँडै गरौं, सब जम्मा हुनु भएकै छ।

ज्येठा—अब आमा के गर् भन्नुहुन्छ त ?

माहिला—आमाले जे भन्नुहुन्छ हामी सबले त्यसैमा राजी हुनैपर्छ।

बूढीबज्यै—मैले भन्नैपर्‍यो त ? साहिंला, ल त सबलाई भोकै पठाउनु भएन, यो भान्छा उठाएर अर्कै तयार गर्नुपर्‍यो।

ज्येठा—लौ त, अब त्यसै भो—

कान्छा—हैन, साहिंला दाइ, अब हरिले पनि दुलहीले छोएको नखाने ?

साहिंला—भताहाहरुले त्यसै भनेपछि के लाग्यो !

बूढीबज्यै—विहा गर्दमा छोएको खानुपर्छ भन्ने केही छैन,—दिलिपसिंह, शेरविक्रम भए, अगमसिंह भए, कति जना आफ्ना जहानले छोएको खाँदैनन् ,खैत भएकै छ। दुलहीको माइतमा पनि त त्यस्तै चलन रहेछ ।

दुलही धोतीको ओढ्ने टुप्पाले
आँसु पुछ्तछिन् ।

हरि—हुन्छ, तपाईंहरु नखानोस् , म त खान्छु ।

कान्छा—हरि त लहडी छन् । फेरि सोहिंला दाइले तिमीले छोएको खानु भएन भने नि ?

साहिंला—मेरो त त्यही हो, अगि नै भनिहालें, आमा दाइहरु जे गर्नुहुन्छ सोही गर्छु ।

कान्छा—हरिले सुन्यौ ?

हरि—सुनिरहेकैछु । हुन्छ, दुलहीले छोएको तपाईंहरू बीस जना नखानुहोला, नखानोस् ; उनीले छोएको खाने संसारमा बीस हजार लाख मानिस छन्, अझ करोडौं पशुपन्छी छन् ,—कुकुर पनि खान्छ, तपाईंहरूकी आमाकी आमा गाई पनि खान्छिन् । हुन्छ, तपाईंहरू घृणाले नाता टुटाउँदै जानोस्, प्रेमले नाता जुटाउहनेरू जगतमा अनगिन्ती छन् । रथलाई पछिल्तिर तान्ने तपाईंहरू बीस जनालाई संसारमा को गन्छ र ?

कान्छा—मलाई नमुछ नि हरि, म त तिमीसितै छु ।

हरि—हो, थाहा छ कान्छा बा, मसित हुनु माने बीस जनापट्टि नभएर बीस हजार लाख मानिसपट्टि हुनु हो ।

कान्छा—हो, हरिले ठीक भन्यौ, म त खान्छु, भोकै बस्न सक्तिन ।

माहिली—( भित्र पसेर ) कान्छा देवर पनि त्यसो भन्न पाउनु—हुन्छ ? अझ अमासित संगै बसेको मान्छे, पिण्ड पानी दिनुपर्दैन ?

कान्छा—खोइ, जीउँदै मूर्च्छा परेका बालाई त हामी छोरा भइखाएका-हरूले एक गाँस भात खुवाउन सकेनौं, मरेका बालाई के खुवाउन सकौंला ? हो, अर्कैलाई बा बनाएर खुवाए त हुन्छ ।

हरि—असक बाबु आमालाई खुवाउनु छोराछोरीको कर्तव्य हो, यदि उनी-हरू छोएको खान सक्छन् भने, होइन भने कोचाउनु त पाप हो ।

कान्छा—( केहरसिंहलाई देखाएर ) मेरो छोरो केहरलाई त मैले भनिदिएको छु, म मरेपछि तँ जति राम्रोसित कमाएर सुखसित खान्छस् पिउँछस् त्यसैमा बाबुलाई पिण्डपानी दिएको पुण्य तँलाई मिल्छ !

माहिली—सिउँल्दै आमा हुनुहुन्छ, दाइहरू हुनुहुन्छ, तपाईं सबभन्दा कान्छो भएर जातभातको कुरामा जथाभावी गर्न पाइन्छ !

कान्छा—पाइन्न महिली भाउज्यू, गधालाई मलेर गाई पार्न सकिंदैन, न भरी गाईलाई गुहुमा गाड़ेर गधा पार्न सकिन्छ । जात छुट्याउने सजिलो उपाय त जायाजन्म छँदैछ नि: गधा र गाईबाट सन्तान हुन् सक्छ भने तिनीहरू एकै जातका हुन्, तर हुँदैन । यी दुलही बानरनी होइनन्—हरि र दुलहीबाट असल सन्तान जन्मन सक्छ भने यी दुवैलाई हामीले एकै जातका, अथवा मनुष्यजातिका भालेपोथी संझनुपर्छ ।

माहिला—कान्छा कहाँको कुरा कहाँ पुऱ्याउँछन्, अलि विचार पुऱ्याएर बोल्नुपर्छ नि !–उसो भए जायाजन्म हुन सक्छ भन्दैमा बाहुन र पोड़ेलाई एकै जातका मान्ने ?

कान्छा—नमान्ने त ?

माहिला—अब बोलेर साध्य भो ? बाहुन र पोड़े एकै भइसक्यो ।

कान्छा—ती दुवैमा मानवताको शिक्षा दिनालाई नै हाम्रो नेपाल छ ! नेपालधर्म के हो माहिला दाइलाई थाहा छ ?—मानव जातिमा जातिप्रेमको बीजारोपण गर्नु ! आजसम्म नेपाली महापुरुषहरू त्यही धर्म पालन गर्दै गए-एकातिर आर्य कड्कून्, अर्कोतिर मङ्गोल चम्कून्, मझधारमा बसेर आजसम्म नेपालले दुवै जातिलाई 'एक हौ, एक हौ' भन्ने पाठ पढ़ायो। समस्त नेपालीको कुरै छोड्नोस्, एउटै खलगमा लिनोस्,-जस्तो कमर वा कुँवरहरूलाई हेर्नोस्-अग्ला कुँवर पनि छन्, पुड्का पनि छन्; चुच्चा पनि छन्, नेप्टा पनि छन्, गोरा, काला, कुहिरा, राता सब थरीका छन्; किनभने कुँवरका आमा भोटिनी पनि छन्, मदेशिनी पनि ! झर्रा जातको अभिमान गर्नेले कि भोटमा भाग्नुपर्छ कि भारतमा, नेपालमा उनलाई सुविस्ताको स्थान छैन। उदार नेपालले पनि आफ्नो धर्म छोडेर अरुको देखासिकी गर्न लाग्यो भने यो त्यसरी नै बिलाएर जानेछ जसरी तातो घाम पर्नेबित्तिकै पानी माथिको ठाँटो पग्लेर जान्छ ! हाम्रा ठूला नेपालीहरुको सन्देश हामीले बिर्सनु हुन्न। जस्तो भारत र चीनलाई दुइतिर राखेर नेपालले मौलिक कलाको सृष्टि गऱ्यो, त्यस्तै सबैतिर हेरेर द्वेषलाई निभाउने मौलिक नीति सृजना गर्नैलाई नेपाल छ ! उहिलेदेखि भारतमा अछूती संझिएकाको नेपालले क्रमैसित पानी चलाउँदै आयो, अछूतीलाई मन्दिरप्रवेश मात्रै होइन पुजारीसमेत बनायो, हिन्दु र बौद्धलाई एकै घेरामा राख्यो, चीन बेलायत गए जात जान्छ भन्ने भारतीय प्रथालाई तोड्यो ! त्यही उच्च आदर्शले गर्दा एकदुइ एकदुइ लाखका जाति मिलेर एक करोडको जाति भयो; साना-साना गाउँमिलेर विशाल नेपाल भयो। आजसम्ममा

यसरी हामी यहाँ पुग्यौं, अझ लक्ष्य पूरा हुन बाँकी नै छ। यहाँनेर यस बेलामा आएर फेरि तपाईंहरु यस्तो साङ्गो छाती पारेर विचारलाई चेप्ट्याउनुहुन्छ, नेपालधर्म छोडिदिनुहुन्छ भने त हामी फेरि गयौं नि !-फेरि मुसाको मुसा नै हुने भयौं ! यस घरको आगो गाउँ शहरमा अनि देशमा फैलिनेछ, हाम्रो जातिलाई सत्यानाश पार्ने बीज यही हुनेछ, त्यसैले यसलाई ननिभाई हुँदैन।

माहिली--जतिसुकै गन्थन मिके पनि कुरा उत्तिकै हो, खान मन लाग्ने खान्छन् नखाने खाँदैनन् ! यसमा के को करकर !

[ खुट्टा बजारेर निस्कन्छिन्। दुलही अलि पर गएर काहिलीको पछिल्तिर बस्तछिन्।

ज्येठा--लौ, अब उतै गएर कुरा गरौं त एक छिन !

कान्छा--ज्येठा दाइ, ज्येठो बाठो भएर यतिसम्म भइसकेपछि पनि के छिना फाना नगरेर यहाँबाट उम्कन पाउनुहुन्छ ? आज त हाम्रो घर चर्कने नचर्कने निर्णय हुन्छ ! आज बारावार हुनु छ, स्वर्गमय हुनु छ, कि भने एक ठीक भएर जम्नुछ-! आदर्श बन्नु छ !

कान्छीको प्रवेश।

कान्छी--माहिली दीले ज्येठाज्यूलाई एकैछिन उता आउनोस् रे।

कान्छा--किन रे

कान्छी--के हो काम पर्‍यो रे, झट्टै एक छिन नआई भएन रे।

कान्छा--जाऊ भनिदेऊ माहिला दाइ अहिले आउन सक्नुहुन्न भनेर ! हाम्रो भाग्यको जूवा हुन लागि रहेछ, माहिला दाइ खाल छोडेर आउनुहुन्न, बरू भाउज्यूलाई बख्खुमा बोल्न आउनोस्, ठाउँ खाली छ भनिदेऊ ! [ कान्छी निस्कन्छिन्।

ज्येठा—कान्छाले भनेको कुरा पचीसै आना बेमुनासिब म भन्दिन। तर हेर कान्छा, पुस्तौंदेखि चलिआएको कुरालाई अहिले हम्सेसी—

कान्छा—यस्तो उही थोत्रो सड़ेर माड़िएको कुरा छोड़िदिनोस्! कहिलेदेखि के चलेर आयो? हजारौं वर्ष लुगै नलाउनै चलन थियो, अनि छालाको लुगा लाउने, अनि लिप्टो बेर्ने, धोती लाउने, दौरा चरवा अनि लबेदा सुरुवाल लाउने, अनि त्यसमाथि कोट लाउने, कुन वेलाको चलनलाई समातेर त्यसैमा झुण्डिने? गोमेध यज्ञ गर्ने गाईको मासु खाने आर्य हिन्दूको समयमा पलेटी कस्ने कि हिंसा नगर्ने मासु नखाने बौद्ध हिन्दूको समयमा? पर्वतका पत्थरी गुफाको हुँदा हुँदा ऐनाघर भइसक्यो, काँचो खानाको पकान्न भइसक्यो, ताड़पत्रको पुस्तक भइसक्यो, चित्रलिपि, ब्राह्मीलिपिहरुको देवनागरीलिपि भइसक्यो, रथको रेल, मोटर भइसक्यो, दियालोको बिजुलीबत्ती भइसक्यो, केको के भइसक्यो! तपाईं अनन्त समयको कुन भागलाई केन्द्र संझेर टिक्नुहुन्छ? हामी यस वेला जीवित छौं, यो हाम्रो समय हो, हामी यस समयमा अवश्य केन्द्रित छौं, तर समय हामीमा केन्द्रित छैन; हेर्नोस् हाम्रो वेलाको उत्तरदायित्व हामीलाई छ-ती पछि जन्मनेलाई पनि छैन, ती मरिसकेकालाई पनि छैन! अहिले हामी जसरी चलिरहेछौं यही हाम्रो चलन हो, नाड़ीको चाल भइसकेका चल्न छोडिसकेकाको चाल-चलन उनीहरूसितै मर्दछ, पेटमा पनि चलिनसकेका बालकको चलन उनीहरूसितै जन्मन्छ। त्यसैले आफ्नो समयमा सबभन्दा राम्रो चलन चलाउनु चालमा चल्नु हाम्रो कर्तव्य हो। मेरा आँखा, कानहरू मर्नेले लिएर गए भन्न हामीलाई सुहाउँदैन, बरू उनका अनुभवी आँखाहरू

हामीले जम्मा पारिराखेका छौं भन्ने हाम्रो अधिकार छ ! मनु अहिले भएका भए मनुस्मृति त्यस्तै हुँदैनथ्यो, तपाईंका ज्ञानेन्द्रिय तपाईंसितै...............

ज्येठा—भो, भो, हो त्यो त, तर लोकले के भन्ला ?

माहिला—हो, एकापट्टि मात्रै विचार गरेर त हुन्न, लोकले के भन्ला ?

कान्छा—लोकले के भन्छ ? लोकले त्यही कुरा भन्छ जे तपाईं गर्नुहुन्छ। तपाईं योग्य कुरा गर्नोस्, कति जना सहनी गर्लान्, कुनै मूर्खको हूलले तपाईंलाई निन्दा पनि गर्ला, तर सत्यतामा अड़िरहनोस्; तपाईंलाई ती मारुन् सही, अन्यथा त्यस हूलको भस्मिभूत हुनेछ, खरानीको बीचमा तपाईंको सिद्धान्त कहिल्यै ननिभने पारसमणि भएर टल्किरहनेछ।

माहिला—तिम्रो भनाइले त आफै तर्क गर्‍यो, हात खूपसित धोइएको छ भनेर धोबीले छोएको पनि खायो, तापके बचाउने त हो नि भनेर कामीले छोएको पनि लप्च्यायो, शास्त्रमा हरिताल लाइदियो भयो, हैन ? तिमी तर्क गर्छौ भने हरि पनि तर्क गर्न सक्छ, गोपाल अर्कै तर्क गर्ला, कृष्ण फेरि अर्कै तर्क झिक्ला, केहरको तर्क अझ अर्कै होला; कसको तर्क मान्ने ? हो.........त्यसैले सबले आदिदेखि मानि आएको धर्मशास्त्रलाई मान्न कर लाग्यो। हाम्रा ऐनहरू पनि सब धर्मशास्त्रै अनुसार बनेका छन्, धर्मविरुद्ध चल्नाले आफ्नै हानि छ, धर्मको रक्षा गर्नाले नै आफ्नो रक्षा हुन्छ।

कान्छा—हो, त्यो म पनि मान्छु, धर्मको रक्षा गर्नैपर्छ, तर कस्तो धर्म?–रक्षक धर्म कि भक्षक धर्म ? मार्नु धर्म हो भने मर्नु धर्म हो, लौ अहिल्यै ठूलो सोला बनाएर दाउरा बालौं सबलाई हुने गरेर, बाँच्नु धर्म हो भने बाँच्नलाई बचाउनैपर्छ ! अरूलाई

ठहरै मार्न खोजेर आफ्नो मृत्युलाई चाँडै ननिम्त्याऔं, अरुलाई निन्दा गरेर निन्दापात्र नबनौं, अरुलाई छिछि गरेर आफू दूरदूर नहोऔं! त्यही प्रेमव्यवहारमा अरुलाई डुबाऔं जुनमा हामी स्वयं डुब्न चाहन्छौं!

माहिला—सबको आफआफ्नो धर्म हुन्छ, त्यामे पोड़ेले पनि स्वधर्ममा चल्नुपर्छ; जातले पाइआएको काममा सबैले चित्त नबुझाई हुँदैन, त्यही काम अनुसार भएको छूआछूत प्रथालाई कसैले हेला गरेको संझनु हुन्न कान्छा, बरू स्वधर्मलाई श्रद्धाले पालन गरेको सँझनुपर्छ, मेरो कुरा त यस्तै छ।

कान्छा—धर्म धेरै किसिमका छन् दाजी, कुन चाहिंलाई स्वधर्म मान्नुहुन्छ?– स्वप्नधर्मलाई स्वधर्म मान्नुहुन्छ भने गाँजा भाङ् घोट्दा अफिम खाएर सोमरस वा रक्सीपिएर ध्यानमा लठिदै मरेपछि गरिने कार्यक्रम बनाउनोस्, स्वर्गमा जाने खर्च र त्यहाँ घरबारी जोर्ने लगत खड़ा गर्नोस्, संसारलाई सपना संझेर भजन हीम वा कौवालीमा मग्न भएर व्यवहार सब बन्द गरिदिनोस्, जस्तो संसारका पुराना र ठूला मजहबहरूमा गरिन्छन्!– खेल धर्मलाई स्वधर्म मान्नुहुन्छ भने शान्तिसित सुतेकी पृथ्वीलाई ताण्डवनृत्यले जगाउनोस्, धरादेवीको मुखमा मोसो पोतिदिनोस्, काली बनाउनोस्, नरमुण्ड जम्मा पारेर उनीलाई माला लगाइदिनोस्, लाल रगत र सेता हाडहरुले झिलिमिलि पारेर सिंगारिदिनोस्, पशुपक्षीका मासुको महत्त्व बढ़ाएर खानोस्, विशेष गरेर प्रसादको कलेजो खानोस्, अनि बलिदानले हिंसाको आदत उकास्नोस्!—भोजनधर्मलाई स्वधर्म मान्ने हो भने जाल गरौं; झूटो बोलौं, ठगौं, लुटौं, दुवै हातले साहेर अजुँलिका अजुँलि घिउ पिऔं, खूप घिचौं जहाँसम्म

छाद् आउँदैन ! पशुधर्म मान्ने हो भने व्यभिचार बढाऔं ! देवधर्म मान्ने हो भने अत्याचार बढाऔं ! तर मानवधर्म मान्ने हो भने मानिसमात्रलाई आफ्नै ऐनाको छाया संझनु-पर्छ,—त्यसले कपाल कोर्‍यो भने आफ्नो कपाल कोरिन्छ, आफ्नो कोरे त्यसको कोरिन्छ !—मानिसलाई आफै संझनोस् ! आफूलाई आफै निन्दा नगर्नोस् !

माहिला—ए बाबा ! निन्दाको कुरा त होइन त, छुयाछूतप्रथा चलेको त सफाइको निति ! हामी आफैले मुख नधोएर पकाएको भात खाँदैनौ, के आफूलाई आफैले निन्दा गरेको भन्ने ? हामी परसरेकी आमालाई ढोग दिंदैनौ, छुँदैनौ, के आमाले अपमान संझने ? सुगघरी भएको पो, अर्कालाई हेला गरेको त होइन ! के शुद्धता भन्ने कुरो संसारमा हराओस् त ? स्वास्थ्यपट्टि पनि ध्यान दिएर पहिलेकाले यो प्रथा चलाए, होइन भने के तिमी च्यामेको जूठो खान सक्छौ ?

कान्छा—वल्ल माहिला दाइ वैज्ञानिक तर्कमा आउनुभो । हो कसैलाई एउटा ठूलो रोग लाग्ला, त्यसबाट बचाउ गर्नैपर्छ, क्षयरोगी बाबुको जूठो खाएर छोरालाई मर् भन्नु मनुष्य जातिलाईमर् भन्नु जत्तिकै हो । आफ्नो हुनेसम्म बचाउ गरेर रोगीको सहार गर्नु मानवधर्म हो, रोगीलाई त्यसै फालिदिनु महारोग हो । रोग सर्ने सम्भावना छैन भने रोगीले छोएको पनि खाए हुन्छ-सो कुरा हरिकी दुलही निरोगी छन् , बरू हामीमध्ये धेरै जनाले अनेक रोग बटुलिसकेका छौं ।

साहिंला—रोगीले छोएको किन खानुपर्‍यो त ?

कान्छा—मैले तपाईंलाई रोगी भनेको छैन, हामी सप्पैलाई एउटा न एउटा रोगले छोएकै छ । अब माहिलादाइ शुद्धताको कुरा ल्याउनु-

हुन्छः भरखर गुहु चाखेर आएको कुकुरलाई काखमा राखेर पानी पिउनुहुन्छ, आफ्नो सामाजिक अपराधले दरिद्र पारेर गुहु सोहोर्ने अभिभारा बेकाइएको भाइले दस हात पर सतरञ्जीको टुप्पामा छुँदा पनि आफूलाई अपवित्र संभनुहुन्छ–यस्तै धारणाले तपाईंको आत्मशुद्धि हुन्छ कि देशको आत्मामा क्षयरोगका कीटाणु सल्कन्छन् ? फोहर सुध्घरको कुरा गर्नुहुन्छ भने च्यामाको हातलाई पनि साबुन र अत्तरले मगमग वास आउने पार्न सकिन्छ; भरखर पाइखानबाट आएको चीसो पानीसित डराउने फोहोरी बाहुनको हातमा पनि चमेलीको वास आएको हुँदैन बरू........

कृष्ण— माहिला बाले कति ठाउँमा रोटी किनेर खानु भएको त होला, तर काखीको पसिना चुहाएर पीठो मुछेको त देख्नुभएको छैन कि कसो हो ?

केहर— अझ खुट्टाले पीठो मुछेको, सिन्की खाँदेको सब संझदा तछिः ! बरु नखाएर मरूँजस्तो लाग्छ !

हरि— च्युराजस्तो फोहर वस्तु खाने सर्वभक्षीले पनि अरुले छोएको अशुद्ध वस्तु खान्न भन्नु त, आफूलाई आफैले गिल्ला गरेर गिज्याउनुजस्तै हो ।

कान्छा—म अहिले दुइ गाग्री पानी ल्याएर तपाईंको अगिल्तिर राखिदिन्छु अनि सोध्छु कुन ब्राह्मण देवले ल्याएको हो कुन पोडे डविडले, भन्न सक्नुहुन्छ ? वैद्य डाक्टरलाई जँचाउनोस्, धामी झाँक्री ज्योतिषलाई गुहार्नोस्, कोही यसै हो भन्न सक्छ ?

काहिंला—हाम्रा कान्छाले अङ्ग्रेजी पढेको सार यै भो !

कान्छा—हो त जति भाषा पढ्यो उति विभिन्न दृष्टिकोणबाट वस्तुलाई जाँच्न सकिन्छ--एकोहरो ज्ञानले त स्वर्ग वा हेभनमा बन्धन

परिन्छ, जब दोहोरो ज्ञान हुन्छ, अनि स्वर्ग र हेभनपालेलाई लड़ाइदिन सकिन्छ, उनीहरु लुछाचुँड़ी गर्न थाल्छन् त्यही मौकामा उनीहरुको टाँगमन्तिरबाट उम्कन पाइन्छ ! अगि पनि बुद्धधर्म र ब्राह्मणधर्म दुवैको ज्ञान नभएको भए हाम्रा प्राचीन बुद्धिमान् नेपालीहरूलाई अन्तजस्तै कट्टरपन्थी न भएर दुवै धर्मको उज्यालो भाग लिंदै अँध्यारो भाग छोड्दै जाने प्रेरणा त्यति चाँड़ो मिल्दैनथ्यो ! दुलही, यता आऊ, एक छिन--( दुलही आएपछि )हतकेला देखाइदेउ-

दुलही दुवै हतकेला देखाउँछिन् ।

क्षमा गर्नोस् , तपाईंहरू यसरी हात देखाउन सक्नु हुन्न, किन ? कसैको चुरट र तमाखुले सुकेको पातजस्तै खैराँत भएको छ, कसैको नङ काट्न शुभवार चाहिने भएकोले त्यसमा मयल खाँदिएको छ; त्यस्ता हातले छोएको खाँदा त कसैकसैलाई उल्टी आउने सम्भावना हुन्छ । बुहारीको हात हेर्नोस्, गुलफका पातजस्ता छन्, नङ देखाऊ—

दुलही हात कोक्रो पारेर देखाउँछिन् ।

मानिक जस्ता रङ छन्, यस्तो हातले कसौंड़ी छुनासाथ सब भात खान नहुने विष भएर बिग्रन्छ भन्ने कुरा त निस्वार्थ तर्कमा चढ्दैन । भयो बुहारी, बस ।

[ दुलही अगिकै ठाउँमा गएर बस्तछिन् ।

हातको कुरा छोड्नोस् , खुट्टा हेर्नोस् ! के ठूलो जातको गहाउने खुट्टा गहाउने काखी पनि बास आउने संझनुपर्छ ? त्यो आज्ञा नाकले मान्ला ? तपाईं नाकलाई धोखा दिनुहोला, तर नाक तपाईंलाई कहिल्यै धोखा दिंदैन, पिनास भएर भन्यो भने कुरा बेग्लै हो । मैले यहाँका एक दुइ जनाको औंलाको कापमा

हात हालेर खेलाइरहने बानी देखेको छु, म तिनलाई कुन मनले सास बन्द गरेर ढोग दिंदोहुँ मैं जानुँला ।

काहिंला—मन नलागे नढोग्नु, कसैलाई कर छैन ।

कान्छा—न उतर्सिनोस्‌न, मैले तपाईंलाई केही दोष लाएको छैन !

काहिंला—हलेदो यही हो भन्ने थाहा पाएपछि कोट्टयाउनुपर्छ ?

कृष्ण—हलेदो आफै बोल्छ । [ काहिंला कृष्णलाई आँखा तर्दछन्‌ ।

कान्छा—अनेक किसिमका मान्छे हुन्छन्‌ नङ्ले नाक कोट्टयाउने दियासलाइले कान कोट्टयाएर हातले त्यही पुछ्ने, फेरि त्यही हात नधोएर सुपारी दिनेले दिएको कुन्‌ मुखले आँखा चिम्लेर खाँदोहुँला मैं जानुला ! खाने नखाने कुरा जिब्रो जान्दछ: काहिंला दाइको आज्ञाले हरिको जिब्रो नुनिलोलाई गुलियो ठान्न सक्तैन ।

काहिंला—जो हो आजसम्म जे भए पनि जातैमा अड़ियो, अरूले छोएको खाइएन, अब खानलाई के बितेको छ त ?—ज्येठा दाइ के भन्नुहुन्छ !

हरि—काहिंला बा सार्कीखटिरोजस्तो जातलाई काखी च्यापेर हामी भाइभतिजा सबलाई सार्की संझेर चोक्न्याउन चाहने, हामी चाहिं सार्कीलाई राम्रो जुत्ता सिइदिने भाइ संझेर अँगाल्न चाहने-कुरा कसरी मिल्छ ! खानथालौं कान्छा बा !

कान्छा—दाइहरू, मेरो आखिरी कुरा सुन्नोस्‌—मैले विदेशमा यूरोपियन होटलमा गएर खाएको छु, जुत्ता लाएको खुट्टा टेबिलमन्तिर घुसारेर टेबिलमाथ्तिर राखिएको पुलाउ भात चम्चाले खाएको छु । मैले छोएको तपाईंहरू सबले खाइसक्नु भएको छ, अब के गर्नु हुन्छ ? जानोस्‌ पतिया लिनोस्‌, चार पैसाले हाडखोर पखाल्नोस्‌, रगत फेर्नोस्‌, छाला धुनोस्‌ ! कस्तो चलन !— हाम्रा सिपाही भाइहरू युरोपमा गएर लड्छन्‌, सबसित बसेर प्रेमले खान्छन्‌; उताबाट फर्केपछि तिनलाई पतिया दिंदै उनको

सद्भावनालाई यहाँ दूषित गराइदिने भयानक मण्डलि नेपालमा छ; तपाईं हरू उनकै पुच्छर बन्न चाहनु हुन्छ? विदेश जाँदा सब नेपाली नेपाली छौं भने यस खाल्डामा आउनेबित्तिकै झन् किन संकुचितपना लिनु? बाहुनमा पनि कुमाइ र पूर्विया, कुमाइमा पनि पाको, काँचो र अधकल्चो, पूरा, अपूरा, पाँच थरी र दसथरी श्रेष्ठ, शाह, शाही, कुस्ले, कसाई, कौ, धोबी, सार्की, क्षेत्री, खत्री, थापा, पाँड़े, पोड़े, लिम्बू, राई, तामाङ्, वस्नेत, घले, जैसी, गुभाजू, गुरुङ्, मगर, बाँड़ा, उदास, सुनार, दनुवार, कति हो कति, धिक्कार! यी सब एक एक खलगको नाममात्र भएर सबमा व्यवहार भएसम्म त केही थिएन, तर एक जाति अर्को जातिलाई पशु संझन्छ, त्यो पशु संझिएको जाति पशु संझने जातिलाई स्वभावैले शत्रु संझन्छ! यो त ठाउंद्वारा रहेको नाम हो—पाल्पामा बस्ने पाल्पाली गोरखामा बस्ने गोरखाली, कुमाउमा बस्ने कुमाउनी पूर्वतिरका पूर्विया,—पहाड़ी गाई, मदिसे गाई, वेलायती गाई भने जस्तो, स्थान-विशेषले कोही नेपाली होलान् कोही जापानी, तर दुवै मनुष्य-जाति नभए उनबाट कसरी खच्चर नजन्मेर मनुष्य जन्मन्थ्यो! हो यस संसारमा जातिपातिको वर्णवर्णको दिशा-दिशाको भयानक संघर्ष छ; हामी नेपालीको मुख्य कर्तव्य नै त्यस संघर्षको अन्त्य गर्नु हो, किनभने पृथ्वीमा हामी त्यस समस्याको हल गर्नपर्ने वातावरण भएको ठाउँमा जन्मेका छौं! जातिको नजाति भेदभाव हराएको, आनुमानिक असत् कल्पनाले छोड़ेको, मानवता सुजनता र सहृदयताले ढाकेको संसार बनाउन समस्त नेपालले आत्मबलिदान गर्नु पर्छ, चाहे सयकड़ा एक पनि नपुगोस्!—आत्मत्याग गर्नुपर्छ, नपुग होला तर चाहिन्छ—अझ चाहिन्छ! त्यस्तो उत्तरदायित्व

लिएको जातिले आफ्नो नेपालधर्म छोड़ेर आपस्तमै तँ-तँ म-म बढ़ाउन लाग्यौं, कैंची काट्न लाग्यौं, जीउँदै मार्न लाग्यौं भने हामी अरुलाई, अरू देशलाई के संदेश दिन सकौंला ?

[ एकछिन शून्य ]

ज्येठा—कसो कान्छा कृष्णे ?

कृष्ण—हो, भाइफुटे चोरलुटे !

ज्येठा—केहरलाई के लाग्यो नि ?

केहर—मलाई त त्यसैको सब भन्दा ठूलो जात जस्तो लाग्छ जो समाजमा सबभन्दा अपठ्यारो सेवा धीन लाग्दो अत्यावश्यक सुसार गर्छ ।

ज्येठा—गोपाल नि ?

गोपाल—धोती फेरेर आउँछु म । [ निस्कन्छन् ।

ज्येठा—( भोटोको बाहुला माथि सार्दै ) लौ, दुलही नानी, ल्याऊ, मलाई त अलिकति कुरेकै भात मन पर्छ ।

साहिला—ससुराज्यूले भन्नु भएपछि अब टक्राऊ !

काहिला—अरुकोपनि सेलाइसक्यो लैजाऊ, तातो चाहिं पस्क !

दुलही साहिंली र काहिंली
उठेर भात पस्कन लाग्दछन् ।
धोती फेरेका माहिली गोपाल र कान्छी
फेरि आएर चौकीमा उक्लन्छन् :
गोपाल काहिला मन्तिर, माहिला मास्तिर
माहिली, उनीमास्तिर कान्छी वस्तछन् ।

बूढीबज्यै—ल्याऊ बा ल्याऊ, मेरो हरिकी महालक्ष्मी !

[ दृश्य बन्द हुन्छ । ]

# उमरखैयामका केही रुवाई

(--अनुवादक, श्रीनारायणप्रसाद बाँसकोटा)

उषाले फेंकी अरुण-शिला रजनी-प्यालामा
बिच्केर भागे ग्रह र तारा हेरन ! नभमा :
उठन चाँडो लौ हेर ! उता पूर्वको व्याधाले
फँसाइ दियो शुल्तानी बुर्जा किरण पासोले ॥

★ ★ ★

कुखुरो जब बासेथ्यो अनि भट्टीको सन्मुख
बसेका यात्री कराउन थाले उठेर जुर्मुर –
"ए दाइ ! चाँडो खोलन दैलो, केपत्तो छैनर ?"
"अस्ताएपछि जीवन-सूर्य आउदैन फर्केर" ॥

★ ★ ★

मधुरो गीत गाउने दाउद सुतेका उठेनन्
तैपनि बुल्बुल स्वर्गीय श्वर्मा "गुलाफ !" भन्दछिन्-
"यो रातो सुरा ! मधुर-सुधा !! पिएर मजामा"
"पँहेंलो रङ्ग हटाई लाली चढ़ाउ गालामा" !!

★ ★ ★

आउन, प्याला भरन अनि बसन्त आभामा
शिशिर व्यथा विरह फेंक नराखि मनमा,
सिमित बाटो गर्नुछ पार समय चरीले,
उडिनलाइ पखेटा हेर ! फिंजायो उसले ॥

★ ★ ★

रूखको शीतल छाँयाकोमुनि दुबोमा आसन,
कुप्पीमा सुरा, अलिक भोजन, कविता-रन्जन,
सँगमा भए, मायालु गाउने रसिया गायन,
एकान्त वास निश्चय हुन्छ नन्दन कानन ॥

★ ★ ★

कतिले दुःख खपेर बाँधे सुनको भकारी
मेघले वर्षा गरेझैं फुके कतिले बेसरी
दौलत तर ती दुव मान्छे अन्त्यमा गड़ेर
माटोनै भए, भएनन् सुन, हेरन खनेर ॥

★ ★ ★

सिजर जसता राजाको रक्त जसको जराले
चुस्दछ, रातो गुलाफ बन्छ, ठान्दछ मनले,
फेरि त्यो फूल मालती देख्दा बागमा फुलेको
अलक यसमा खसेछ कुनै मायाँलु नानीको ॥

★ ★ ★

कलिला राम्रा दुवाको झार नदीको तिरमा
उम्रेको, जसमा टेकेर हिड्छौं सुस्तरी त्यसमा,
टेकौन प्रिये ! को जान्दछर ! कमलो ओठको
खाएर स्वार्थी खसेको हो कि तिरमा नदीको ॥

★ ★ ★

धूलोमा मिल्नु अघिनै हेर ! मनाऊ आनन्द,
धूलो यो जीउ धुलोमा मिली सुत्नुछ आखिर
मरियो भने नचाखि सुरा, नसुनि सङ्गीत,
नभए साथ मायाँलु सँग, अगति परिन्छ ॥

ज्ञानीको पाई सङ्कत-बीज-ज्ञानको छरेर,
उमार्ने कोशिश बहुतै गरें खेतीको आखिर
भेट्टाएँ बाली–"बलिन्द्रधारा बहाइ आँएछु,"
"बतास जसतै भएर उडी अन्त्यमा जानेछु"॥

★ ★ ★

नसोधिकन मानिसलाई जगमा फेक्दछ !
क्यै पत्तो नदि मानिसलाई कताहो लैजान्छ ?
अन्याय योहो ! मायाँलु यसतो अन्याय बिर्सन
प्यालामा सुरा नगरि खालि पिलाऊ खूबसँग॥

★ ★ ★

किनकि एक दिन गोधुलि बिच कुमाले हाटमा
रच्दथ्यो प्याला थप्थपगरी भिजेको माटोमा,
त्यसरी चुटी बनाउँदा "जीव" माटोमा मिलेको
कराउन थाल्यो–"सुस्तरी दाई ! सुनन बिन्ती यो "॥

★ ★ ★

"भरन प्याला" समय हेर ! जाँदोछ खस्केर–
पैतालामुनि बराबर भनी के लाभ हुन्छर ?
अजात भोलि, बितेको हिजो, यीनको सुर्तामा
नलेउ पीर, मिल्दछ भने आनन्द आजमा ॥

★ ★ ★

साँझमा यौटा देवको दूत रसको कलश
काँधमा राखी, सुस्तरीसँग वर्लेर अकास,
भट्टीकोखुला दैलाकोसामु भनेर उब्बेर
यो के हो ? भन्यो, चाखेर भने-"रस यो अङ्गुर" ॥

भित्र र बाहिर तल र माथि यता र उतिको
खलबल जे छ केवल त्यो हो चटक छाँयाको,
अकास-पृथ्वी-सन्दुस जसको सूर्य छ दीपक
चौतर्फ जसको पुत्तली हामी लाउछौं चक्कर ॥

★ ★ ★

नदीकोतिर्मा गुलाफ फूल फूलुन्जेल सम्मन
मायाँलु ! मेरो काखमा लेटी मदिरा पिऊन
यमका दूत जहर लिई आएर नजीक
तिमीलाई दिंदा नभयी खीन्न पिउनु खुरुक ॥

★ ★ ★

पुर्पुरो विच तानेर धर्को लेख्नेको हातले
अक्षर लेख्दै अगाडि जान्छ फर्कन्न कहीले,
वलिन्द्रधारा बहाऊ, छाती पिटेर कराऊ,
जेसुकै गर, लेखेको अक्षर मेटिन्न मायाँलु ॥

★ ★ ★

म भन्छु यौटा यो गाँठी कुरो राम्ररी गून्है-
भएथ्यो सृष्टी जुन बेला मेरो सूर्यको सङ्सङै,
उत्पत्तिभयो ग्रह र उपग्रहको नभमा
भावीको लेखानुसार मेरो माटाको आत्मामा—

★ ★ ★

अङ्कुरलता रोपियो; यसतो पाएको भाग्यले !
हो, सेवन मैले सुराको गरें, सुफिको वास्ताके ?
वक-वक तीनले गरेर विघ्न नखोल्न सकेको
स्वर्गको दैलो खोल्नेछ तुच्छ साँचो यो देहको ॥

ठोकेर भन्छु-त्यो दिव्य ज्योति पीरति झल्काबोस्,
क्रोधले मलाई सखाव पारी भस्मनै गराबोस्,
मन्दिर गई अल्मलीरही नपाउनु भन्दात
भट्टीमा दिव्य पाएको झल्को धेरैनै असल ॥

★ ★ ★

रचना गऱ्यौ मानिसको शरीर बेकामे माटोको,
नन्दनवनको सङ्सङ्गै अनि विषालू साँपको,
मानिस छ जति पापले गर्दा कलङ्कित भएको,
उसलाई क्षमा गरेहै स्वामित ! पाउनेछौ दिएको ॥

★ ★ ★

त्यसपछि भन्यो अर्कोले-हेर ! अवश्य सित्तैमा
बनेको छैन यो मेरो जिउ बेकामे माटोले
देखायी सीप रचना गऱ्यो मलाई जसले
के फेरी उही माटोमा मलाई मिसाउला उसले ॥

★ ★ ★

मायाँलु ! गल्दै गएको मलाई अङ्कुर खुवाए,
म मरे पछि सुराले प्रिये ! मलाई नुहाए,
त्यो लाश बेर्न बनाए काबो अङ्कुर्कै लहरा,
अन्त्यमा गाड़ि दिनु है ! मलाई बगैंचा बिचैमा ॥

★ ★ ★

गुलाफ वोइलाएपछि किन वसन्त जाइजाने,
मोहक यौवन अपुरो भइ एक्कासि टुङ्गिने !
कुन ठाँउ देखिन् भनलौ ! आई बुल्बुल हाँगामा
मधुर गीत गाएर उडी कताहो अन्त्यमा ! ॥

मायाँलु ! तिमी म मिली हरे ! विरुद्ध विधिको
कुचक्र रची, समस्त गाँठो-दुःख र तापको
पाउन सके, अनेक टुक्रा त्यसलाई पार्दथ्यौं,
अनि त आफ्नै मनको प्रिये ! संसार रच्दथ्यौं ॥

★ ★ ★

तमाम सूद्

# इलियटको काव्यगत अव्यक्तिवाद

( लेखक नगेन्द्र )

आधुनिक अंग्रेजी साहित्यमा काव्यका स्रष्टा र आलोचक दुवैका रूपमा इलियटको अन्यतम स्थान छ !--वहाँले, साहित्यमा रोमानी भावगत मूल्यका विरुद्ध प्राचीन-वस्तुगत एवम् तटस्थ दृष्टिकोणको समर्थन गर्नुभएको छ। काव्यगत अव्यक्तिवादको यही सिद्धान्त साहित्य-शास्त्रको प्रति वहाँको अत्यन्त विशिष्ट र महत्त्वपूर्ण योग हो। बिवेचना गर्नुअघि इलियटको विचारधाराको भूमिकामा यसको व्याख्या गर्नु केवल उचित होइन, अनिवार्य पनि हो।

इलियटका काव्य सिद्धान्तका सारसंग्रह हामी वहाँको प्रसिद्ध निबन्ध "परम्परा र बैयक्तिक प्रतिभा"[१] जीवन र साहित्य दुवैमा वहाँको दृष्टिकोण स्थिर परम्परावादी छ--धर्ममा वहाँ क्याथोलिक हुनुहुन्छ, राजनीतिमा राजभक्त र साहित्यमा पुरातनवादी। वहाँको दृष्टिमा कुनै एक काल अथवा कुनै एक व्यक्तिको साहित्य आफ्नू पृथक् अस्तित्त्व राख्तैन, सम्पूर्ण साहित्य अखण्ड रूप हो, जसमा परम्पराको अविच्छिन्न धारा प्रभावित भै नै रहन्छ। अतीत र वर्तमान यसै अखण्ड परम्परामा अनुस्यूत हुन्छन्--अतीतको त वर्तमानमाथि प्रभाव पर्दछ, वर्तमान पनि अतीतलाई प्रभावित गर्दछ। आफ्नू पूर्ववर्तीका संस्कार हरूका उत्तराधिकारी हुनाले वर्तमान त्यसको जन्मजात हो, यो त स्पष्ट नै छ, परन्तु आफ्नू नवोद्‌भूत अस्तित्वका निम्ति अतीतको शृङ्खलामा स्थान बनाउँदै त्यो त्यसमा परिवर्तन पनि त गर्दछ। यस प्रकार अतीत र वर्तमान अपृथक् नै छन्। यसै परम्पराको निर्भ्रान्त ऐतिहासिक ज्ञान

---

१. Tration and Jndividnal Talent

प्रत्येक कवि र आलोचकको निम्ति अनिवार्य हुन्छ[2]—त्यसमा अतीतको अतीततालाई मात्र होइन, वरन् त्यसको अस्तित्वलाई पनि हृदयगत गर्ने क्षमता हुनुपर्छ, किन भने कुनै पनि कविको सन्देश आफैंमा पूर्ण हुन्न–त्यसको महत्त्व स्वतन्त्र हुन्न, त्यसलाई संझनखातिर[3] त्यसको पृथक् अध्ययन आवश्यक हुन्न, आवश्यक यो हुन्छ कि त्यसलाई त्यसका पूर्ववर्ती कविहरूको शृङ्खलामा राखेर बुझियोस्—तिनीहरुसंग त्यसको के सम्बन्ध छ, यस कुरालाई स्पष्ट रूपले हृदयगत गरियोस्। कविको निम्ति त्यसको आफ्नू चेतनाको ज्ञान पर्याप्त हुन्न, त्यसलाई समग्र जाति र देशको अखण्ड चेतनाको ज्ञान हुनुपर्दछ। यो जातीय चेतना सततः विकासशील हुन्छ। काव्य अथवा कलाको प्राचीन किंवा नवीन सबै प्रस्फुटन यसैको अन्तर्गत हुन्छन्। अर्थात् भन्ने तात्पर्य यो हो, कविलाई आफ्नू अतीत को निर्भ्रान्त चेतना हुनुपर्दछ र त्यसलाई यस चेतनाको जीवनभर विकास गर्नुपर्दछ। यस प्रकार त्यसले परम्पराका निम्ति आफ्नू वर्तमान स्थितिको उत्सर्ग गर्नुपर्छ[4]। कलाकारको विकास वास्तवमा आत्मोसर्गको, आत्मनिषेधको एउटा अनवरत प्रयत्न हो। यस विवेचनको उपरान्त इलियट एकसाथ आफ्नू प्रसिद्ध अव्यक्तिवादी सिद्धान्तको स्थापना गर्दछन्। साहित्य ( काव्य ) आत्माको अभिव्यक्ति होइन वरन् आत्मादेखि पलायन हो। साधारण व्यावहारिक-नैतिक अर्थमा यदि कसैको व्यक्तित्व अरुभन्दा गुरुतर छ भने यसको अर्थ यो कदापि हुन सक्तैन, त्यो त्यसभन्दा अधिक सफल कवि अथवा साहित्यकार पनि होला। सफल कवि हुनखातिर यो आवश्यक हुन्न, त्यसको मानसिक शक्ति नै अत्यधिक समृद्ध होस्-आवश्यकता यस कुराको हुन्छ, त्यसको

२—˜० पृष्ट १४.
३. ऍ० पृ० १५.
४. ऍ० पृ० १७.

मन बढ़ीमा बढ़ी समवेदनाहरूका भाव र समन्वयको बढ़ीमा बढ़ी सफल माध्यम बन्न सकोस्। सफल कविमा अरूकोभन्दा समवेदना विचार, संग्राहकता इत्यादिको शक्तिको आधिक्य अनिवार्य हुन्न--त्यसनिम्ति कला-सृजनको प्रेरणा र भाव तथा समवेदनाहरुलाई समन्वित गर्ने शक्ति नै अनिवार्य हुन्छ। कला-सृजनको प्रेरणाको समय जुन समन्वय हुन्छ, त्यससँग कविको व्यक्तित्वको कुनै सम्बन्ध हुन्न-यस समस्त प्रक्रियामा त्यसको व्यक्तित्व सर्वथा पृथक् एवम् निर्विकार रहन्छ, जसोकि कुनै-कुनै रासायनिक क्रियामा हुन्छ। उदाहरणका निम्ति आक्सीजन र सल्फर-डायोक्साइडले भरिएको कुनै कोठामा यदि प्लेटिनमको एउटा तन्तु राखिदियौं भने ती दुवै सल्फर-एसिडमा परिवर्तित हुन्छन् तर प्लेटिनमको तन्तुमा कुनै प्रकारको विकार आउने छैन। कविको मन यसै प्लेटिनम-तन्तुको समान हुन्छ, जो त्यसका अनुभूति हरूलाई प्रभावित र समन्वित गर्दा-गर्दै पनि स्वयम् निर्विकार रहन्छ। भनाइको तात्पर्य यो हो, कलाकार जति धेरै सफल होला त्यतिनै बढ़ता त्यसका भोक्ता र स्रष्टा-रूपहरूमा अन्तर होला र त्यति नै अधिक सफलताले त्यसको मन सामग्री-रूपमा प्राप्त भाव र अनुभूतिहरूलाई ग्रहण गरी कला-रूपमा परिवर्तित गर्न सक्ला।

संक्षेपमा इलियटका मान्यताहरू यस प्रकार छन्:—

( १ ) कविको व्यक्तित्व र त्यसको कृति दुई भिन्न बस्तुहरू हुन्--भोक्ता-मन र श्रष्टा-मनमा स्पष्ट अन्तर छ। दुवैलाई कुनै पनि रूपमा एक गर्नु भ्रामक हो।

( २ ) व्यक्तिगत भाव र काव्यगत भाव सर्वथा भिन्न हुन्, काव्यमा हामीलाई व्यक्तिगत अनुभूति नमिलीकन काव्यगत भावनै प्राप्त हुन्छ। काव्यगत भावको सृष्टिको निम्ति यो पनि अनिवार्य छैन कि त्यसको श्रष्टाले त्यसको भौतिक रूपको अनुभव गरेकै होस्। काव्यगत भाव अनेक प्रकारका समवेदना र अनुभूतिहरूका समन्वित रूप हुन्छ,

जसको मूलमा व्यक्तिगत अनुभूति होइन वरन् कला-सृजनको उत्कट प्रेरणा नै सदैव वर्तमान् रहन्छ।

( ३ ) कलासृजनको समय कलाकार तटस्थ रहन्छ—सृजन-प्रेरणाका फलस्वरूप त्यसका धारणा, समवेदना तथा अनुभूतिहरू त्यसका मनमा समन्वित भै जान्छन्।

यस्तो स्वतः एउटा विचित्र र अप्रत्याशित रीति ले हुन्छ। यस प्रकार[1] कालाकार विशिष्ट व्यक्तित्व नभई एउटा माध्यम मात्र हो। त्यो कलामा आफ्नू व्यक्तित्वको अभिव्यक्ति गर्दैन वरन् त्यसको दमन, उत्सर्ग अथवा निषेध गर्दछ।

## विवेचन

इलियटको उपर्युक्त सिद्धान्त आधुनिक साहित्यको अतिव्यक्तिवादी प्रवृत्ति हरूको प्रतिक्रियाको परिणाम हो। मलाई स्मरण छ—आफ्नू एक लेखमा[2] वहाँले यो गुनाँसो गर्नु भएको छ, आधुनिक आलोचना दर्शन हो, विज्ञान हो, मानवशास्त्र हो, मनोविज्ञान र मनोविश्लेषण-शास्त्र इत्यादि भने सबै थोक हो तर साहित्य अति अल्प रहन गएको छ। यसमा सन्देह छैन, आलोचनामा आधुनिक मनोविश्लेषणका अनुसन्धान हरुका फल स्वरूप कलाकारको व्यक्तित्वले कृतिलाई एक प्रकारले पूर्णतः आच्छादित गरीराखेको छ।--यस्ता आलोचनामा आलोचक कृतिलाई त एकापट्टि राखि दिन्छन् र प्रतीक हरूका काँड़ालाई फ्याँकी कलाकारको मनका अतल गह्वर रहेका रहस्यहरूलाई समात्ने प्रयत्न गरिरहन्छ। इलियटले यस अतिवादको विरूद्ध आफ्नू आवाज उठाएका छन्,—र म सम्झन्छु, वहाँको यो विरोध निकै हदसम्म साँचो पनि हो। आलोचक

---

१. एँ० पृ० २०.

२. Tradition and Experiment लेख मालामा

आफ्नू मूल रूपमा एउटा विशेष रसग्राही पाठक त हो नि र त्यसको आलोचना त्यस रसलाई सहृदय-सुलभ बनाउने प्रयत्न। यदि आलोचक कलाकारको व्यक्तित्वका निश्चित र अनिश्चित तथ्यहरूमा यति विघ्न जेलिन्छ कि कृति सर्वथा उपेक्षित हुन जान्छ, भने त्यसको आलोचना कुनै मनोविश्लेषण-ग्रन्थको एक अध्याय भने हुन् सक्छ तर काव्यालोचनको दृष्टिले त्यो आफ्नो कर्तव्यबाट च्युत भएको हुन्छ। यहाँसम्म त वहाँको आक्षेप संगत छ। र वास्तवमा मनोविश्लेषणको भेलमा कलाकृतिको महत्त्व जुन प्रकारले बगीरहेको थियो त्यो अनिष्टकर थियो—त्यसलाई पुनः स्थिर गरी इलियटले साहित्यको निश्चय नै उपकार गरेको छ। तर यसको अगाड़ि जब वहाँ कलाकृतिलाई रचयिताको व्यक्तित्वबाट सर्वथा स्वतन्त्र घोषित गर्नुहुन्छ, यो अचाक्री हो। इलियट एउटा अतिवादको निषेध गर्दा-गर्दै स्वयम् एउटा अर्को अतिवादको दोषी बन्नुहुन्छ। शेक्सपीयरका सेनेटको अध्ययन छाड़ी मेरी फिटन—विषयक कल्पनाहरूमा अल्झिनु अनुचित हो, तर यस प्रकारका अनुसन्धानहरूको उचित सीमामा उपयोग गरिएमा यी कविताहरूको अध्ययनमा निश्चयनै सहायता मिल्छ। यसद्वारा यी कविताहरूको काव्यगत अनुभूतिको बिम्बग्रहण अधिक पूर्ण हुनेछ। र यसैको अनुपातद्वारा रसानुभूतिमा पनि सहायता मिल्नेछ।

तर मेरो उपर्युक्त उक्ति इलियटका सिद्धान्तहरूका निम्ति अप्रासंगिक छ। वहाँले ता स्पष्ट घोषणा गरिसक्नु भएको छ:—"जीवनगत भाव र काव्यगत भाव सर्वथा भिन्न हुन्—र यो पनि सम्भव छ कहीं कलाकारले आफ्नू जीवनमा त्यसको भौतिक रूपको अनुभव नै नगरेको होस्"। यो प्रश्न मनोविज्ञानसित सम्बन्ध राख्दछ, यसको उत्तर दिनखातिर हामीले इलियटको मतको विरुद्ध काव्यको परिधिबाट बाहिर जानुपर्ला। जीवनगत भाव र काव्यगत भावमा स्पष्ट अन्तर छ—यसमा केही सन्देह छैन—हाम्रो संस्कृत साहित्य-शास्त्र र मनोविज्ञान दुवै

यसलाई स्वीकार गर्दछन् । संस्कृत साहित्य-शास्त्रको अनुसार प्रत्यक्ष छ । भौतिकवाद र काव्यगत[1] भावमा एउटा स्पष्ट अन्तर यही हो, भौतिक भावको आस्वाद सुखमय र दुःखमय दुवै नै प्रकारको हुन सक्छ, तर काव्यगत 'भाव' जो आफ्नू पूर्णावस्थामा रस-रूपमा परिणत हुन जान्छ अनिवार्यतः सुखमयनै हुनुपर्छ । यसको कारण यही हो, काव्यगत अनुभूति भौतिक अनुभूतिको परिभावित रूप हो जसमा कल्पनातत्त्व र बुद्धितत्त्वको अनिवार्य मिश्रण रहन्छ । त्यसो हुनाले अन्तर त सर्वथा असंदिग्ध छ, तर यसको अगाड़ि यो भन्नु कि दुवैमा कुनै सम्बन्ध नै छैन् असत्य हो । शाकुन्तलम्-मा अङ्कित दुष्यन्त र शकुन्तलाको रति भौतिक रति देखिन् अवश्य नै भिन्न छ—तर शाकुन्तलम्-को रसानुभूतिको मूल लौकिक रतिमा नै छ—कल्पना र बुद्धितत्त्वको मिश्रण भएर यसमा अन्तर अवश्य भएको छ, तर दुवैको आस्वादनमा सूक्ष्म मूलगत समानता छ । यी कुरा करुण-काव्यका निंति पनि उति नै सत्य छन् । करुण-काव्यको काव्यगत भाव अथवा रसानुभूति मधुर हुन्छ तर त्यसको भौतिक रूप निश्चय नै कटु हुन्छ, तापनि दुवैको मूलगत सम्बन्ध असंदिग्ध छ । करुण र शृङ्गार रसको आस्वादनको स्पष्ट अन्तर यसको प्रमाण हो—उदाहरणखातिर एकातिर शाकुन्तलम्-लाई पढ़ेर र अर्कोतिर उत्तररामचरित-लाई पढ़ेर जो रसानुभव हुन्छ त्यसमा भेद छ - एकमा हर्ष, उल्लासको मात्रा अधिक छ, दोस्रोमा गम्भीरता । यो अन्तर तिनका आधारभूत भौतिक भावहरूको नै परिणाम हो । यहाँ यो प्रश्न उठ्दछ, यो आधारभूत भौतिक भाव कसको हो ? यसको समाधान गर्नखातिर संस्कृत-आचार्यहरूमा बड़ा विवाद भएको छ र अन्तमा उनीहरू यस निश्चयमा पुगेका छन्, सहृदयको वासना-रूपमा स्थित भाव नै रसमा परिणत हुन्छ । यसमा सन्देह छैन कि अन्तमा सहृदय आफ्नू

१. पारिभाषिक अर्थमा 'Contemplated'

भावको नै आस्वादन गर्दछ, तर जसोकि मैले 'रसको स्थिति' शीर्षक लेखमा विस्तारपूर्वक विवेचन गरेको छु, यस भावको मूल प्रेरणा कविको आफ्नो भाव नै हो जसलाई त्यो काव्यद्वारा सहृदयसम्म प्रेषित गर्दछ। शाकुन्तलम् मा दुष्यन्त र शकुन्तलाको रति साधारणीकृत रूपमा देखिन्छ, तर यो साधारणीकरण आखिर कसको हो? दुष्यन्त र शकुन्तला व्यक्तिहरूको रतिको त हुंदै होइन, किनभने त्यो त उनीहरूको साथ नै समाप्त भयो—निश्चय नै यो कविको आफ्नू विशिष्ट रति-भावनाको नै साधारणीकरण हो जसलाई त्यसले दुइ ऐतिहासिक व्यक्तिहरूको माध्यमद्वारा प्रक्षिप्त गरेको छ। अतएव काव्यगत भाव र भौतिक भावमा निश्चयनै पल्लव र बीजको सम्बन्ध हो र यो भौतिकभाव व्यक्तिगत अथवा अव्यक्तिगत (ऐतिहासिक आदि) सबै प्रकारका काव्यमा मूलतः कविको आफ्नू भावनै रहन्छ[१]।

यहाँ इलियटको प्रासंगिक उपपत्तिमाथि पनि विचार गरौं--उहाँ भन्नुहुन्छ कलाकारको निम्ति यो आवश्यक छैन कि त्यसले काव्यगत 'भाव' को भौतिक रूपको अनुभव गरेकै होस्। वास्तवमा यस प्रकारको शंका साहित्यको अध्यनमा अनेक बार पाठकको मनमा उठ्‌त छ: के शेक्सपियर, रोमियो, ह्यामलेट, म्याकबेथ, ओथेलो फॅल्स्टाफ, क्ल्यो पेटा आदि सबै पात्रहरूको मानसिक स्थिति भै जानुभएको थियो।

---

१. संस्कृत साहित्य—शास्त्रको आरम्भिक अवस्थामा रसको स्थितिको विषयमा अनेक भ्रम उत्पन्न भएका थिए—कोई त्यसलाई मूल पात्र हरूमा मान्दथ्यो, कोई नट-नटीमा, कसै-कसैले काव्यवस्तुमा पनि माने। यसै विचार श्रृङ्खलालाई यदि अगाडि बढाउँ भने इलियट स्वयम् काव्य (या कला) को सर्वथा स्वतन्त्र अस्तित्व मान्दै रसको स्थिति काव्य (या कला) मानै मानेको प्रतीत हुनुहुन्छ। भनिरहनुपरोइन, यो सिद्धान्त लोल्लट, शंकुक र भट्टनायकका सिद्धान्तहरूभन्दा कता हो कता अधिक भ्रान्तिपूर्ण हो।

बाबा तुलसीदास बिचाराले त युद्ध कहिले पनि देखेको थिएनहोला, लड़ाईं गर्नु त परै जावस ! फेरि कसरी मानियोस कि कवि काव्यगतभावको भौतिक रूपको अनुभव गर्दछन्‌ ? यसको उत्तर संस्कृत-आचार्यले बड़ो सुन्दर ढंगले दिएका छन्—उनले कविलाई अनिवार्यतः 'सवासन' मानेका छन्—'सवासन' को अभिप्राय यो हो, एउटा अत्यन्त विस्तृत भाव-कोष वासनारूपमा—-अर्थात्‌ संस्कार-रूपमा उसको अधिकारमा रहन्छ । 'वासना' र 'संस्कार' शब्दको सम्बन्ध हो आधुनिक मनो-विश्लेषण-शास्त्रको उपचेतन मनले हो। तुलसीदासले युद्ध नगरेको होस्‌, परन्तु युद्धका मूलभाव अर्थात्‌ युयुत्सु-संस्कार त उनमा वर्तमान थिएनैं--र जीवनमा अनेक पल्ट उहाँले उद्‌बुद्ध रूपमा तिनको अनुभव गरेको होला । युद्धको वर्णनको निम्ति वातावरण र सामग्री आदि त सर्वथा गौण हुन्‌--तिनको सञ्चय त कल्पना गन सक्छ ।

त्यसको प्राण त उत्साह, क्रोध र तिनका संचारी भाव नै हुन्—जसको अनुभव तुलसीदासलाई निस्सन्देह भएको होला । यही कुरा शेक्सपियरको निम्ति अथवा कसैको निम्ति पनि भन्न सकिन्छ ।

काव्यगत भावलाई इलियटले अनेक प्रकारका समवेदना, अनुभूति आदिको समन्वय मानेको छ जो कला-सृजनको pressure ले स्वतः अप्रत्याशित रीतिले घटित हुन जान्छ । जहाँसम्म यस सिद्धान्तको पूर्वार्द्धको सम्बन्ध छ, त्यो केहीन-केही क्रोचेको सहजानुभूति भन्ने सिद्धान्त संग मिल्छ-जुल्छ —क्रोचेको सहजानुभूति पनि, जो कलाको मूल रूप हो, अरूप समवेदना र अस्पष्ट अनुभूतिहरूको नै सम्बन्ध हो । तर क्रोचे जहाँ सहजानुभूतिलाई मनको एउटा विशिष्ट शक्तिको सहज क्रिया मान्दछन्, बहाँ इलियट यसलाई स्वतः अप्रत्याशित रीतिले हुने घटना मान्नुहुन्छ । त्यसोत क्रोचेको 'सहजानुभूति' पनि आजको मनोविज्ञानलाई मान्य छैन, परन्तु इलियटको यो स्वतःसम्भवा

अप्रत्याशित घटना त सर्वथा अवैज्ञानिक छ। यहाँ उहाँ पनि सिद्धान्तको कार्य-कारण-रूपमा व्याख्या नगरी अनिश्चित शब्दावलीको शरण लिइ-रहनुभएको छ, जसरी संस्कृतका आचार्यले 'अनिर्वचनीय' शब्दको शरण लिएको थियो। यस अप्रत्याशित घटना लाई इलियट 'कला-सृजन' को प्रेरणा को परिणाम मान्नुहुन्छ। यो 'कला-सृजन'को प्रेरणा पनि इलियटको नवीन उद्भावना होइन—यूरोपका साहित्य-शास्त्री हरूमा 'सृजन-प्रेरणा' को चर्चा निकै दिनदेखि र प्रशस्त जोरले चलि आएको छ। परन्तु अन्तर केवल यही छ कि 'सृजन-प्रेरणा' मा जहाँ अनिवार्य रूपले व्यक्तित्वको प्रधानता रहन्छ वहाँ इलियटले आफ्नू यस प्रेरणा या ( pressure ) लाई सर्वथा वस्तुगत मानेको छ। वहाँको सिद्धान्त छ, ( pressure ) वस्तु-रचनाको पर्दछ—तर यो वस्तु-रचना रचयिताको व्यक्तित्व देखि निरपेक्ष कुन प्रकारले हुन सक्छ ? साधारण दस्तकारीमा पनि जहाँ रचना-प्रक्रिया सर्वथा यान्त्रिक छ, रचयिताको व्यक्तित्वको स्पर्श बचाउन सकिंदैन— तब कला, जहाँ सम्पूर्ण प्रक्रिया नै मानसिक छ व्यक्तित्वदेखि अस्पृष्ट कसरी रहन सक्छ ? यसमा सन्देह छैन, स्वदेश-विदेशका अनेक आचार्यहरूले श्रेष्ठ कलाको निम्ति यो आवश्यक एवम् उपयोगी मानेको छ कि कलाकारको व्यक्तित्व त्यसमा लुकेको नै रहोस, माथि प्रकटित भएर नआओस, आत्मगोपन आत्मप्रदर्शनभन्दा श्रेष्ठतर कला मानिएको छ। तर यस विषयमा मलाई केही निवेदन गर्नु छ—एक त यो कि उपर्युक्त सिद्धान्त कलाका सबै रूपमा उपयुक्त हुन सक्दैन—उदाहरणको निम्ति तुलसी, सूर र मीराको आत्मनिवेदन, यता बच्चन आदि नवीन गीतकार हरूका आत्माभिव्यक्ति प्रत्यक्षतः आफ्ना आत्मतत्त्वले गर्दा सुन्दर छन्।

१. Artsitic Pressure

२. Creative urge

वास्तवमा गीतकाव्यको प्राणनै आत्मतत्त्व हो। इलियटका कठोरभन्दा कठोर शास्त्रप्रहार शैलीका गीतको गौरव घटाउन सक्तैन। दोस्रो यो कि जहाँ वस्तुको प्रधानता रहन्छ, जस्तै नाटक, ऐतिहासिक काव्य आदिमा-त्यहाँ पनि व्यक्तित्वको अभाव कुनै प्रकारले पनि हुँदैन। वस्तुको निर्माणमा घटनाहरूको संघटन तथा पात्रहरूको अंकनमा पद्-पदमा कलाकारको व्यक्तित्वको अमिट छाप परेको हुन्छ। पण्डित रामचन्द्र शुक्लले काव्यलाई व्यक्तिप्रधान र वस्तुप्रधान यी दुइ रूपमा विभक्त गर्दै तुलसीको काव्यलाई वस्तुप्रधान हुनाले अधिक गम्भीर र श्रेष्ठ मानेको छ। उहाँले अनेक प्रकारले यो प्रमाणित गर्ने प्रयत्न गरेको छ, तुलसीदासको गौरव यसैमा छ कि उहाँले व्यक्तिगत राग-द्वेषदेखि तटस्थ भएर रामको लोकमङ्गलकारी स्वरूपको प्रतिष्ठा गरेको छ। परन्तु रामको यस स्वरूपको प्रतिष्ठा गर्नमा तुलसीले आफ्ना जीवनआदर्शहरूको नै प्रतिफलन गरेको छ--रामको यो लोकमङ्गलकारी रूप तुलसीको आफ्नो परस्वरूप ( Super ego ) को नै त प्रक्षेपण हो। वास्तवमा मनुष्यको कुनै पनि क्रिया त्यसको अहम्‌को चेतन अथवा अवचेतन स्पर्श देखि कसरी मुक्त हुन सक्छ? जुन रचनामा चेतन व्यक्तित्वको प्रभाव हुन्न [ यद्यपि यस्तो अत्यल्प हुन्छ ] तिनमा अवचेतनको प्रभाव हुन्छ--र अवचेतन जसो कि अब प्रायः सबै मनोवैज्ञानिकहरूले मानेका छन्, चेतनको अपेक्षा अधिक प्रबल हुन्छ। यस प्रकार सृजन-प्रेरणाको आत्माभिव्यक्तिमय रूप त स्पष्ट छ--[ सृजन हाम्रो आफ्नै पुनर्जन्म त होनि ], परन्तु व्यक्ति देखि निरपेक्ष इलियटको यो कला-सृजनको प्रेरणा सर्वथा अवैज्ञानिक कल्पना हो।

भनाइको तात्पर्य यो हो, इलियटको यो भनाइ त ठीक नै छ कि काव्यगत 'भाव' अनेक प्रकारका समवेदन तथा अनुभूति आदिको समन्वित रूप हो--र यो पनि ठीक हो कि यो मस्तिष्कको

सचेतन क्रिया होइन,--वास्तवमा सृजनका क्षणमा कलाकारको मन अर्द्धे-समाधिको अवस्थामा हुन्छ। तर जब उहाँ कला-सृजनको pressure र अप्रत्याशित-स्वतःसम्भवा रीति आदिका कुरा व्यक्ति देखि निरपेक्ष भएर गर्नुहुन्छ, तब उहाँ गड़बड़ाउनुहुन्छ। वास्तवमा उहाँको यस अल्झिएको शब्दावलीको व्याख्या अवचेतन मनको सम्बन्धबाट बड़ो सरलताले गर्न सकिन्छ। जसलाई उहाँ कला-सृजनको pressure भन्नुहुन्छ त्यो अवचेतन मनमा रहेका ती संस्कारहरूका pressure हुन् जुन अनुकूल परिस्थितिमा उद्‌बुद्ध भएर अभिव्यक्तिको निमित्त छट्पटाउँछन्, र किनकि चेतन मन तिनलाई पूर्णरूपले चिन्दैन त्यसैले तिनको अभिव्यक्तिको ढंग त्यसलाई अप्रत्याशित र अकारणभैं लाग्दछ। यसैको साथ इलियटको यो सहकारी प्रतिज्ञा पनि खण्डित हुन जान्छ कि कलाकार व्यक्तित्व नभएर केवल माध्यम हो जसमा कला-सृजनको प्रेरणा को pressure ले अनेक प्रकारले समवेदन, अनुभूति आदिको समन्वय घटित हुन्छ। यहाँ हेतु होस्, उहाँले कृतित्वलाई कलाकारबाट खोसेर कला-सृजनको प्रेरणामा आरोपित गरेको छ। तर जसो कि मैले अहिले स्पष्ट गरेको छु, यो केवल शब्दको हेर-फेर हो--यो प्रेरणा पनि कलाकारको व्यक्तित्व (अवचेतन) बाटनै सम्भूत हुन्छ। जसलाई उहाँ व्यक्तित्व देखि पलायन भन्नुहुन्छ त्यो मनोविश्लेषण-शास्त्रमा अवचेतनको एक नित्य घटना हो। मनुष्यका वृत्तिहरु प्रायः चेतनदेखि लुकेर अवचेतनमा शरण लिन्छन र त्यहाँ पुगेर संस्कार बनीकन आफ्नो रूप फेर्दछन्। वास्तवमा जीवित रहुन्जेल न त व्यक्तिदेखि पलायन नै सम्भव छ र न त्यसको निषेध नै। जबसम्म जीवन छ तबसम्म अहम् अनिवार्य रूपले वर्तमान रहन्छ--कुनै पनि भावात्मक अथवा अभावात्मक प्रयत्न त्यसको निषेध गर्न सक्दन। इलियटको निम्ति आरम्भमा नै एउटा दुर्घटना भयो। त्यो यो कि, (जसो कि वहाँले स्वयम् पनि स्वीकार गर्नु भएको छ) वहाँ

मनोविज्ञान र दर्शनलाई बचाएर आफ्ना सिद्धान्तको प्रतिपादन गर्न लाग्नुभयो। साधारणतः काव्यशास्त्र मनोविज्ञान र दर्शन होइन, परन्तु जहाँ आत्यन्तिक सिद्धान्तहरूको विवेचन गरिएला त्यहाँ केवल काव्य-शास्त्र नै होइन, जीवनको कुनै पनि शास्त्र दर्शन र मनोविज्ञानलाई कसरी टाढ़ा राख्न सक्छ? इलियटको प्रतिपादनमा जुन संगठित र प्रौढ़ विचारधाराको योग भए तापनि अत्यन्त स्पष्ट असंगति र भ्रान्तिहरु आएका छन्, त्यसको कारण यही हो कि उहाँको आरम्भ नै अशुद्ध भएको छ।

[ अनुवादक—श्रीईश्वर बराल

# आँशु

( अप्रकाशित खण्डकाव्यबाट )

( श्री सिद्धीचरण )

रात दिन यो हृदय तलमा
वेदना धुँवा सहस्र भै
प्रति–पल गुम्सी रहेछ
अब म कस्तो गीत गाऊँ ?

× × ×

घुम्छ आँखाको अघाडि ।
चित्र पृथ्वी कै विषादी,
भोक प्यास र नग्नतामा
हुन्छ के सुख गीत गाई

× × ×

हाय क्षत–विक्षत धरा छ,
रगत चुस्ने हृदय लुछ्ने,
काम कै सन्मान हुन्छ,
खोई मानवता कता छ ?

× × ×

पापको जय प्रतक्ष,
पुण्यको छ यहाँ पराजय
तह नमिल्दो भूमि तलमा
भनन कस्तो गीत गाऊँ ।

× × ×

मानवका अस्पष्ट ताँति,
सब्दले ढाकि सजाई,
मनुज बढ्ने मार्ग छेक्दै
के म पनि कविवर कहाऊँ?

× × ×

के गरुँ नगरुँ म आज,
आफुलाई कत्ति ढाँटुँ !
छद्‌मवेशी रूप ली ली,
के म पनि नेता कहाऊँ ?

× × ×

शोस्न जान्नु सभ्यता रे,
सत्य ढाक्नु भद्रता रे
सभ्य यस्तै भद्र यस्तै
बन्नलाई गीत गाऊँ ?

× × ×

क्रन्तिको नबनी पुजारी,
शान्तिको गर्दै बहाना,
आज प्रचलित थिचो-मिचो कै
एक खुड्का म पनि होऊँ ?

× × ×

क्यै नबुझ्दै पक्ष पर्दै
भोकमा डढ्दै र मर्दै
मृतक जीवित परि–रहेछन्
आँशु ल्याऊ, आँशु ल्याऊ !

× × ×

शान्ति द्रोही चलन कस्तो,
मनुजताको ह्रास कस्तो,
ताप कस्तो, पाप कस्तो,
सहन सक्ने शक्ति कस्तो ?

× × ×

पृथ्वी नित्य हरा–भरा छ,
भोक लागे खानुपर्छ,
भोकमा पनि पेट बाँधी
बस्नु कसरी सह्य हुन्छ ?

× × ×

पृथ्वीका सन्तति सबै हुन,
हक बरा-बर बाँड्नुपर्छ,
हक हड्पने रीत कस्तो
लूट हो यो हट्नुपर्छ,

× × ×

मनुजको अधिकार जिउनु
जिउनलाई बिघ्न कस्तो
ज्यानमारा सभ्यता छ
सोष्नु संस्कृति धर्म मान्छ!

× × ×

देवताको मनुज नभई
तै पनि यो दुर्दशा किन,
दैवले जो गर्छ त्यो नै
मनुजका प्रारब्ध हो रे !

× × ×

हुन्न् यस्तो, हुन्न यस्तो,
चेतनाले सहन दिन्न,
देवतालाई पछारि
स्वर्ग नै नलुटि भएन,
× × ×

ईन्द्रको दरबार माथि,
बोल्न धावा हिड़न साथी,
बिघ्नले के गर्न सक्छ
साथ हाम्रो चेतना छ !
× × ×

मनुजको पूजा लिएर,
अप्सरालाई नचाई
देवताको स्वर्ग घुम्ने
हक छ के पृथ्वी रुलाई ?
× × ×

यो नराम्रो चलनमाथि,
रिसाऊ क्रोधाऊ
भीम गर्जन, भीम तर्जन
क्रान्तिका होऊदूत, आऊ।
× × ×

तान्छ झरी मल्हार राग
क्रान्ति रबले अश्रुधार
क्रान्तिको आह्वान गर्न
फूट्छ मेरो आज शान।
× × ×

प्रवल आँधी घोर झन्झा,
क्रूर चिन्ता, दग्ध ज्वाला
भित्रका ग्रस्तै हजाराँ
क्रान्तिका फल आँशुमाला ।

× × ×

क्रान्ति ज्वाला दन्क दन्क,
आँशु आँखामाथि भन्क
शान्ति रानी भेट्न जान्छु
दर्द पीड़ा धार पोख्छु ।

× × ×

आज यो पिड़ित जगतमा,
आँशु धारा छोड़ि दिन्छु ।
घेर दिनको दर्द पिड़ा
क्रान्ति रबमा पोखि-दिन्छु ।

× × ×

विषमताले पिल्सिएको
हृदयमा उपहार हुन्छ,
सिन्धु मानस आँशु मोती
आँशुको माला म उन्छु ।

× × ×

नीयम खोटो चलन बाङ्गो
जिर्ण शिर्ण दुखी जगतमा
आँशुका धारा खन्याई
बज्र छाती धाई दिन्छु ।

× × ×

क्रान्तिका ए लहर आओ,
विषय वेथितिमा खिजाओ
छल कपट अन्याय-द्वारा
पृथ्वीको छाती छिया भो ।

× × ×

हेर शोषण औ गरीबी,
औ महा अज्ञान दन्दन्,
विश्वमा दन्किरहेछ
चाहियो अब पानी पानी!

× × ×

छर्क पानी छर्क पानी,
दग्ध वेथिति यो निभाऊ,
भस्म भैकन पृथ्वी डढ्ला
आँशु ल्याऊ आँशु ल्याऊ!

× × ×

पानी ल्याऊ पानी ल्याऊ
यो विषय आशो निभाऊ
यो जगत्लाई बचाऊ
आँशुको धारा वहाऊ ।

# "प्रगति" किन ?

"प्रगति" एउटा पुरानो स्वप्नको मूर्त रूप हो। हामीले यसको प्रथम अङ्कलाई डेड बर्ष अगावै पाठकहरूको समक्ष उपस्थित गर्ने प्रयत्न गरेका थियौं; तर परिस्थितिको बाध्यताले गर्दा यस साहित्य-संकलन लाई योजना गरेको डेड वर्ष पछि मात्र प्रकाशित गर्न सक्यौं। प्रारम्भमा हामीले "प्रगतिशील-लेखक-संघ" को निर्माण गरेर संघका केही सदस्य-हरुको संपादनमा एउटा मासिक-साहित्य-संकलन—"प्रगति?' र अरु मौलिक तथा अनुवादित साहित्यका रचनाहरू प्रकाशन गर्ने आयोजना गरेका थियौं। तर मूल योजनानुसार हामी अगाडि बढ्न असमर्थ जस्तै भएर "प्रगति" को प्रथम अङ्कलाई पाठकहरूको समक्ष उपस्थित गरी-रहेका छौं।

हाम्रो साहित्य र जीवनको स्थायी तथा सामयीक आवश्यकताहरूले "प्रगति" को प्रकाशन लाई अनिवार्य गराएर आज "प्रगति" नेपाली समाजमा नयाँ चेतना र नयाँ प्रेरणाको संदेश लिएर उपस्थित भइ रहे छ। देशमा भएको राजनैतिक परिबर्तनको पश्चात्, साहित्यको सृजनामा जुन शिथिलता आएको छ, त्यसले हाम्रो साहित्यिक स्तरलाई ह्रास गराइ रहेको हामीलाई अनुभव भै रहेको छ। राष्ट्रोन्नतिको बर्तमान संघर्ष-पूर्ण संक्रान्ति युगमा नेपाली साहित्यले राष्ट्रीय चेतनालाई बिलकुलै जागरूग बनाउन सकेका छैन; उल्टो आज नेपाली साहित्यिक-जगत्मा भइरहेको गतिरोधले हाम्रो राष्ट्रीय स्वाधीनता र राष्ट्रको प्रगति पथमा एउटा बिषम बाधा उत्पन्न गराएको छ। त्यो बिषम बाधाको मूल कारण

हाम्रो साहित्यिक-गतिरोधलाई भङ्ग गर्ने संकल्प गरेर "प्रगति" ले जन्म लिइरहेछ। साहित्य सृजना गर्ने प्रवृत्तिलाई उत्साह र प्रेरणा दिएर साहित्यको माध्यम द्वारा राष्ट्रोन्नति र जन सेवाको पथमा आश्वस्त भावले अगाडि बढ्दै जन-जीवनलाई यथार्थ रूपमा चित्रण गर्ने-साहित्यमा जीवनको वस्तु-सत्य प्रत्यक्ष र सम्पूर्ण रूपले प्रतिविम्बित भएको, र मनुष्यको व्यक्तित्वलाई निर्माण गर्न सक्ने, श्रेष्ठ र कलात्मक साहित्यको सृजना गर्नु "प्रगति" को मूल उद्देश्य हो।

आज प्रत्येक मानव सुख, शान्ति, स्वतन्त्रता र समृद्धिका लागि उत्सुक छ। तर उसको मन, बुद्धि र चेतनामा अनेक बन्धनहरूछन्, जसले मनुष्यलाई अगाडि बढ्नमा बाधा दिइ रहेछ; तथा उसलाई अनेकानेक मानसिक-दासताहरूले जकड्याइ राखेको छ। मनुष्यलाई ती बन्धनहरू र मानसिक दासताहरूबाट मुक्त गर्ने अभिभारा साहित्य-स्रष्टाहरूको हो जसले ज्ञान र चेतनाको दियो सल्काएर मनुष्यलाई अगाढि बढ्न उज्यालो देखाएको हामीले विश्वको इतिहासमा देखेका छौं। "प्रगति" नेपाली साहित्यस्रष्टाहरूको सहयोगमा नेपाली समाजको बन्धनहरू र मानसिक दासताहरू-रूढीवाद, निराशा, भ्रम र संशयलाई पंछाएर सामाजिक चेतना उद्बुद्ध गर्ने प्रेरणाले प्रकाशित भै रहेको छ। फेरि आजसम्म हाम्रो राष्ट्रीयता केवल भुढेबलकै भरमा टिकि रहेको छ। यसले स्व विकासकालागि कुनै बौद्धिक-सांस्कृतिक र साहित्यिक प्रेरणा पाएको छैन, जसले गर्दा आज हामी समस्त नेपाली एक भएर पनि अनेक जस्तै देखिन थालेका छौं। यस अनेकताको भावनालाई बौद्धिक अस्त्रले हटाउने कार्य आज नेपालीहरूको अगाडि एउटा राष्ट्रीय महत्वको कार्य हुन आएको छ। अतः "प्रगति" नेपाली-साहित्य स्रष्टा-हरूसँग यो अनेक ताको भावनालाई हटाएर बलियो, बौद्धिक र अन्तर-मुखी राष्ट्रीयताको निर्माण गर्न सक्ने साहित्यको सृजना गर्ने अनुरोध गर्द छ। ज्ञान र चेतनापूर्ण राष्ट्रीयतामा नै नेपालीको अस्तित्व निर्भर छ।

साहित्य सामाजिक प्राणीको रचना हो, अकासको फूल होइन। सामाजिक जीवनको संघर्ष र पुनर्निर्माणको कार्य "प्रगति" को एउटा प्रमुख अङ्ग हो। अतः साहित्यको निर्माणरूप, संस्कार, र विकाशसँग जति मानवीय उद्योग-धन्दाहरूको सम्बन्ध छ, ती सबैको "प्रगति" ले बराबर प्रतिनिधित्व गर्ने प्रयत्न गर्ने छ। "प्रगति" को प्रथम अङ्कमा हामीले सम्पूर्ण सामग्रीहरू प्रस्तुत पार्न सकेका छैनौं, तथापि विशुद्ध साहित्यिक रचनाहरू बाहेक एकाध अरु बिषयका रचनालाई पनि स्थान दिएका छौं; र द्वितीय अङ्कमा, हामीलाई आशा छ, "प्रगति" को वास्तविक स्वरूप सँग पाठकहरु लाई परिचय गराउन समर्थ हुने छौं।

"प्रगति" नेपाली साहित्यस्रष्टाहरुको सहयोगमूलक आधारमा प्रकाशित भै रहेको छ। यो हाम्रो सब्भन्दा ठूलो शक्ति हो, यही हाम्रो मर्यादा पनि। ती प्रतिष्ठित साहित्यस्रष्टाहरूको रचनालाई त "प्रगति" ले सदैव स्वागत गर्दछ, साथै नेपाली साहित्यका नवोदित रत्नहरुलाई यसले विशेष कदर गर्ने छ, र उनीहरुका रचनाहरुमा कलाको परिमार्जन तथा ओजपूर्ण बनाउने प्रेरणा दिने कोशिश गर्ने छ। तर अचेल प्रगतिशील साहित्यको नाउँमा जीवनलाई यथार्थ रूपमा अभिव्यक्त गर्ने बहानाले रूची-हीन, कला-विहीन तथा भावशून्य प्रकृतवादी रचनाहरूको---जो वास्तवमा प्रतिक्रियावादी हुन्छन्, प्रचार हुन थालेको छ। फेरि धेरै जसो युवा-लेखकहरू किसान मजदूरको विषयमा यस्ता कथा र कविताहरूको सृजना गर्न थालेका छन्, जसमा उनीहरू प्रतिको सच्चा हार्दिक सहानुभूतिको सट्टा वृथा भाव, अतिरंजित अलंकार योजना द्वारा उत्पन्न गरिएको कृत्रिम ओज र व्यर्थको शब्द जाल सिवाय अरू केही हुंदैन। यस्ता रचनाहरूले समाजलाई ज्ञान र चेतनापूर्ण गराउनुको सट्टा उत्तेजनात्मक, क्षणिक निम्नकोटिको आनन्द सिवाय अरु के उपलब्ध हुन्छ र! यस्ता निम्न स्तरका साहित्यिक रचनाहरूलाई समाजमा प्रचार हुन नदिनु "प्रगति" को मूल चेष्टा हुने छ। जुन साहित्यमा

वाच्न सक्ने उद्दाम सामर्थ्य हुन्छ, तिनै साहित्यको "प्रगति" ले कदर गर्ने छ।

"प्रगति" को अर्को मूल उद्देश छ विश्व-साहित्यका गुणहरुलाई नेपाली प्रकाशनमा ल्याउनु। किन कि साहित्य विशाल नभई विकाशको पथ प्रशस्त हुन सक्तैन। हामीले देखि रहेका छौं--संसारका विशाल भाषाहरूको विस्तार पनि यसै गरी भएको छ। यो कुरा त हामीले मान्नै पर्दछ कि मनुष्यको बौद्धिक विकाश शिक्षा र संस्कार द्वारा हुन्छ। त्यही बौद्धिक विकासको लागि सर्बश्रेष्ठ उपाय साहित्य हो र त्यसैको सर्वसम्पन्न गुणद्वारानै सृजनात्मक प्रतिभाको उदय हुन्छ। धनी तथा विकसित साहित्य गराउनको लागि हामीले विश्व-साहित्यलाई न ओसारी भएको छैन। फेरि संसारका साहित्यको नमुना हेरे पछिन् साहित्य स्रष्टाले पनि नव निर्माण गर्ने प्रेरणा पाउँछ। जति प्रशस्त साधन हुन्छ उत्ति बढी निर्माण हुन सक्ने कुरा स्वयं सिद्ध छ।

"प्रगति" को निंति अर्को एक कुरा बताउनु आवश्यक छ--त्यो हो यसको प्रकाशन चाँडो हुन सकेन ! यसको मूल कारण त यहाँको प्रेश-रोग नै हो। यही प्रेस रोगले गर्दा बौद्धिक क्षेत्रमा ठूलो क्षति भइरहेछ। चाहेर पनि कार्य हुन नसक्नु ज्यादै असह्य संकट हुंछ। यही कारणले गर्दा "प्रगति" ले फस्टाउन पाएको छैन। त्यसमाथि एता घिसार्ने उता-तान्ने गुट बन्दी मनोवृत्तिले गर्दा पनि "प्रगति" ले बाङ्ग भएर अड्नु परेको हो। यी सबै झंझटलाई पन्छाई अब "प्रगति" स्वयंमा निर्भर भएर निक्लि रहेछ। अन्त्यमा हामी हाम्रा राष्ट्रनायक श्री ५ महाराज-धिराजको साहित्यप्रतिको अनुराङ्गालाई प्रशंसा गर्द छौं; मौसुफकै महान सहयोग र सद्भावनामा आश्रित भएर "प्रगति" निक्लि रहेछ। अस्तु।

# प्रजातंत्रोत्तर नेपाली सहित्यमा शिथिलता

श्रीईश्वर बराल

अघिको साहित्य पुरानो, रूढिबद्ध र 'बुर्जुवा' हो भनी जनतांत्रिक साहित्यको 'नवीन' रूपको निर्माण गर्नुपर्छ भन्ने अहंमानी साहित्यकारमाथि केही हाँसो उठ्नु स्वाभाविक नै हो। यदि साहित्य साहित्यको कसीमा अकबरी हुन आउँछ भने त्यसले कुनै किसिमको पारम्पर्यमा धूमिल हुने खण्ड नै हुँदैन। शुद्ध साहित्य त सर्वदा आद्य ( onginal ), सनातन ( classic ) र नवतन ( modern ) हुन्छ। साहित्यमा नवीनता जो भनिन्छ त्यो केवल साम्प्रतिक प्रसङ्गमा शैलीजनित रूपकौशल र वाणीभंगीले हो, त्यसको रसनिष्कर्षको मानदण्ड त अघि पनि थियो, अहिले पनि छ र साहित्यनामधारी हुन्जेल रहने नै छ। वस्तुतः कुरा के हो भने चित्रणको चमत्कारिता, अभिव्यञ्जनाको तीक्ष्णता, भावावेगको स्वतःस्फूर्तता, कौशलको कलाकारिता, इत्यादि साहित्यिक वैशिष्ट्य र वैलक्षण्य नभई साहित्यपद कुनै गाद्यिक वा पाद्यिक कृतिले पाउन नै सक्दैन। यस प्रकार चित्तचमत्कारी, रसोल्लासप्लावित, रूपरसात्मक तत्वको सौषम्य आएन भने त्यो मात्र भरौटे ( hackneyed ) र कुरौटे ( propagendish ) हुन जान्छ। हामीहरूले चमत्कारपूर्ण वाणीभंगीका विज्ञापन देखेर यो काव्य हो भन्नु जसरी हास्यास्पद हुन जान्छ सोही किसिमले अचेलका पत्रपत्रिकामा राशीकृत रचनासमुदय लाई 'साहित्य' भन्नु साहित्यप्रति खिसी गरिटोपल्नु मात्र हुन्छ। नेपाली साहित्यमा यस प्रकार अचेल अ-भावात्मक साहित्यको खड्रे आइरहेछ। त्यसो हुनाले गरीयान् साहित्य खोज्ने श्रद्धालु र भावालु पाठकलाई साहित्य र साहित्यको नाउँमा भर्ती गरिने वस्तुमा वैषम्य देखाउने ठूलो प्रयोजन अनुभूत भइरहेछ। शुद्ध साहित्यको जुन राहित्य एवं वैरल्य छ र साहित्यनिर्माणको नाउँमा जुन किसिमको अचावली अनाचार औ स्वेच्छाचार बढ़िरहेछ त्यसको निराकरण र निवारण गर्नु प्रत्येक साहित्यप्रेमीको ऐकान्तिक कर्त्तव्य भइरहेछ।

प्रचारवाद साहित्य होइन। साहित्य पक्षीय हुँदैन। यो त सारा मानव-जातिलाई एउटा गुँड़मा मेला गर्ने हुन्छ। यो कालजयी हो। यो शुभान्तिक हो।

त्यसो हुनाले यो अनुधावनयोग्य, सश्रद्ध, जीवनदर्शक हुन जान्छ। जीवनलाई वर्तुल बनाई भिन्न-भिन्न दृष्टिकोणले अध्ययन गरी भिन्न-भिन्न मनोभावको सूक्ष्मताले मानवहृदयलाई स्पर्शन खोज्नु नै साहित्यको भावप्रवणता ( spirit ) हो। त्यसो हुनाले एउटा देशको साहित्य अर्को देशको निमित्त पनि साहित्य हुन्छ। यस प्रकारको नैर्व्यक्तिकता र नैर्लिप्तता साहित्यको छ। तर अचेलका उद्दण्ड र उच्छृंखल भएका प्रजातंत्रवादीलाई भने शुद्ध साहित्यको विरोधमा वितण्डा खड़ा गरी साहित्यको नाउँमा हिलो फ्याँक्नु नै बहादुरी प्रतीत हुन्छ। फलतः साहित्यिक अर्चनाको सट्टा अचेल साहित्यिक अराजकता फैलिरहेछ। साहित्यलाई हामी यस प्रकारका फोहोर र रछ्यानदेखि दूरस्थ नै राख्न चाहन्छौं।

साहित्य साहित्य हो भने त्यो सर्वदा प्रगतिशील नै हुन्छ। शुद्ध साहित्यिक आफ्नू कौशलानुरूप रससृष्टि गर्छ, जुन रससृष्टिमा पाठक रसनिमज्जित हुन्छ—वेदनामर्मीले निर्माण गरेको अश्रुविधौत एवं हास्यकारको हास्यारुणदीप्त कृतिमा प्रतिमाप्रतिबिम्बनको दृष्टिकोणले पार्थक्य भए तापनि रसपरिपाकमा एक किसिमको सौसादृश्य रहन्छ। त्यसो हुनाले भिन्न भिन्न रसावयवीय साहित्य हुन् तापनि रसात्मकता र रमणीयार्थकता रहन्छ रहन्छ। साहित्य न त मतवादपोषी हुन्छ न राजनीतिपरक र वर्गिक। सृष्टिका वस्तुको समान रसभोग सबैले गरेझैं यसको रसग्रहण सबैले गर्ने अधिकार पूरा छ।

नेपाली साहित्यमा रिक्तता—हाम्रो साहित्य निर्माण भएको नै कति भयो र? यति अल्पकालमा र अघिको वर्वर अनीतिमूलक शासनतंत्रमा ठिंगुरिएर यसले जे-जति उन्नति गर्न सक्यो त्यो देख्दा प्रयासी लेखकसमुदय सप्रशंस र सश्रद्ध छ। नेपालबाहिर र नेपालभित्र यसको प्रगति दाँजेर हेर्दा यो कुरा झलमल्ल होला। नेपालबाहिर प्राथमिक नागरिक स्वातन्त्र्य त थियो नै। तापनि नेपालीहरूको आवासस्थान दार्जिलिङ्, आसाम, देहरादून, धर्मशाला, वर्मामा यसको स्वस्थ प्रगति भएन। दार्जिलिङ्को नेपाली साहित्य सम्मेलनको प्रयास स्तुत्य छ। तर त्यहाँ शुद्ध साहित्यनिर्माणको वातावरण निर्मित हुन सकेन। यस्तै किसिमले काशीमा भएका प्रकाशनसंस्थाहरू पनि अर्थकर—कर्मकाण्ड, आकाश-

प्रधान किस्सा-कहानी इत्यादि खालका प्रकाशनपट्टि नै केन्द्रित भए। नेपालभित्र जे-जति प्रकाशित हुन सक्यो त्यो नितान्त असर्वांगीण भए तापनि साहित्यको मर्यादाले उल्लेखयोग्य भएको छ। तर स्वल्पसन्तुष्ट हुने कुरो अबको युग-सन्धिकाल र सांस्कृतिक उत्थान र निर्माणको बखत छैन। हामीहरूले अब वातावरणको सिर्जना गरी स्वस्थ साहित्यको निर्माण गर्नु छ र फलतः स्वस्थ विचारधाराको बाटो बनाउनु छ।

हाम्रो रिक्तता त भन्दै निकै भिभने भइरहेछ। नेपाल-उपत्यकाको ऐतिह्य नाटकमा भएकोले हाम्रो साहित्यले सर्वप्रथम प्राथमिकता नाटकलाई दियो। तर जम्मैजसो अभिनीत नाटकहरूमा भने प्रथम प्रयोक्ता बालकृष्णसमबाहेक उही गाइजात्रेपनामात्र देखिन्छ। बनारसको 'सुन्दरी' ( प्रकाशित १९६३ वि० ) प्रकाशित भइरहन सकेको भए शास्त्रीय पद्धतिसमीचीन साहित्यको राम्रो परि-स्फुटन हुने थियो। 'माधवी' ( प्रकाशित १९६५ वि० ) पनि धेरै बाँचि रहेको भए हाम्रो निकै प्रगति अवश्य हुने थियो। तर यी पत्रिका अर्थसामर्थ्यहीन भएर अकालकालकवलित भए। यिनीहरूका लेखक विशिष्ट विद्वान् भएकाले अनेकविध प्रगति नभएको भए तापनि रीतिसाहित्य अवश्य परिपुष्ट हुने थियो, आख्यान-साहित्यको श्रीवृद्धि हुने थियो र गद्य र पद्यको चमत्कार देखिने थियो भन्ने परिकल्पना गर्न सकिन्छ। 'शारदा' ( प्रका- शित १९९१ वि० ) प्रकाशित हुन थालेदेखि केही नवतन साहित्यको प्रणयन हुन थाल्यो। आधुनिक छोटकरी कथा, प्रगीत काव्य, निबन्ध र साहित्यको चर्चा यसमा प्रकाशित हुन थालेपछि लेखकहरू जाङरिन थाले। तर सुयोग र अनुकूल वातावरणको अझै प्रतीक्षा थियो। राणातंत्रमा वाणीसाधना पनि अभीष्ट थिएन। आर्थिक विवशतामा अझ बढ़ता दुर्नीतिमूलक अंकुश भएकोले लेखकहरू लेख्नमा स्वच्छन्द हुन सकेनन्। स्वतंत्र देशका भए तापनि लेखकहरू परच्छन्द भए। कति लेखक अवमानित भए, कतिले अनुभूत भई-भईकन पनि आफ्नू प्रेरणालाई अवसित गर्नुपर्‍यो र नलेखी बस्न नसक्ने लेखकहरू प्रतीकाधिक्यको आड़मा अगाड़ि सरे। एक किसिमको जडिमाले नेपाली समाज आच्छन्न थियो। संशयालु सरकारको

अगाड़ि भावालु साहित्यकारले निहुरिनपऱ्यो, क्रान्तिकर संघर्ष गर्ने दृढचित्तता साहित्यकारमा थिएन। नेपाली साहित्यमा 'शारदा'-प्रकाशनोत्तरकाल झन्झन् सीमाबद्धता, नियतिदासिता र द्विधाग्रस्तताको हुँदै थियो।

यस्तो कुटिल शासनतंत्रमा फलतः साहित्य बहुशाखायित र पत्रितहुन सकेन। साहित्यकारको-तपसील धेरै लामो हुन सकेन। उपन्यास शायद औंलाको अंशलाई पनि पुग्दैन। कविताको अलि अलि सूक्ष्म अभिव्यञ्जनाको चमत्कारलाई सर्पिल गतिभंगीको तथाकथित प्रगतिशील कविताले मार्न आँटेको छ। राष्ट्रिय नाट्यशालाको अभावले नाटक ठहऱ्यै परिरहेछ। कथामा कहिलेकाहीं मार्मिकता भने देखिन्छ तर त्यति एकदम अपर्याप्त छ। एउटा विचित्र कुरो अझै के छ भने साहित्यमा रिक्तता देखाऔं केही लेखक अग्निशर्मा भई रौंकिएर आउँछन्, बनारसतिर प्रकाशक भए तापनि तिनका निमित्त प्रकाशक छैनन्। उता प्रकाशक श्रद्धालु र मूल्यदायी पाठकको अभावको गुनाँसो गर्छन् यद्यपि केही पाठक विश्वसाहित्य नेपाली साहित्यमा उम्रोस् भन्ने धोको लिनेछन् र तिनका आलमारीमा विदेशी भाषाका स्तूपीकृत पुस्तक छन्। यसको अभिप्राय यो हुन्छ, हाम्रो साहित्यमा धेरै रिक्तता छ, प्रकाशनको राम्रो व्यवस्था छैन, लेखक छन् तर तिनी साहित्योपजीवी हुन सक्तैनन् र यस्तो प्रतीत हुन्छ ती जीविका-मार्गरोध हुँदामात्र लेख्छन् ( दाल-भातको समस्या आद्य जो छ ), शिक्षाको दारुण अभावले पाठ्यजगत् सृष्ट हुन सकेको छैन र केही लेखक केही पाठकका निमित्त मात्र छन्, हाम्रो साहित्य वर्गिक भएको कारण नै यै हो। यसको मूल उही राणातंत्रमा छ।

तर अब अघिको निरर्थ प्रशासनतंत्रको परिशेष भइसकेको छ। अब हामीले जीवनमुखी सर्वांगीण कल्याणभिमुखी साहित्यको निर्माण गर्नुपर्छ। 'प्रगति' यसको निमित्त प्राभातिक मंगल गायन होस् भन्ने हाम्रो मनःपूत कामना छ। हामी केही परिपुष्ट, रसगर्भ, सर्वगुणान्वित, कमनीय, रूपोल्लासयुक्त साहित्य-निर्माणको जग बसाल्न चाहन्छौं। यो हाम्रो आत्मश्लाघा होइन।

नरेन्द्र यंत्रालय काशी